वर्ष : १६, अंक : २०, काठमाडौं, २०७७ भाद्र १२ गते शुक्रबार, 28 August 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## जसपाको समायोजन निर्देशिका तयार

काठमाडौं । राजपा र संघीय समाजवादी पार्टीबीच एकता भएर बनेको जनता समाजवादी पार्टी (जसपा )ले समायोजन निर्देशिका तयार गरेको छ। पार्टीको सचिवालयले तयार पारेको निर्देशिका जिल्लमाा समेत पठाइएको छ ।

'पूर्व राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टीबीच एकीकरण भइ गठन भएको दुवै पार्टी संगठन, समितिहरु, जनवर्गीय, भ्रातृलगायत संगठन समायोजन गर्न समायोजनसम्बन्धी निर्देशिका २०७७ पारित गरेको छ', अध्यक्ष महन्थ ठाकुर र उपेन्द्र यादवले संयुक्त हस्ताक्षर गर्दै परिपत्र पठाएका छन् ।

समायोजन निर्देशिका टुंगो लगाएर जिल्ला पठाएपछि पार्टीका संगठन समायोजन अब अघि बढ्ने छ । जसपाको ५१ सदस्यीय कार्यकारिणी समिति छ । तर, केन्द्रीय समिति गठन,

***बाँकी अन्तिम पृष्ठमा***

## 'आठै जिल्लामा पीसीआर मेसिन जडान हुन्छ'

सर्लाही । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले कोरोना महामारीको यस संकटको घडीमा जनताको ज्यानको रक्षा नै प्रदेश सरकारको पहिलो प्राथमिकता रहेको बताएका छन् ।

कोरोना महामारीको वर्तमान अवस्था, प्रदेश सरकारले चालेका कदमहरु र अगामी दिनमा प्रदेश सरकारलाई चाल्नु पर्ने कदमबारे सरोकारवालाहरुसँग सुझाव लिन सर्लाहीको हरिवानमा आयोजित कार्यक्रममा मुख्यमन्त्री राउतले जनताको ज्यानको रक्षा बाहेक अन्य कुरा सोच्ने बेला अहिले नरहेको उल्लेख गरे ।

उनले कोरोना महामारी नियन्त्रणका

***बाँकी अन्तिम पृष्ठमा***

# महामारीमा सत्ता परिवर्तनको खेल

# प्रदेश २ का मुख्यमन्त्री फेरिँदै !

काठमाडौं । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत फेरिने भएका छन् । राजपा नेपाल र समाजवादी पार्टीबीच एकता भएर गठन भएको जनता समाजवादी पार्टी, नेपालले प्रदेश २ मा संसदीय दलको नेता चयन गर्ने प्रक्रिया अघि बढाइएको छ। अहिले तत्कालीन राजपा नेपालका तर्फबाट लालबाबुर राउत संसदीय दलका नेता छन् भने राजपा नेपालका तर्फबाट जितेन्द्र सोनल संसदीय दलका नेता हुन् ।

जसपा नेपालका प्रदेश २ का सांसद मनिष कुमार सुमनले दिएको जानकारीअनुसार प्रदेश २ मा पार्टीले संसदीय दलको नयाँ नेता चउन गर्न लागेको हो । अहिलेका मुख्यमन्त्री राउत संसदीय दलको नेता नबन्ने निश्चित् रहेको बुझिएको छ ।

राउत तत्कालीन समाजवादी पार्टी, नेपालका सांसद हुन् र सोनल भने तत्कालीन राजपा नेपालका सांसद हुन् । प्रदेश २ मा यसअघि पनि गठबन्धनको सरकार ढल्ने चर्चा चलेको थियो । तर, अहिले दुई पार्टीबीच एकता भएको छ । अब एउटै दलको सरकार बन्ने भएको हो ।

**कानुन के भन्छ?**

राजनीतिक दलसम्बन्धी ऐन २०७३ को परिच्छेद ५ अनुसार पार्टीको निर्देशनमा निर्वाचित सांसदहरुले एकजना नेता चयन गर्नुपर्ने हुन्छ । नेता चयन गर्नुअघि संसदीय दलको विधान र नियमावली बनाउनुपर्ने हुन्छ । सोही विधानका आधारमा दलको नेता चयन गरिएपछि नेताले प्रदेशसभालाई आफू नेता भएको र दलको उपनेता तथा प्रमुख सचेतक भएको र आफूसँग यति संख्यामा सांसद रहेको विवरण उल्लेख गरी प्रदेशसभालाई पत्र लेख्नुपर्ने हुन्छ ।

'सम्बन्धित दलको निर्देशनबमोजिम प्रदेशसभाको संसदीय दलका सदस्यले आफू मध्येबाट एकजना संसदीय दलको नेता निर्वाचित गर्नेछ । दलको निर्वाचन तथा त्यससम्बन्धी अन्य कुरा सम्बन्धित दलको विधानमा उल्लेख भएबमोजिम हुनेछ' राजनीतिक दलसम्बन्धी ऐन २०७३ को परिच्छेद ५ को दफा २५ मा उल्लेख छ ।

त्यस्तै सोही परिच्छेदको दफा २६ मा लेखिएको छ, 'संसदीय दलमा त्यस्तो नेताको अतिरिक्त आवश्यकताअनुसार उपनेता, सचेतक वा सदस्य(सचिव रहनेछन् । उपनेता, सचेतक वा सदस्य( सचिव संसदीय नेताले दलका सदस्य मध्येबाटै मनोनयन गर्नेछ र दलका पदाधिकारीको विवरण प्रदेशसभा सचिवालयमा उपलब्ध गराउनु पर्नेछ ।'




पार्टी एकीकरण भइसकेपछि दलको नेता र प्रमुख सचेतक चयन गर्नेलगायत प्रक्रिया पूरा गर्न निर्वाचन आयोगले दललाई पत्र लेख्ने चलन छ । उक्त पत्र जनता समाजवादी पार्टीसमक्ष पुगिसकेको छ । तर, आयोगले लेखेको उक्त पत्रमा र ऐनमा दलको नेता चयन गरिहाल्नुपर्ने निश्चित म्याद भने उल्लेख छैन । आयोगले पत्र पठाएको कति दिनभित्र यो प्रक्रिया पूरा गरिहाल्नुपर्ने हो भन्ने बाध्यात्मक अवस्था नभए पनि दलका नेता र प्रमुख सचेतकलगायतले प्राप्त गरिरहेको दोहोरो सुविधा रोक्नकै लागि भए पनि सकेसम्म छिटो यो प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ ।

प्रदेश २ एकमात्र प्रदेश हो जहाँ नेकपा इतर सरकार छ। यस प्रदेशमा संयुक्त गठबन्धन बनाएर चुनाव लडेका तत्कालीन समाजवादी पार्टी र राजपाको सरकार छ । अहिले दुवै दल एकीकरण भइसकेपछि एकल सरकार भएको छ । तर, पछिल्लो करिब साढे दुई वर्षसम्म सरकार सञ्चालनको क्रममा जनताको मनोभावना र दलभित्रको असन्तुष्टिलाई समेत सम्बोधन गर्न नसकेको भन्दै वर्तमान सरकारको विकल्पमा आवाज बुलन्द भइरहेको छ । यसै अवस्थामा आगामी सरकारको मुख्यमन्त्री बनाउने सांसदलाई दलका नेता चयन गर्ने सवालमा पार्टीभित्र बहस केन्द्रित हुन पुगेको छ ।

*मधेशवाणी*सँगको कुरामानीमा नेता सुमन भन्छन,' संसदीय दलकै नेता मुख्यमन्त्री बन्ने संवैधानिक प्रावधान रहेकोले नयाँ नेता चयन भएपछि निश्चितरुपमा नयाँ अनुहार आउँछन् । दल एकीकृत भइसकेपछि एउटा नेता छिट्टै चयन हुन्छ । त्यसैले प्रदेश २ मा अब नयाँ टीम आउँछ ।'

पार्टीभित्र तीनवटा मोडालिटीमा छलफल चलिरहेको एक सांसदले जानकारी दिए । उनका अनुसार पहिलो मोडालिटी भनेको मुख्यमन्त्रीलाई यथावत् राख्ने र सबै मन्त्रीलाई हटाएर नयाँ अनुहार ल्याउने । अर्को, मुख्यमन्त्री लालबाबु राउत र मन्त्रीहरु विजयकुमार यादव तथा जितेन्द्र सोनललाई यथावत् राखेर बाँकी अनुहार

***बाँकी अन्तिम पृष्ठमा***

## प्रदेश सरकारको गैरजिम्मेवारीपनको पराकाष्ठा : सांसद यादव

जनकपुरधाम । प्रदेश २ को सत्तारुढ दल जनता समाजवादी पार्टी नेपालका प्रदेशसभा सदस्य तथा युवा नेता विदेश्वर यादव (बिक्की)ले प्रदेश सरकारको कडा आलोचना गरेका छन् । आफ्नै पार्टीको सरकार भएपनि त्यसको विरुद्ध आन्दोलन गर्न बाध्यात्मक अवस्थाको सिर्जना हुन थालेको उनले बताएका छन् ।

कोरोना महामारी रोकथाम तथा नियन्त्रण कार्यमा प्रदेश सरकारको तयारी हेर्दा लज्जित र आक्रोशित बनाएको बताउँछन् । 'बिना प्लानिङ हचुवाको भरमा गरिएको निर्णयको कारण न त स्थानीय निकायसँग प्रभावकारी समन्वय हुन सक्यो न त क्वारेन्टाइन, आइसोलेसनका व्यवस्थापन हुन सक्यो ।' उनले मधेशवाणीलाई भने ।

अस्पतालहरुको अवस्था अव्यवस्थित र अति नै दयनीय रहेको उनको गुनासो छ। उनी भन्छन्, 'राजविराज अस्पतालमा महिनौंदेखि राखिएको भेन्टिलेटर जडान हुन सकेको छैन । उपचार नपाएर जनता छट्पटाइरहेको, दैनिक रुपमा ज्यान गुमाउनु परेको अबस्था छ, यो त गैरजिम्मेवारीपनको प्रकाष्ठा हो ।' स्वास्थ सेवा पाउनु जनताको नैसर्गिक अधिकार हो भने जनताको ज्यानको सुरक्षा दिनु प्रदेश सरकारको जिम्मेवारी र कर्तव्य हो ।

'प्रदेश सरकार र मधेशी जनताले केन्द्र सरकार ( ओलि सरकार) बाट सहयोगको आशा गर्नु मुर्खता मात्रै हुनेछ, किनभने केन्द्र सरकारका निर्णयहरु सधैं मधेश र मधेशी जनताको विरुद्धमा रहने गरेको छ ।' उनले संघीय सरकारलाई गाली गरेर आफ्नो दायित्वबाट प्रदेश सरकार पन्छिरहेको आरोप लगाउँछन् ।

'त्यसैले प्रदेश सरकारले आफ्नो बलबुतामा मधेशी जनताको ज्यूज्यानलाई पहिलो प्राथमिकता राखि विकासे कार्यक्रम तत्काल स्थगित गरि कोरोना महामारीबाट प्रदेशका जनतालाई जोगाउन अस्पतालहरुमा भेन्टिलेटर, पीसीआर मेसिन, आइसोलेसन, कोराइनटाइनको व्यवस्थापनका साथै स्थानीय निकायसँग प्रभाजकारी समन्वय गरी

***बाँकी अन्तिम पृष्ठमा***




समय-सन्दर्भ

कौशल गोपालवंशी



## निधिलाई सभापति बनाउनु उत्तम विकल्प

नेपाली कांग्रेस पार्टी नेपालको सबैभन्दा पुरानो पार्टी हो । यो पार्टीले पटक पटक देश र जनताको चाहना अनुसारको आन्दोलनको नेतृत्व पनि गरे र सफल पनि भए ।

काङ्ग्रेसको स्थापना काल देखि यो पार्टीलाई सफल बनाउन मधेशको ठूलो योगदान रहेको छ । तर आज सम्म कांग्रेस पार्टीको पार्टी सभापति मधेशी भएको छैन । जब कि सधै मधेशले कुशल राजनितिज्ञ यो पार्टीलाई दिएको छ । तर कसैले राम्रो संमान पाएन । मधेश बिना साश लिन नसक्ने यो पार्टीले सधै मधेशी जनताको मत लिए गैर मधेशीलाई बढाबा दिने काम गरिरह्यो।यद्यपि बि.पि., गिरिजा जस्ता महान राजनेताहरुले मधेसको भावना चाहिँ बुझ्ने प्रयास गर्थियो । तर अहिलेको काङ्ग्रेस नेतामा भावनात्मक रुपमा मधेश छैन ।

बर्तमान सभापतिको कार्यकाल सकिनै लाग्दा, नया सभापतिको लागि आ(आफ्नो दावी नेताहरु गर्न थालेका छ्न । यसै दावी गर्ने हरुमा एउटा नयाँ "बिमलेन्द्र निधि" को नामले एउटा नया मोड लिएको छ । "मधेशीको योगदान र उनको कांग्रेस प्रतिको



त्यागलाई हेर्दा निधिले सभापतिको लागि दावी गर्नु स्वाभाविक हो" भनेर पूर्वराष्ट्रपति डा रामवरण यादवले नै भन्नुभएको छ। यसरी निधिको नाम आगाडी आउँदा मधेशवासी भन्ने उत्साहित भएको देखिन्छन् ।

देउवा नेतृत्वको कार्यकालमा पार्टीले मधेशबाट खासै मत पाएको देखिदैन । अरुले जति फुर्ती लगाए पनि मधेश बिनाको कांग्रेसको औचित्य छैन । आब आउने चुनावमा मधेशमा आफ्नो पकड बलियो बनाउनको लागि कांग्रेसले गृहकार्य शुरु गरिसकेको छ । तर गृहकार्य जति गरेपनि पटकपटक धोका पाएको मधेशले भन्ने विश्वास चाहिँ गर्दैन भन्ने कुरा चाहिँ सबैलाई थाहा भएको हो । अब फेरि मधेशी जनताको विश्वास जित्नको लागि निधिलाई सभापति बनाउनु एउटा उतम विकल्प मध्ये एक हो ।

निधिलाई सभापति बनाएर मधेशको सेन्टिमेन्ट जित्न खासै गाह्रो चाहिँ छैन । यदि निधिलाई सभापति बनाइयो भन्ने पहिला जस्तै मधेशमा आफ्नो पकड बनाउन सकिन्छ । फेरि निधी सभापति भएपछि नेपालको पहाडी जनताको सेन्टिमेन्ट जिन्त गाह्रो हुन्छ। मधेशलाई सदैव भारतीयको नजरले हेर्ने पहाडको जनताले बिमलेन्द्र निधि नेतृत्वको कांग्रेसलाई अपनाउन सकिन्छ भन्ने भन्न गाह्रो छ । निधिले नेतृत्व पायो भन्ने पहाडको मतदाता भडकिने सक्ने सम्भावना निकै प्रवल देखिन्छ । फेरि निधिले नेतृत्व पाएन भन्ने मधेशको मतदाता भड्किन्छ । यसरी सभापति छनौट प्रक्रियामा मधेशी र पहाडीको आधारमा दोधारमा परेको छ नेपाली कांग्रेस ।

निधिले सभापति पाए पनि नपाए पनि मधेशी प्रतिको विभेद जारी रहन्छन् ।

## सम्पादकीय

# कोरोनाको सन्त्रास

बिहीबार साँझसम्म प्रदेश २ मा २ सय ४६ जनामा कोरोना संक्रमण पुष्टि भएर संक्रमितको संख्या ९ हजार ४ सय २७ पुगेको छ। प्रदेश २ मा दिनदिनै संक्रमितको संख्या बढ्दै गइरहँदा यसले भयावह अवस्थाको चित्रण गरेको छ। यसै कारण प्रदेशका सबै ८ वटै जिल्ला 'लकडाउन' गरिएको छ। केही समय अगाडि नियन्त्रणमा आएको भए पनि कोरोना भाइरसको संक्रमण अहिले फेरि अनियन्त्रित भइसकेको छ। दिन प्रतिदिन संक्रमितको संख्या बढिरहेको छ। संक्रमित थपिँदै जाँदा ज्यान गुमाउनेको संख्या पनि थपिँदै गएको छ।

यहाँ फैलिरहेको संक्रमणलाई बेलैमा रोक्न नसक्ने हो भने यसले अझ धेरै भयावह स्थिति निम्त्याउन सक्ने विज्ञहरुले चेतावनी दिएका छन्। पछिल्लो समय यसको प्रभाव काठमाडौंमा समेत परेको छ। लामो समयसम्म भएको लकडाउन खुल्नु र खुल्ला सिमानाका कारण घट्दै गएको संक्रमण ह्वात्तै बढेको हो।

प्रदेशमा संक्रमण बढ्दै जानुको कारण संक्रमित भएका व्यक्तिको कन्ट्याक्ट ट्रेसिङ राम्रोसँग हुन नसकेको हो। खासमा कन्ट्याक्ट ट्रेसिङ प्रभावकारी रुपमा अगाडि बढेकै छैन। हुन त यो प्रदेश २ मा मात्र नभएर सबै ठाउँमा उस्तै छ। तर प्रदेश २ मा अझ बढी कमजोर अवस्था छ।

कोरोना भाइरसको संक्रमण फैलिनुमा मानिसहरु एक अर्कामा कति भेटघाट गरिरहेका छन् भन्ने कुरा पनि महत्वपूर्ण छ। काठमाडौं र

**संक्रमित घर टोलमा डुलिरहेका छन्। नगर प्रमुख र स्थानीय प्रशासन आ-आ□नै तालमा हिड्न खोजिरहेका छन्। आपसमा समन्वयको अभाव छ। संक्रमितको कन्ट्याक्ट ट्रेसिङ राम्रोसँग हुन सकिरहेको छैन। जनशक्तिको अभावमा विगतमा पनि यसमा कमजोरी भएकै हो।**

प्रदेश २ जनघनत्व धेरै भएको प्रदेश भएका कारण धेरै मानिसहरु एकअर्काको सम्पर्क आउने भएका कारण पनि संक्रमणले तीव्र रुप लिएको हो।

सबै जिल्ला भारतीय सीमासँग जोडिनु, ३ प्रतिशत भू-भागमा रहेको प्रदेशमा २० प्रतिशत जनसंख्या रहनु, वैदेशिक रोजगारीमा यही प्रदेशका बढी रहनु र सबैभन्दा गरिबी रहेका कारण यो प्रदेश कोरोनाको बढी जोखिममा रहेका छन्।

यी कारणले गर्दा यहाँ संक्रमण बढी फैलिएको छ। पहिलो चरणमै नियन्त्रण गर्नका लागि लकडाउन गरिए पनि त्यसबेला नियन्त्रण हुन सकेको थिएन। पछिल्लो केही दिनयता वीरगञ्जमा पुनः कोरोना संक्रमण व्यापक फैलिएको संकेत देखिएको छ। विगतमा संक्रमितहरुमा लक्षण खासै नदिए पनि अहिले भने लक्षणसमेत देखिन थालेको छ।

समुदाय स्तरमा कोरोना फैलिएको ठहर गर्दै पटक-पटक सरोकारवालाको ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नभएको गुनासो यहाँका चिकित्सकहरुको छ। दुर्भाग्य नै मान्नुपर्छ, साउन १ गतेपछि मात्रै पनि जुन तयारी हुनुपर्ने हो, त्यो हुन सकिरहेको छैन। न केन्द्र सरकार, न प्रदेश, न स्थानीय सरकार वा स्थानीय प्रशासन जिम्मेवार भएर प्रस्तुत भइरहेको छ। संक्रमित घर टोलमा डुलिरहेका छन्। नगर प्रमुख र स्थानीय प्रशासन आ-आफ्नै तालमा हिँड्न खोजिरहेका छन्। आपसमा समन्वयको अभाव छ। संक्रमितको कन्ट्याक्ट ट्रेसिङ राम्रोसँग हुन सकिरहेको छैन। जनशक्तिको अभावमा विगतमा पनि यसमा कमजोरी भएकै हो। नागरिक समाजको काँधमा जिम्मेवारी थपिएको छ। सरोकारवाला सबै निकायबीच आपसी सहकार्य गर्नुको विकल्प छैन।

# प्रदेश २ मा केन्द्रले पठायो २२ जना विशेषज्ञ चिकित्सक

काठमाडौं। कोरोना संक्रमणको हटस्पट बनेको प्रदेश २ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २२ जना विशेषज्ञ चिकित्सकलाई पठाएको छ।

स्वास्थ्य मन्त्रालयले नारायणी अस्पताल वीरगन्जमा काम गर्ने गरी ९ जना चिकित्सक पुगिसकेको जनाएको छ।

त्यसैगरी १३ जना चिकित्सक धनुषाको जनकपुर प्रादेशिक अस्पताल र रौतहटको गौर अस्पतालमा पुगेका छन्। उनीहरुमध्ये ६ जना चिकित्सक गौर अस्पताल र ६ जना जनकपुर प्रादेशिक अस्पतालमा काम गर्नेछन्। एक जनाको भने यी दुईमध्ये कुन अस्पतालमा जाने भन्ने टुंगो लागिसकेको छैन।

सरकारी छात्रवृत्तिमा त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत विशेषज्ञ पढेका चिकित्सकहरुलाई प्रदेश २ मा पठाइएको हो। उनीहरुले त्यहाँ गएर कोरोना संक्रमितको उपचार र महामारी नियन्त्रणमा खटिएका छन्।

# प्रदेश २ को समृद्धि सपना

**डा. रामचन्द्र लामिछाने**

**प्रदेश २ स्रोत र साधनका दृष्टिकोण प्रचुर सम्भावना भएको प्रदेश हो। २१ औ शताब्दीको विकासको मुख्य आधार जनशक्ति हो। यदि यस प्रदेशमा भएका जनताको सीप र क्षमता अभिवृद्धि गरी दक्ष बनाउने हो भने आगामी केही वर्षभित्र यो प्रदेशको दुनियाँको उत्कृष्ट मानव बस्तीमा रूपान्तरण हुन्छ। यस प्रदेशका अधिकांश समस्याहरू सुशानसँग सम्बन्धित छन् भने सुशासन आउने आमूल सकारात्मक परिणामले प्रदेशका जनताहरूलाई स्वयमको पहलमा सकारात्मक रूपान्तरणको नेतृत्व गर्न अभिप्रेरित गर्दछ।**

संघीय गणतन्त्र नेपालको संविधान २०७२ ले नेपाललाई एकात्मक राज्यप्रणालीबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्रको रूपमा संस्थागत रूपान्तरण गरेको छ। नयाँ संरचनाअनुसार नेपाललाई संघ, ७ प्रदेश र ७५३ स्थानीय तहमा पुनर्संरचित गरिएको छ। शासन सत्ता सञ्चालनमा स्थानीय जनताको प्रत्यक्ष सहभागिता र पहुँच पुगोस् तथा लोकतान्त्रिक मूल्य र मान्यताअनुसार स्वशासित हुने अवसरको सुनिश्चितता होस् भन्ने अभिप्रायका साथ नेपालमा संघीय शासन प्रणाली स्थापना गरिएको हो। सामन्तवादी शासन व्यवस्था र सामाजिक प्रचलनका कारण जातीय छुवाछुत, लैगिंक विभेद, बोक्सी, दाइजो, वालविवाहजस्ता सामाजिक कुरीतिहरूले नेपाली समाजलाई पछौटेपन र अविकसित अवस्थामा राखेको छ।

अल्पकालीन सोच र तुरुन्तै फाइदा लिने प्रवृत्तिले देशको विकासलाई सुस्त बनाइदिएको छ भने विकास प्रथामिकताको सही पहिचानको अभावमा प्रदेश २ ले गति लिन सक्दैन। प्रदेश २ को समग्र दिगो विकासको लागि भविष्यमुखी सकारात्मक योजना पद्धतिमा आधारित दूरदृष्टिको निर्माण गरेर योजनाबद्ध तवरमा अगाढि बढ्न जरुरी छ। राजनीतिज्ञ, नीतिनिर्माता, प्राज्ञिक, नागरिक अभियान्त, शिक्षक विद्यार्थी, जनता सबैमा सकारात्मक सोच र सदभाव, सहकार्य र सिर्जनशील सोच तथा व्यवहारले प्रदेश २ को समृद्धिको यात्रा तय गर्न सकिन्छ। हालसम्म विभिन्न क्षेत्रमा प्राप्त गरिएका सकारात्मक प्रतिफलमा आधारित भएर भविष्यको मार्ग निर्माण गर्न सहज होस् भन्ने हेतुले प्रदेश २ को समाजिक वस्तुस्थितिलाई यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ।

**१. जनसांख्यिक विवरण**

सातवटै प्रदेशमध्ये प्रदेश २ जनसंख्याको हिसाबले दोस्रो ठूलो प्रदेश हो। यो प्रदेश राजधानीबाट दक्षिणपूर्व २७६ किमी टाढा रहेको छ। यहाँ जम्मा ५० लाख ४० हजार ४४५जनसंख्या छ भने घरधुरी संख्या ८ लाख २५ हजार ४३५ रहेको छ। यस प्रदेशमा १३६ वटा स्थानीय निकाय १०६ प्रदेशसभा निर्वाचन क्षेत्र र ३२ संघीय निर्वाचन क्षेत्र छन्। यस प्रदेशमा पुरुषको तुलनामा महिलाको जनसंख्या बढी रहेको छ।

यहाँको जनसंख्या नै यस प्रदेशको द्रुत विकासको आधार हो। स्थानीय, प्रदेश र संघीय सरकारले जनशक्ति विकासको वैज्ञानिक र दिर्घकालीन रणनीतिका साथ विकासका प्राथामिकताहरू निर्धारण गरेर कार्यक्रम लागु गर्नु पर्दछ।

**२. प्रदेशमा जनसंख्याको वितरण**

यो शहरउन्मुख प्रदेश हो र यहाँ गाउँपालिकाभन्दा नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकामा बसोबस गर्ने जनसंख्या धेरै छ। यहाँ अपाङ्ग तथा विदेशमा कार्यरत जनसंख्या पनि उल्लेख्य छन्। महिला अपाँगको तुलनामा पुरुष अपाँगहरू बढी छन्। वैदेशीक रोजगारीमा महिलाको तुलनामा पुरुषको जनसंख्या बढी छन्। प्रदेशको विकासमा यो समुहको जनसंख्याको योगदान फरक प्रकारले हुने हुँदा यस वर्गका जनताको सहभागिता, योगदान र विकास प्रतिफलको सुनिश्चित हुने गरि विकासका नीति तथा कार्यक्रम तर्जुमा गरेर कार्यान्वयन गर्नु पर्दछ।

सबै तहका सरकारहरूबाट गरिने कृयाकलापहरूमा जनताका आधारभुत आवश्यकता, स्वतन्त्रता र आत्मसम्मानको सुनिश्चित हुन सकेमा मात्र विकासको आधारशिला तयार हुन सक्दछ। नगरपालिका तथा गाउँपालिकाले नीति, कानुन तथा कार्यक्रम तर्जुमा गर्दा यस समुहका जनताहरूका सिमिता, अवसर र आवश्यकतालाइ विश्लेषण गरेर नीति, कार्यक्रम तथा रणनीतिहरू तर्जुमा गरि कार्यान्वयन गनु पर्दछ।

**३. प्रदेशको समाजिक अवस्था**

राष्ट्रीय औषत जनघनत्वको तुलनामा प्रदेश २ का सबै जिल्लाहरूमा जनघनत्वको चाप धरै छ। यहाँका सबै जिल्लाको साक्षरता दर राष्ट्रीयऔषत भन्दा थोरै छ। विद्यालय तथा क्याम्पसहरूको उल्लेख्य उपलब्धता भएतापनि विद्यालय वाहिर रहेका वालवालिका अत्याधिक भएका जिल्लाहरूमा यस प्रदेशका सबै जिल्लाहरू पर्दछन। सुरक्षाको दृष्टिकोणबाट नेपाल प्रहरी र शसस्त्र प्रहरीको उपलब्धता भएपनि चोरी डकैती, अपहरण जस्ता समस्याहरू उल्लेख्य रूपमा रहेका छन्। समाजिक कुरीतिले समाजलाई जकडेको भए पनि समाजिक विभेद, कुरीति, शोषण, दाइजो, वालविवाह, जातीय छुवाछुत विरुद्ध अदालत, स्थानीय प्रहरी तथा स्थानीय सरकारहरूमा निकै कम मुद्धाहरू दर्ता हुने गरेका छन्। जनचेतनाको अभावमा यस प्रदेशका जनताहरूमा अन्याय अत्याचार थिचोमिचो विरुद्ध उजुरी गरेर अधिकार दावी गर्ने सँस्कारको विकास भएको छैन। यस प्रदेशमा लैगिंक विभेद अधिक रहेको छ भने अत्यन्त न्युन महिलाहरूको मात्र सम्पत्तिमाथी स्वामित्व रहेको छ। सहकारीको विकास यस प्रदेशमा सन्तोषजनक रूपमा विस्तार भईरहेको छ तर सहकारीमा जम्मा वचतलाई उद्यमशिलता तर्फ प्रयोग गर्न महिला तथा युवा शसक्तिकरण आवश्यक रहेको छ।

**४. शैक्षिक अवस्था**

यस प्रदेशमा महिलाको तुलनामा पुरुष साक्षरता बढी रहेको छ। प्राथामिक तहको शिक्षामा विधार्थीको सहभागिता राम्रो देखिएपनि विद्यालय वाहिर धेरै वालवालिकाहरू रहेकाछन्। प्रदेशको जनसंख्याको करिव ४५ प्रतिशत जनसंख्या विभिन्न तहको शिक्षा आर्जनमा संलग्न छ। प्राथामिक तहको तुलनामा निम्न माध्यामिक तहमा गएर अध्ययन गर्ने विद्यार्थी सँख्या ४३ प्रतिशतले कम छन्। यहाँ एक तहबाट माथिल्लो तहमा जादा विद्यार्थी संख्यामा उल्लेख्य कमी आएको छ। एक त धेरै विद्यार्थी विद्यालय वाहिर रहनु अर्को एक तहबाट अर्को तहमा जादा उल्लेख्य रूपमा विद्यार्थी घटदा प्रदेशको दक्ष जनशक्ति उत्पादनमा प्रत्यक्ष प्रभाव परेको छ जसले दिर्घकालिन रूपमा यस प्रदेशको आर्थिक तथा समाजिक विकासमा असर गरेको छ। दक्ष जनशक्तिको अभावमा समाज आधुनिकता र प्राथामिकता तिर लम्कन सकेको छैन जसले गर्दा अन्याय, अत्याचार, भ्रष्टचार जस्ता समस्याहरू ज्यूँकात्यूँ छन्।

**५. विषयगत शिक्षामा प्रदेशको अवस्था**

प्रदेश २ मा कला, माववकी, वाणिज्य तथा शिक्षा शास्त्र जस्ता विषय प्रति विद्यार्थीहरूको प्रमुख आकर्षण रहेको देखिन्छ। प्रदेशको मुख्य जीवीको पार्जनको रूपमा रहेको कृषि तथा पशुविज्ञान, खाद्यप्रविधि, कृषिमा आधारित उद्यमशीलता जस्ता विषयहरूमा निकै कम मात्रामा जनशक्ति उत्पादन भएको देखिन्छ। प्रयाप्त जनशक्तिको अभावमा यस प्रदेशका आर्थिक विकासकआ अवसरहरू प्रष्फुटन हुन नसकेको कारण जनताहरू न्यून आयको लागि अधिक श्रम गर्न वाध्य देखिन्छन् भने महिलाहरूको उच्च शिक्षा र प्राविधीक शिक्षामा निकै कम सहभागिता देखिन्छ। महिलाहरूको उच्च शिक्षामा भएको कमजोर सहभागिताले प्रदेशमा दाइजो, वोक्सी, वालविवाह, वहुविवाह जस्ता कुरीतिहरूले प्रश्रय पाइरहेका छन्। प्रदेशमा लैगिक सहभागिता कायम गरी महिलाहरूलाइ आर्थिक तथा समाजिक विकासमा सहभागिता गराउन प्राविधीक शिक्षामा महिलाहरूको सहज पहुँच सुनिश्चित जरुरी छ।

**६. प्रदेशमा घरको स्वामित्व**

यस प्रदेशमा वसोवास गर्ने जनताहरू मध्ये ९६ प्रतिशत जनताको आफ्नै घर छन् भने बाँकी भाडा वा संस्थागत घरहरूमा बसोबास गर्ने गरेका छन्। यसरी आफ्नै घरमा वसोवास गर्ने जनताका घरहरू विभिन्न प्रकारका रहेका छन्। प्रदेश सरकार एवम स्थानीय सरकारसँग भवन आचार संहिता नभएको र साविकका गाउँपालिका, नगरपालिक र जिल्ला विकास समितिहरूले भवन आचर संहिता तथा निर्माणको लागि कुनै पनि प्रकारको मापदण्ड नवनाएको कारण प्रदेश भित्रका वस्ती एवम घरहरू व्यवस्थित र न्यूनतम मापदण्ड पुरा गरेका छैनन।

**७. प्रदेश भित्रका घरहरूको बनावट**

प्रदेश २ मा ७० प्रतिशतहरू काठबाट वनेका छन्। विशेषतः शहरी तथा शहरउन्मोख क्षेत्रहरूमा ईटाका घरहरू छन्। ईटाका घरहरू सिमेन्ट र माटोको जोडाईबाट वनेका छन् भने ५ प्रतिशत मात्रघरहरू आरसीसी रहेका छन्। यस प्रदेशमा वनेका अधिकाँश घरहरू भुकम्प प्रतिरोधात्मक छैनन। गर्मी मौसममा आगलागीका कारण यस प्रदेशमा ठूलो मात्रामा क्षति हुने गरेको छ भने घर वनाउदा स्थान छनौट गर्न स्किृति लिने प्रावाधान नभएका कारण खोला किनार र गहिरो स्थानमा निर्माण गरिएका घरहरू वर्षेनी वाढीको चपेटामा पर्ने गरेका छन् भने निर्माणको क्रममा प्रयोग गरीने कमशल गुणस्तरका निर्माण सामाग्रीका घरहरू उच्च जोखिमका अवस्था रहेका छन्।

**८. घरका छानाका बनावटहरू**

प्रदेश २ मा घरका छानाका वनावटहरू विभिन्न प्रकारका रहेका छन्। अधिकाँश (५० प्रतिशत) घरहरू टायलले छाएका छन् भने करिव २६ प्रतिशत घरहरू खरले छाएका छन्। गरिवीको रेखा मुनि रहेका र निम्न मध्यम वर्गीय परिवारहरूले घरहरू खरले छाएका छन्। अधिकाँश घरहरू टायलले छाएका छन्। टायलको उत्पादन पनि यसै प्रदेशमा हुने हुदा टायल उत्पादनको क्रममा रोजगारीको पनि श्रृजना भएको छ भने खरको तुलनामा टायल अधिक टिकाउहुने हुँदा घर सुरक्षित र सफा हुन्छ। जस्तापाता र ढलान गरेका घरहरू पनि उल्लेख्य मात्रामा रहेका छन्। खरले छाएको घरहरू भएको ठाउँमा आगलागीको प्रकोप वर्षेनी हुने हुँदा यसबाट वच्न दिर्घकालिन उपाय खोज्नु जरुरी भएको छ।

**९. खानेपानीको उपलब्धता**

सरसर्ती हेर्दा यस प्रदेशमा खानेपानीको उपलब्धता सहज जस्तो देखिएता पनि खाने पानीको आपूर्तिको मुख्य स्रोतको रूपमा (९२ प्रतिशत) टुयववेल रहेको छ। आर्सेनीक र खनीज पदार्थको समिश्रणको परिक्षण नगरिने हुदा टुयवेलको पानी स्वास्थ्य सुरक्षाको दृष्टिकोणबाट शंकास्पद रहेको छ। खाने पानी आपुर्तिको पानी करिव १२ प्रतिशत घरधुरीको लागि मात्रै प्रयाप्त छ। इनार र वगेको पानीको प्रयोगका कारण पनि मसौमी प्रकोपहरू फैलिइरहने भएकाले जनस्वास्थ्यमा चुनौतीहरू थपिएका छन्।

**१०.प्रदेशमा इन्धनको सदुपयोग**

यस प्रदेशको दैनिक घरायसी प्रयोजनको इन्धनको मुख्य स्रोतको रूपमा दाउरा र गुइठा गरेर ९० प्रतिशतको हाराहारीमा रहेको छ भने अन्य १० प्रतिशतमा मटितेल, ग्यास, गोवर ग्यास, विजुली र अन्य स्रोतहरू रहेको छ। गुईठा र दाउराको अधिकतम प्रयोगले प्रयोग कर्ताहरूमा दम, खोकी, टिवी जस्ता रोगहरू देखिएका छन् भने जीवन यापनको लागि अधिकाश समय दाउरा र गुइठा निर्माण एवम् संकलनमा विताउनु पर्ने भएकोले उत्पादन वृद्धि हुन सकेको छैन। खेतीमा प्रयोग गर्न पर्ने गुइठालाई इन्धनको रूपमा प्रयोग गर्दा प्रागंरीक मलको पनि अभाव भएको छ।

**११) बत्तीको स्रोत**

प्रदेश २ मा घरमा वालिने वत्तीको प्रमुख स्रोतको रूपमा विजुली वत्ती रहेको छ भने मटितेल पनि प्रशस्त मात्रामा प्रयोगमा रहेको छ। सोलार र गोवर ग्यासको प्रयोग केही घरधुरीमा हुने गरको देखिन्छ। तर चर्को लोडसेडींगको कारण बीजुली वत्ती सँगसगै मटितेलको प्रयोग प्रचलन प्रदेश भरी नै प्रयाप्त रहेको छ। सहज र गुणस्तरीय जीवनको लागि विजुली वत्तीको सहज आपुर्ती तर्फ ध्यान दिनु आवश्यक छ।

**१२) शौचालयको उपलब्धता**

प्रदेश २ मा शौचलायको उपलब्धता निकै नै न्यून रहेको छ। यहाँको सबै जिल्लाहरूका अधिकाँश घरहरूमा शौचालयको अभाव रहेको छ। यस प्रदेशका अधिकाँश जनताहरूले शौचालयको अभावमा भोग्नु पर्ने सबै प्रकारका समस्याहरू भोगी रहेका छन् जसले गर्दा जीवन कष्टकर र निरास वनाइदिएको छ। शौचालयको अभावमा किशोर किशोरीहरूको आत्मविश्वास र व्यक्तित्वको चौतर्फी विकास हुन सकिरहेको छैन। आधारभुत जीवनयापनका कुराहरू मा सर्वसाधरणले सुविधा नपाउदा विकास साझेरदार, जनता र सरकार विच अविश्वासको खाडल वढदै गएको छ।

**१३. घरमा उपलब्ध सेवा तथा सुविधाहरू**

कुनै पनि घर परिवारको समृद्धीको सूचकको रूपम त्यस घरमा प्रयोग गर्ने सेवा र सुविधालाइ लिन सकिन्छ। प्रदेश २ का घरधुरी मध्ये २० प्रतिशत जति घरधुरीमा कुनै प्रकारका सुविधाहरू छैनन भने वाँकी घरधुरीहरूले कम्तिमा पनि एक प्रकारका सुविधाहरू प्रयोग गर्ने गरेका छन्। यस प्रदेशका सबै जिल्लाहरूका जनताहरू विस्तारै आधुनिक सेवा सुविधा तर्फ आकर्षित हुदैछन् तर आर्थिक अवसरहरूको अभावमा आधुनिक सेवा र सुविधाहरूले जीवनलाइ थप कष्टकर वनाइदिएका छन्। केही सिमित घर परिवारहरूले मात्रै आधुनिक महंगा सुविधाहरूको सदुपयोग गरिरहेका छन्। यस प्रदेशमा सवारी साधनको रूपमा अधिकाँश घरधुरीहरूले साइकल प्रयोग गर्ने गरेका छन् तर प्रदेशका राजमार्ग र सहायक मार्गमा साइकल लेन नहुदा अधिकाँश ठाउँमा दुर्घटनाको जोखिम रहेको छ।

**१४) मानव विकास सूचकाक्त**

यो प्रदेश मानव विकास सूचाँकमा देशको पाँचौ प्रदेशको रूपमा रहेको छ। मानव विकास सूचाँक भनेको औषत आयु, शिक्षा, तथा औषत आयको समिश्रण हो। यस प्रदेशमा शिशु मृत्युदर ५६.६०९ प्रति हजार छ जुन राष्टिय औसत भन्दा करीव (२७.९) दोव्वर हो। यस प्रदेशको औषत साक्षरता पनि राष्टिय औसत भन्दा कम (५०.२०) छ। भने यहाँको जीवन प्रत्याशा भने राष्टि औसत (६९.९७ वर्ष) भन्दा राम्रो छ। यस प्रदेशमा अधिकाँश जनसंख्या (७३ प्रतिशत) शौचालय विहिन छन्।

**१५. शैक्षिक अवस्था**

यस प्रदेशमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको संख्या धेरै छ। यस प्रदेशमा विद्यालय छोडने विद्यार्थीहरूमा सबै भन्दा बढी मावि स्तरमा छात्राहरूको दर बढी छ भने प्राथामिक तहमा छात्र बढी छन्। निमावी स्तरमा पनि छात्राको तुलनामा छात्रहरू धेरै रहेका छन्।

**१६. स्वास्थ्य सेवा तथा सुविधाहरू**

यो प्रदेशमा स्वास्थ्य सेवा उपलब्धताका आधारमा अन्य प्रदेश भन्दा अगाडी छ। यहाँको स्वास्थ्य सेवाको उपलब्धताको क्षमता प्रदेशका सबै जनताहरूलाई आधारभुत सेवा प्रदान गर्न सक्दछ। यो संरचनाले स्वास्थ्य क्षेत्रका वहुआयमिक समस्याहरूलाई सम्वोधन गर्न सक्ने गरी संरचित गरिएको छ। तर गुणस्तरीय सेवा, स्वास्थ्यकर्मीहरूको अभाव, भएका स्वास्थ्यकर्मीहरूमा पनि जिम्मेवारी र जवाफदेहीताकारण जनताले गुणस्तरीय सेवा र सुविधा प्राप्त गर्न सकेका छैनन्।

**निष्कर्ष:**

प्रदेश २ स्रोत र साधनका दृष्टिकोण प्रचुर सम्भावना भएको प्रदेश हो। २१ औ शताब्दीको विकासको मुख्य आधार जनशक्ति हो। यदि यस प्रदेशमा भएका जनताको सीप र क्षमता अभिवृद्धि गरी दक्ष बनाउने हो भने आगामी केही वर्षभित्र यो प्रदेशको दुनियाँको उत्कृष्ट मानव बस्तीमा रूपान्तरण हुन्छ। यस प्रदेशका अधिकांश समस्याहरू सुशानसँग सम्बन्धित छन् भने सुशासन आउने आमूल सकारात्मक परिणामले प्रदेशका जनताहरूलाई स्वयमको पहलमा सकारात्मक रूपान्तरणको नेतृत्व गर्न अभिप्रेरीत गर्दछ। यहाँ हरेका बाल बच्चाहरूको सुन्दर भविष्य र महान शहीदहरूको सपना पूरा गर्न स्थानीय, प्रदेश र संघीय सरकारले यहाँको जनशक्तिमा आधारित विकासका मोडल निर्माण गरी कार्यान्वयन गर्न सक्नुपर्दछ। वितरणमुखी र निर्वाहमुखी विकास सोच र अवधारणले प्रदेशलाई सदियौंसम्म पछौटेपन र गरीबीकै चंगुलमा जकडेर राख्ने हुँदा नीति निर्माताहरूले भविष्यमुखी रूपान्तरणकारी सोचमा आधारित विकासको मार्ग तय गर्न जरुरी छ।

# नेपालको लक्षित उद्देश्य पूरा गर्न मन्त्रिपरिषद् पुनर्गठन हुनुपर्छ



## लालबाबु पण्डित

### पूर्वमन्त्री तथा नेकपाका नेता

**० नेपाल कम्युनिष्ट पार्टीको कार्यदलले दिएको प्रतिवेदनबाट विवाद समाधान भएको हो ?**

– नेकपाभित्र केही कार्यशैलीगत कुरासँग जोडिएर केही समयदेखि छलफल, वादविवादको रुपमा थियो । पार्टीको सचिवालयले ६ सदस्यीय कार्यदल बनाएर प्रतिवेदन दिन भनेको थियो । प्रतिवेदन प्रस्तुत भइसकेको छ । त्यो प्रतिवेदन फेरि सचिवालयमा छलफलको निम्ति जान्छ र सचिवालयले छलफल गरिसकेपछि स्थायी कमिटीमा पनि छलफल हुन सक्छ । त्यसपछि आवश्यक पर्‍यो भने केन्द्रीय कमिटीमा पनि छलफल हुनसक्छ । तर, यो प्रतिवेदनले धेरै हदसम्म विवादहरुलाई न्यून बनाउने काम गरेको छ । शनिबार सचिवालयको बस्ने बैठकले आवश्यक संशोधन, परिमार्जनसहित निर्णय गरेर पार्टीमा अगाडि बढ्ने बढाउने कुरा हुन्छ ।

**० तत्कालका लागि प्रतिवेदनले नेकपाको विभाजनलाई मत्थर पारेको छ ?**

– नेकपा विभाजनको दिशामा कहिल्यै पनि थिएन । बाहिरबाट नेकपालाई राम्ररी नबुझ्नेहरुले अथवा बाहिरी कुरालाई मात्रै केही केही बुझ्ने कुराले र कतिपयले नेकपा विभाजन भइदियो भने खुशी मनाउन सकिन्छ भन्ने तत्वहरु पनि थिए । विभाजन गर्ने प्रयासरत् तत्वहरु पनि थिए । ती तत्वहरुको सोचाइ बुझाई फरक थियो ।

**० प्रतिवेदनप्रति नेकपाका अध्यक्षद्वय सकारात्मक देखिनुभएको छ भने वरिष्ठ नेता माधव नेपाल पक्ष अझै सन्तुष्ट देखिनु भएको छैन नि ?**

– प्रतिवेदनमाथि छलफल हुँदा बैठकमै आफूलाई लागेको कुरा परिमार्जन गर्ने अथवा समृद्ध गर्ने कुरासँग जोडिएर केही कुराहरु आउलान् । तर बाहिरीरुपमा त्यस्तो केही आएको छैन । सञ्चारमाध्यमहरुले आफ्नो मनगढन्त केही कुराहरु लेख्छन् । कतिपय कार्यशैली, निर्णय, कार्यदिशाहरुसँग जोडिएका कुराहरु जुन छन्, त्यसमा ती प्रतिवेदनले सम्पूर्ण कुराहरु समावेश गरेर दियो भन्ने मलाई लाग्दैन । तर, अरु धेरै कुराहरु पार्टीको महाधिवेशनले टुंग्याउने कुराहरु छन् । कतिपय व्यवहारगत रुपमा कार्यान्वयनमा जाँदाखेरि निर्णयहरु हुँदा अघि बढ्ने कुराहरु छन् । कतिपय सहमतिका कुराहरु छन् । त्यो दिशामा प्रतिवेदन सकारात्मक सन्देश दिन्छ र नेतृत्वले गहनतम्पूर्वक बुझेर आवश्यक पर्‍यो भने परिमार्जन गरेर अगाडि बढाउनेमा कुनै दुईमत छैन । त्यसकारणले कार्यदलले जुन प्रतिवेदन दियो त्यही नै अन्तिम हो भन्ने होइन । यो कार्यदल सचिवालयको सहयोगको निम्ति हो । आवश्यक निर्णयहरु सचिवालयले गर्नेछ ।

**० प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामाको कुरा पनि मिल्यो त ?**

– सचिवालय र स्थायी कमिटीको बैठकमा पनि औपचारिकरुपमा प्रधानमन्त्री र पार्टी अध्यक्षबाट हटाउने भन्ने प्रस्ताव थिएन । तर, छलफलको क्रममा कतिपय कुराहरु आउन सक्छन् र आएका होलान् । कतिपय मनोवैज्ञानिक कुराहरु पनि हुन्छन् । ती कुराहरु अहिले पनि सरकारको मूल्यांकनसँग जोडिएर भएकोले सरकारमा परिवर्तन गर्नुपर्ने कुरादेखि लिएर प्रदेशहरुमा परिवर्तन गर्नुपर्ने कुराहरु, कार्यशैलीमा परिवर्तन गर्नेपर्ने कुराहरु, राजनीतिक नियुक्तिहरुको सवालमा छलफल गरेर अगाडि बढ्नुपर्ने कुराहरुमा बैठकले सकारात्मक सन्देश दिनेछ । पार्टीमा विवाद देखिएर केही क्षति भएको छ, ती क्षतिलाई पनि पूरा गर्ने गरी पार्टीलाई सुदृढ र एकीकृत गर्छ । अहिले परिस्थितिलाई कसरी अनुकूलतामा रुपान्तरण गर्न सकिन्छ र महाधिवेशनबाट पार्टी एक भएको भन्ने कुरा निर्वाचनद्वारा नै गर्ने गरी हुने कुरामा कुनै दुईमत छैन । त्यसैले अहिले पार्टीले लिने दिशा सकारात्मक हुन्छ । पार्टीले गरेको निर्णयहरु कार्यान्वयन दिशामा अगाडि बढ्छ र सरकार पनि दृढतापूर्वक अगाडि बढ्छ ।

**० भनेपछि प्रधानमन्त्री केपी शर्मा ओलीलाई पाँच वर्षे कार्यकाल पूरा गर्न यो प्रतिवेदनले बाटो खुल्ला गरिदिएको हो ?**

– पाँचवर्षे कार्यकालकै निम्ति प्रधानमन्त्री हुनुभएकोले पूरा गर्छ नै । यदि यो बीचमा पार्टीले आवश्यक ठान्यो भने त्यो अलग कुरा हो । तर अहिले पाँच वर्षभन्दा पहिले हटाउने कुरामा कसैले पनि विचार छैन ।

**० शनिबार बस्न लागेको सचिवालयको बैठकमा मन्त्रिपरिषद् पुनर्गठनको एजेन्डा पनि राखिएको छ ?**

– प्रधानमन्त्रीले मन्त्रिपरिषद् पुनर्गठनबारे पार्टी पंक्ति र सचिवालयमा पनि आवश्यक सल्लाह गरेर गर्ने कुरा हो । त्यसकारणले उहाँले विवेक प्रयोग गर्दा सबैसँग सरसल्लाह गरेर मन्त्रिपरिषद् पुनर्गठन गर्ने कुरा हो । संविधानतः र कानूनतः जुन व्यवस्था छ त्यहीअनुरुप गर्ने हो । कामलाई गति दिनको निम्ति गर्ने हो । सक्षम र योग्य व्यक्तिहरु ल्याउनका निम्ति गर्ने हो । पहिला पनि गर्नुभएको छ ।

**० मन्त्रिपरिषद् पुनर्गठनको आवश्यकता अहिले छ त ?**

– मन्त्रिपरिषद्को आवश्यकता मैले देख्छु । किनभने कतिपय मन्त्रालयहरु र कतिपय मन्त्रीज्यूहरुले विन्दास तरिकाले गति दिन नसकेको स्थिति छ । अहिलेको आवश्यकताअनुसार कतिपय मन्त्रीहरुले काम गर्न सकिरहनु भएका छैनन् भन्ने कुरा जनताको तर्फबाट आइरहेका छन् । जनता र पार्टीपंक्तिभित्र जुन आवाज उठेको छ त्यसलाई सम्बोधन गर्ने गरी, जनतामा ऊर्जा प्रवाह गर्ने गरी र चुनावका बेला दिइएका वाचा र लक्ष्यहरुलाई पूरा गराउनका निम्ति ठोस पाइला चाल्नुबाहेक विकल्प छैन ।

**० यसअघि पनि प्रधानमन्त्री ओली तपाइँ लगायतका केही मन्त्रीहरुलाई हटाएर नयाँ अनुहार ल्याउनुभएको थियो । पूरै मन्त्रिपरिषद् नै पुनर्गठन हुन्छ कि केही मन्त्रीहरुलाई हटाउनुहुन्छ ?**

– यो कुरा प्रधानमन्त्रीजीको अधिकार क्षेत्रभित्र पर्ने भएकोले मैले भन्न मिल्दैन । त्यसकारणले पूरै हटाउने कि आधा हटाउने वा कति हटाउने त्यो त प्रधानमन्त्रीको विवेकको कुरा हो । राम्रोसँग सरकार चलोस्, यो सरकारको प्रतिष्ठा माथि उठोस् । अहिलेको विषम् परिस्थितिबाट जनताले जुन दुःख भोग्नुपरिरहेको छ, यसबाट मुलुकको अर्थतन्त्रलाई पनि उकास्ने, जनजीवनमा सहजता ल्याउने र नेपालले लक्षित उद्देश्य पूरा गर्ने गरी मन्त्रिपरिषद् पुनर्गठन हुनुपर्छ ।

**० मुलुकमा जसरी कोरोनाको कहर बढ्दै गएको छ, यस्तो परिस्थितिमा सरकारले सन्तोषजनक काम गरिरहेको छ त ?**

– कोरोना महामारी रोकथाम तथा नियन्त्रणमा सरकारले प्रयास गरेको छैन भन्ने होइन । तर, अलिकति थोरै उल्टोपाल्टो भयो कि भन्ने मात्रै हो । जस्तो, अहिले जसरी स्थानीय तहको आवश्यकताअनुरुप लकडाउन भएको छ, सुरुमा त्यो रुपमा भएको भए देशको आर्थिक गतिविधि यस्तो स्थितिमा पुग्ने थिएन । सुरुमा जुन कुरा गरियो त्यो पछि गर्नुपर्ने थियो र पछि जुन गरियो त्यो सुरुमा गर्नुपर्दथ्यो । तर, ठ्याक्कै उल्टो परेको छ । सुरुमा कोरोना कम थियो भने डर धेरै थियो । अहिले कोरोना बढी छ तर डर घटेको जस्तो छ । त्यसकारणले अहिले कोरोनासँगसँगै आफ्नो गतिविधि र नियन्त्रितरुपमा सामाजिक गतिविधि बढाउँदै अगाडि बढ्नु बाहेकको विकल्प छैन ।

**० अहिले कोरोनाको कहरमा पनि संघीय सरकारले सहयोग गरेन भन्ने गुनासो प्रदेश सरकार र स्थानीय तहका जनप्रतिनिधिहरुको गुनासो छ नि ?**

– एउटा कुरामा प्रष्ट हुनुपर्छ कि अहिले केन्द्रीय प्रणाली छैन । अहिले मुलुकमा तीन तहको संघीय प्रणाली छ । थुप्रै ठाउँहरुमा स्थानीय सरकारहरुले पीसीआर मेसिन किनेर परीक्षण गरेर उनीहरुले आफ्नो लगानीहरु गरिरहेको छ । प्रदेशले पनि आफ्नो लगानीहरु गरिरहेको छ । आफूले गर्न सक्ने कुरा नगर्ने, अनि केन्द्रको मुख ताकेर बस्ने । यदि त्यो हो भने संघीयताको मूल मर्म विपरीत हुन्छ । त्यसकारणले आवश्यकताअनुसार स्थानीय तहहरुले जुन काम गरिरहेको एकदम सराहनीय छ । प्रदेश सरकारहरुले गर्ने काम जति मात्रामा हुनुपर्ने हो त्यो मात्रामा भएको छैन ।

**० तर प्रदेश सरकारसँग त्यति दक्ष जनशक्ति वा साधनस्रोत छैन भन्ने गुनासोहरु पनि छन् नि ?**

– संघीय सरकारले भर्खरै प्रदेश २ मा २२ जना चिकित्सकको थप टोली पठाएको छ । आवश्यकताअनुरुपको केन्द्रीय सरकारको क्षमताअनुसार त्यसमाथि आधारित भएर सहयोग गर्ने गराउने कुरा त छँदैछ । तर, आफ्नो कर्तव्य पालना नगर्ने अनि गरिदिएन भन्ने हो भने यो मगन्ते पाराले अधिकारको प्रयोग भएको देखिँदैन ।

# शैक्षिक क्षेत्रका लागि कोभिड–१९ अवसर पनि हो



## ई.मिथलेश कुमार झा

### शिक्षाविद् तथा शैक्षिक व्यवस्थापक

**सप्तरी जिल्लाको राजविराज नगरपालिका–१६ का ई.मिथलेश झा इन्जिनियरिङ्ग व्यवस्थापनमा स्नातकोत्तर गर्नु भएको छ । उहाँ शैक्षिक व्यवस्थापनको विषयमा नेपालमै अब्बल मानिनुहुन्छ । उहाँले प्राध्यापक, प्रशासक र प्रधानाध्यापकको रूपमा धेरै शैक्षिक संस्थाहरूमा काम गरिसक्नु भएको छ । शैक्षिक गुणस्तरीय व्यवस्थापन र मानविकीकरणमा उहाँको विशेषज्ञता प्राप्त छ । हाल, उहाँ सिजी शिक्षणअन्तर्गत सिजी होल्डिङ्गद्वारा सञ्चालित चार कलेजहरूमा संलग्न हुनुहुन्छ । हाल उहाँ चौधरी समूहद्वारा सञ्चालित शिक्षा इकाई, मानव संसाधन र व्यापार विकास विभागको प्रमुख महाप्रबन्धक हुनुहुन्छ । उहाँ नेपाल इन्जिनियरिङ संघको आजीवन सदस्य पनि हुनुहुन्छ ।**

**० नयाँ शैक्षिक सत्र सुरु हुनै लाग्दा लकडाउन भएपछि शैक्षिक संस्थाहरु पूर्णरुपमा ठप्प छ । यो शैक्षिक अन्योलताको अवस्थालाई तपाईं कसरी हेरिरहनुभएको छ ?**

– कोभिड-१९ ले गर्दा संसारभरि नै गाह्रो परिस्थिति सिर्जना भएको छ । स्वाभाविकरुपमा नेपालमा पनि अहिलेको बन्दाबन्दी अवस्थामा अप्ठ्यारो परिस्थितिमा हामी छौं । शिक्षा क्षेत्र मात्रै नभएर हरेक क्षेत्रमा अहिले अप्ठ्यारो परिस्थिति छ । यो अवस्थामा हामीले नकारात्मक टिप्पणी गर्नुभन्दा पनि सकारात्मक पक्षप्रति बढी नै जोड दिनुपर्छ । अहिले संसार भनेको सूचना प्रविधिमा आधारित भइसकेको छ । हाम्रो शिक्षामा क्षेत्रमा एक किसिमको आमूल परिवर्तनको आवश्यकता छ ।

आउँदो सन् २०५० सम्म त अहिलेको टिचिङ्ग पेडागोजी संसारभरि नै परिवर्तनको परिस्थितिमा छ । यो कुरोलाई मनन् गर्ने हो भने शिक्षा क्षेत्रमा जुन ठूलो परिवर्तन गर्नुपर्ने छ, त्यसको सुरुवातको रुपमा लिन सक्छौं । त्यसरी हेर्दै जाँदा यो कोभिड-१९ ले हामीलाई अवसर दिएको छ । उदाहरणका लागि आउँदो दिनमा संसारका धेरै कामहरु विकसित देशहरुमा आर्टिफिसियल इन्टेलिजेन्सले गर्दा रोबोटले काम गरिदिने परिस्थिति छ । नेपालमा अहिलेसम्म यसको तयारी गरिएको छैन । पढाईको क्षेत्रमा पनि ठूलो नै परिवर्तनको आशा राख्दछ । कोभिड-१९ को परिवेशमा हामीले परिवर्तनको बाटोमा हामी कसरी जान सक्छौं, अनलाइनको माध्यमले निजी क्षेत्रले पढाईको सुरुवात गरेको छ । कतिपय सामुदायिक विद्यालयमा पनि अनलाइन क्लासको माध्यमले पढाउन सुरुवात गरिएको छ । कतिपय ठाउँमा विभिन्न अप्ठ्यारो परिस्थितिले गर्दा अनलाइन क्लासहरु गराउन पनि सकेको छैन । यो हाम्रो लागि परिवर्तनको एउटा गाह्रो परिस्थिति हो । तर हामीले यो गाह्रो परिस्थितिलाई अवसरको रुपमा लिनुपर्छ । यो चुनौतीका बेला हामीले कसरी अवसरहरु सिर्जना गर्न सक्छौं, विकासको रुपमा कसरी फड्को मार्न सक्छौं, त्यो सोचको साथ अगाडि बढ्नुपर्ने मैले आवश्यकता ठान्दछु ।

**० यो अप्ठ्यारो परिस्थितिलाई अवसरको रुपमा परिवर्तन गर्न के-के गर्नुपर्छ ?**

– अहिले नेपालको परिवेशमा निजी र सरकारी क्षेत्र छ । अहिले नेपालमा स्थानीय सरकार पनि छ । अहिले जसरी कोभिड-१९ को महामारी बढ्दै गएको छ, यस अवस्थामा अझै दुई/तीन महिना भौतिक कक्षाहरु सञ्चालन गर्न सक्दैनौं । यो अवस्थामा हार्ड एजुकेशनको क्षेत्रमा शैक्षिक सत्रलाई कसरी सन्तुलन गरेर जाने भन्ने चुनौतीहरु छन् । यो चुनौतीलाई मिलाउन अन्य विकल्पभन्दा पनि अनलाइन माध्यम नै उपयुक्त देखिएको छ । अन्य विधिहरु छैन र सम्भव पनि छैन । अनलाइन पढाईका विभिन्न माध्यम र टुल्सहरु मोबाइल, ल्यापटप, इन्टरनेट कनेक्टिभिटी, रेडियो, टेलिभिजन प्रसारणका माध्यमहरु हुन्छन् ।

निजी क्षेत्रले सुरु गरेको स्कूल कलेजले सुगम क्षेत्रमा अनलाइन कक्षा सञ्चालन गरेको अवस्था छ भने हाम्रो दुर्गम क्षेत्रमा सरकारी विद्यालयहरुमा विभिन्न कठिनाइहरुले गर्दा अहिले पनि हामीले अनलाइन कक्षाहरु सञ्चालन गर्न सकिरहेका छैनौं । त्यसकारणले सरकारले त्यहाँ छिट्टोभन्दा छिट्टो कसरी सञ्चालन गर्न सकिन्छ, त्यो मिलाउने तर्फ लाग्नुपर्‍यो । सम्भव नभएको ठाउँमा कमसेकम टेलिभिजन, एमएफएम रेडियो मार्फत शिक्षासम्म जोड्ने माध्यम मिलाउनुपर्छ । त्यसरी गरेर अगाडि बढ्यो भने विस्तारै-विस्तारै हामी अनलाइनको युगमा प्रवेश पनि गर्दै जानेछौं र डिजिटलाइजेशन पनि हुँदै जान्छ । अहिले हामीसँग महामारीको यो ठूलो चूनौती छ । त्यसलाई हामीले घटाउन सक्छौं ।

**० डिजिटलाइजेशनको युगमा प्रवेश गर्ने प्रयास गरिएको छ त ?**

– डिजिटलाइजेशन युगमा प्रवेशका लागि प्रयासहरु त भएका छन् । निजी क्षेत्रका प्रायः सबै विद्यालयहरुले अनलाइनको माध्यमबाट कक्षा सञ्चालन गराउने, पढाउने काम त छँदैछ । सरकारी निकायबाट पनि प्रयास भएको हो । हालै शिक्षा मन्त्रालयले पनि यसका लागि एउटा कार्यविधि नै तयार गरेको छ । अहिले उच्च क्षिामा पनि एउटा बहसको विषय भएर अनलाइन परीक्षाहरु पनि अनलाइन माध्यमबाट कसरी लिने भन्ने निर्णय हुँदैछ । त्यसकारणले यस विषयमा सबैको चाँसो पनि देखिएको छ ।

**० विद्यार्थीहरुमा कोरोनाको मनोवैज्ञानिक प्रभाव कस्तो परेको छ ?**

– कोरोनाको मनोवैज्ञानिक प्रभाव पक्कै पनि विद्यार्थीहरुमा परेको छ । किनभने धेरै विद्यार्थीहरु अहिले शिक्षा लिनबाट वञ्चित छन् । कतिपय विद्यार्थीहरु अनलाइन कक्षाको पहुँचमा पनि पुग्न सकेको छैन भने केही क्षेत्रमा एकदम प्रभावकारी तरिकाले अनलाइन कक्षाहरु भइरहेका छन् । यो बेला अभिभावकहरुले विद्यार्थीहरुलाई एक किसिमको आत्मबल बढाउने, अहिलेको परिस्थतमा प्रविधिसँग जोडेर डिजिटलाइजेशन युगमा प्रवेश गराउनेतिर सोच्नुपर्छ । यो कठिन परिस्थितिमा यो मात्रै एउटा विकल्प हो र भविष्यमा अब डिजिटलाइजेशनको युग हो । पोष्ट कोभिड संसारमा शिक्षण विधि नै परिवर्तन भइहालोस् । भौतिक र अलनलाइन क्लासरुम पनि अभ्याउन आउन सक्ने परिस्थिति छ । त्यसकारणले यो अनलाइन कक्षा एउटा अवसर हो, यसबाट कसरी सिक्ने भन्ने कुराहरुलाई अभिभावकहरुले विद्यार्थीहरुमा एक किसिमको आत्मबल बढाउनुपर्छ । पढेलेखेका अभिभावकहरुले अतिरिक्त क्रियाकलापहरुमा लगाइराख्नुपर्दछ । सामान्य ज्ञानको कुरा भयो, अन्य क्रियाकलापहरु भयो । यी कुराहरुमा बच्चाहरुलाई इङ्गेज राखियो भने घरैमा बसेर केही हदसम्म मनोवैज्ञानिक प्रभाव पर्दैन ।

**० कोरोनाको मनोवैज्ञानिक प्रभाव पर्न नदिन विद्यार्थीहरु आफैले कसरी यो समयको सदुपयोग गर्न सक्छन् ?**

– विद्यार्थीहरु यो कोरोनाको त्रासमा बसिरहनु भएन । किनभने यो कोरोना केही महिनाभित्रै सकिहाल्छ भन्ने परिस्थिति रहेन । यो कोरोना साथसाथै हाम्रो जीवनको सामान्य गतिविधिलाई कसरी अगाडि बढाउने कुरामा सबैको प्रयास हुनुपर्छ । सहजरुपमा हामी कोरोनासँगै आफ्नो जीवन अगाडि बढाउनुपर्छ, त्यसैमा विद्यार्थीहरुले पनि आफूलाई लग्नुपर्छ । यो कुरो अभिभावकले विद्यार्थीलाई राम्ररी बुझाउन सक्नुपर्छ । बच्चामा नकारात्मक सोच भयो भने धेरै समस्याहरु निम्त्याउन सक्छ । त्यसकारणले सकारात्मक सोचका साथ अगाडि बढ्नुपर्‍यो । विद्यार्थीले आफ्नो एउटा रुटिन बनाएर बिहान उठ्ने, योगा गर्ने, शारिरीक व्यायाम गर्ने, सन्तुलित भोजन गर्ने र अनलाइनमाध्यमबाट पढाई गर्ने । यो कुराहरु विद्यार्थीले गर्नुपर्ने हुन्छ ।

**० कोरोनाको कारण यसपटकको एसईई परीक्षा हुन सकेन र विद्यालयको आन्तरिक मूल्यांकनको आधारमा नतिजा सार्वजनिक गरियो । यसलाई कसरी हेर्नुभएको छ ?**

– मैले यसलाई सकारात्मकरुपमा लिएको छु । केही मान्छेहरुले बढी नम्बर दियो भनेर नकारात्मक टिप्पणीहरु पनि गरेका छन् । यो कुरोलाई म सही मान्दिनँ । किनभने आजको दिनमा विद्यार्थीको क्षमता पढिसकेको छ । त्यसआधारमा ४ जीपी ल्याउनु अस्वाभाविक मान्नु हुँदैन । उनीहरुमा पोटेन्सियल र क्षमता छ । अर्को कुरो अभिभावकहरुले यत्रो लगानी गरेर विद्यार्थीहरुलाई पढाउनु हुन्छ र विद्यार्थीहरुले पास गर्न सकेन, राम्रो प्रतिफल ल्याउन सकेन भने त्यो पनि देशको एक किसिमको ठूलो नोक्सानी हो । त्यसकारणले यसपटकको एसईईको जुन किसिमको नतिजा आएको छ, सकारात्मक हो । यो कोरोनाको बेलामा पनि विद्यार्थी र अभिभावकहरुलाई राहत महसुस हुन्छ ।

**० नेपालको शिक्षा पद्धतिमा सुधारको आवश्यकता देख्नुहुन्छ ?**

– शिक्षा क्षेत्रमा नेपालको धेरै राम्रो भविष्य छ, नेपाललाई नै शैक्षिक गन्तव्य बनाउन सकिन्छ । साउथ एसियन कन्ट्री र विदेशबाट आएर पढ्ने भन्ने किसिमको गुणस्तर पनि हामीले दिन सक्छौं र हामीसँग त्यस्तो वातावरण पनि छ । नेपाली विद्यार्थीहरु उच्च शिक्षा हासिल गर्न विदेश जानुपर्ने अवस्थाहरु छन् । त्यसलाई रोक्नका लागि हामीले स्प्रिड डेभलपमेन्टलाई ध्यान दिनुपर्छ । स्प्रिड डेभलपमेन्टका लागि पनि नेपाल सरकारले विभिन्न किसिमका कार्यक्रमहरु ल्याएको छ । यदि कोही नेपालमै केही गर्छ भन्ने योजना छ भने उसको विभिन्न अवसरहरु छन् । त्यसकारणले विदेश नै जानुपर्छ भन्ने बाध्यता छैन । अर्को कुरो नेपालमै राम्रो शिक्षण संस्थाहरु छन्, जसले अन्तर्राष्ट्रियस्तरको शिक्षा दिइरहेको छ । त्यसकारणले विद्यार्थीहरु यही बसेर अन्तर्राष्ट्रियस्तरमा कसरी आफूलाई उभ्याउन सकिन्छ, त्यो किसिमको ज्ञान आर्जन सक्छन् ।

अर्को कुरा विद्यार्थीले जुन ज्ञान हासिल गरेको छ, त्यसलाई कतिको व्यवहार उतार्न सकेको छ । विद्यार्थीहरु इन्टर्नसिप गर्न जान्छन् तर त्यसको व्यावहारिक ज्ञान पाएको हुँदैन ।

**० नेपालको माटो सुहाउँदो पाठ्यपुस्तक हुने गरी सुधारको खाँचो देख्नुहुन्छ ?**

– माटो सुहाउँदो पाठ्यपुस्तकमा सुधार हुनुपर्ने आवश्यकता अवश्य पनि छ । नेपालमा सम्भावनाहरु धेरै छन् । पाठ्यपुस्तकमा हाम्रो कमी भनेको जुन किसिमको आवश्यकता हुन्छ त्यो किसिमको करिकुलम अझै पनि छैन । अहिलेको पाठ्यक्रमले सुहाउँदो परिप्रेक्ष्य बनाउनका लागि समय-समयमा बहसहरु भइरहन्छ । नेपालमा पहिलेभन्दा धेरै सुधिएको छ । नेपालको उद्योग, उद्योगपत्ति, कर्पेरेट सेक्टरलाई कस्तो जनशक्ति चाहिएको छ, त्यो किसिमको हामीले शैक्षिक संस्थाभित्र पाठ्यपुस्तक राख्न सक्छौं, दक्ष जनशक्ति तयार गर्न सक्छौं त्यो विषयमा छलफल हुनु एकदम आवश्यक छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# नेकपा समस्या समाधान सुझाव कार्यदलको प्रतिवेदन

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष कमरेडहरु केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' बाट यही २०७७ साउन ३० गते पार्टीको आन्तरिक जीवनमा उत्पन्न समस्याका सम्बन्धमा छलफल गरी समाधानका लागि सुझाव दिन महासचिव कमरेड विष्णुप्रसाद पौडेल संयोजक र थायी कमिटीका सदस्य कमरेडहरु जनार्दन शर्मा, पम्फा भुसाल, भीमबहादुर रावल, शंकर पोखेल र सुरेन्द्र पाण्डे सदस्य रहनुभएको कार्यदल गठन भए लगत्तैसाउन ३१, ३२, भदौ २, ३, ४ र ६ गते गरी कार्यदलका ६ वटा बैठक सम्पन्न भएका छन्। बैठकलेअध्यक्ष कमरेडहरुबाट प्राप्त मार्गदर्शन अनुरुप कार्यदलको नामाकरण, कार्यदिश, कार्यसूची, कार्यविधि, समयसीमा र आचारसंहिता तथा कार्यविधि निर्धारण गरेको छ। तदनुरुप समस्या समाधानका वस्तुपरक उपायहरुको खोजी गर्ने उद्देश्यले हार्दिकताका साथ छलफल गर्दै निम्नानुसारको सुझाव प्रतिवेदन प्रस्तुत गरिएको छ :

१. कार्यविधि

१.१ नामाकरण : कार्यदलको नाम नेपाल कम्युनिष्ट पार्टी (नेकपा), समस्या समाधान सुझाव कार्यदल, २०७७ रहेको छ।

१.२ कार्यादेश : पार्टीको आन्तरिक जीवन तथा सरकार सञ्चालनका सम्बन्धमा देखिएका समस्याका बारेमा छलफल गर्ने र अध्यक्ष कमरेडहरु समक्ष समस्या समाधानका लागि सुझाव सहितको प्रतिवेदन प्रस्तुत गर्ने।

१.३ कार्य अवधि : कार्य आरम्भ गरेको मितिले ५ दिनमा काम सम्पन्न गर्ने।

१.४ आचारसंहिता

१.४.१ कार्यदलका सदस्य कमरेडहरुले कार्यदलको कार्य अवधी, बैठकको मिति, समय, कार्यसूची, बैठकमा व्यक्त विचार र निर्णय लगायत कुनै पनि बिषय सार्वजनिक नगर्ने। सार्वजनिक सञ्चार माध्यममा विवादास्पद कुरा नबोल्ने र विवाद उत्पन्न हुने कुनैपनि गतिविधिमा संलग्न नहुने।

१.४.२ संयोजक कमरेडले कार्यदलको कार्यप्रगतिका सम्बन्धमा नियमित रुपमा अध्यक्ष कमरेडहरुलाई जानकारी गराउने।

१.४.३ कार्यसूची निर्धारण गर्ने र मर्यादित ढंगले छलफल गर्ने।

१.४.४ छलफल पश्चात् प्रतिवेदनको मस्यौदा तयार गर्ने र मस्यौदा प्रतिवेदन उपर दफावार छलफल गरी पारित गर्ने।

१.५ कार्यसूची

१.५.१ पार्टी कामका सम्बन्धमा

१.५.१.१ पार्टीमा उत्पन्न अन्तरविरोध समाधान।

१.५.१.२ पार्टी एकीकरणका बाँकी काम।

१.५.१.३ पार्टीको एकता राष्ट्रिय महाधिवेशनको आयोजना।

१.५.२ सरकारको कामका सम्बन्धमा

१.५.२.१ नेपाल सरकार र अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशन बीचको मिलेनियम च्यालेञ्ज कम्प्याक्ट संझौता।

१.५.२.२ नेपालको सीमा समस्या र समाधान।

१.५.२.३ कोविड- १९ महामारीको रोकथाम, नियन्त्रण, उपचार र आर्थिक-सामाजिक पुनरुत्थान।

१.५.२.४ शान्ति प्रकृयाका बाँकी कामहरु।

२. तत्काल कार्यान्वयन गर्नु पर्ने सुझावहरु साउन ३१ गते सपन्न कार्यदलको पहिलो बैठकले तत्काल कार्यान्वयन गर्नका लागि निम्नानुसारकोसुझाव दिने निर्णय गरियो:

२.१ अध्यक्षद्वयबाट कार्यदल गठन भई कार्यारम्भ गरिसकिएको भएता पनि कार्यदल गठन सम्बन्धी निर्णयलाई केन्द्रीय सचिवालयबाट अनुमोदन गर्नु उचित हुन्छ। यस बीचमा भदौ १ गते सम्पन्न केन्द्रीय सचिवालयको बैठकले अध्यक्ष कमरेडहरुको कार्यदल गठन सम्बन्धी निर्णयलाई अनुमोदन गरेको जानकारी प्राप्त भएको छ। कार्यदलको सुझाव ग्रहण गरिएकोमा सचिवालयलाइ धन्यवाद व्यक्त गर्दछौं।

२.२ पार्टीमा जटिल र कठीन ठानिएको आन्तरिक अन्तरविरोध एवम् समस्या समाधानका निम्ति ठोस पहल हुनु सकारात्मक कुरा हो। यस् प्रयासलाई संस्थागत ढंगले सार्थक निष्कर्षमा पुर्‍याउनुपर्दछ। यसका लागि अनुकूल स्थिति सिर्जना हुनेगरी अध्यक्षद्वयबाट तत्काल पार्टीका नेता, कार्यकर्ता, सदस्य, शुभेच्छुक र आम जनसमुदायमा पार्टी एकता जोगाउने, पार्टी र सरकारको भूमिकालाई अझ धेरै प्रभावकारी बनाउनेर नेपाली जनताले यस्पार्टीको काँधमा सुम्पिएको अभिभारा सफलतापूर्वक पूरा गर्दै अघि बढ्ने सन्देश प्रवाह हुनेगरी संयुक्त वक्तव्य जारी गर्ने।

२.३ समस्या समाधानका लागि सार्थक प्रयास भईरहको यस विशेष परिस्थितिमा अध्यक्षद्वय, सचिवालय, स्थायी कमिटी, केन्द्रीय कमिटी लगायत सबै तहका कमरेडहरुले आपसमा अविश्वास र अन्तरविरोध सिर्जना गर्ने तथा पार्टीको एकता प्रकृयामा प्रतिकूल प्रभाव पार्ने प्रकृतिका निर्णय, कृयाकलाप वा अभिव्यक्ति नगर्ने।

३. पार्टी एकताको महत्वलाई आत्मसात गर्ने

३.१ नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको एकीकरणबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन हुनु ऐतिहासिक एवम् दूरगामी महत्वको घटना हो। यस एकताले राजनीतिक स्थायीत्व सुनिश्चित गर्नुका साथै संविधाको रक्षा एवम् कार्यान्वयन गर्ने, सामाजिक न्याय सहितको विकास एवम् समृद्धि हासिल गर्ने र जनताको जनवाद कार्यान्वयन गर्दै समाजवाद तर्फ अघि बढ्ने बलियो आधार प्रदान गरेको छ। पार्टी एकता जोगाउन र जनता एवम् राष्ट्रको पक्षमा कृयाशील रहन सक्दा मुलुकमा लामो समयसम्म नेपाल कम्युनिष्ट पार्टी ( नेकपा)को अविच्छिन्न नेतृत्व रहने सुनिश्चित छ। योदेशको अग्रगमनका लागि आवश्यक छ।

३.२ तर पार्टी एकता पछि उत्पन्न चुनौतीहरुलाई सामना गर्ने बिषयमा आवश्यक ध्यान दिन सकिएन। नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा अभूतपूर्व र समस्त पार्टी पब्ती तथा आम नेपाली जनतालाई प्रेरणा प्रदान गर्ने पार्टी एकता अभियानको अगुवाई गरेको नेतृत्वले एकता प्रकृयाका बाँकी काम समयमै सम्पन्न गर्न र पार्टी एकतालाई बलियो बनाउन प्रर्याप्त ध्यान दिन सकेन। पार्टीको एकता नै संकटमा पर्नेगरी अन्तरविरोधहरु सिर्जना हुँदै गए। फलस्वरुप एकतावद्ध पार्टी र यसको नेतृत्वमा विकास, समृद्धि, सामाजिक न्याय र समाजवादको बाटोमा अग्रसर हुने वा विभाजन र सर्वनाश तर्फ धकेलिने भन्ने स्थिति उत्पन्न भयो।

३.३ पार्टीलाई एकतावद्ध र सुदृढ बनाउन सकिएन भने संघीय लोकतान्त्रिक गणतन्त्र लगायत विगतका उपलब्धिहरुलाई जोगाउन, राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता एवम् स्वाभिमानको रक्षा गर्न र विकास, समृद्धि एवम् सामाजिक न्याय सुनिश्चित गर्दै समाजवाद तर्फ अघि बढ्न कठिन हुने छर्लब्ग छ। तसर्थ, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता र प्रभावकारीता लोकतन्त्र, राष्ट्रिय हितको संरक्षण तथा समृद्धि एवम् सामाजिक न्यायको पूर्वशर्त बन्न पुगेको छ। यही वास्तविकतालाई हृदयंगम गर्दै र विगतका कमजोरीहरुबाट शिक्षा लिनु पर्दछ। आपसी असमझदारी, अविश्वास र अन्तरविरोध समाधान गर्दै परस्परमा विश्वास र एकता कायम गर्नुपर्दछ। पार्टी एकता सुदृढ गर्दै जनताको अपेक्षा एवम्राष्ट्रको आवश्कता अनुरुप आम जनता र सिब्गो राष्ट्रलाई नेतृत्व प्रदान गर्नुपर्दछ। अन्तरविरोध उत्कर्षमा पुगेर स्थायी कमिटीको बैठक समेत अवरुद्ध हुनगएको परिस्थितिको गंभीरतालाई महशुस गर्दै स्थगित बैठकका कार्यसूची र अन्य अत्यावश्यक बिषयहरुमा सहमति र एकताका साथ उपयुक्त निर्णय गर्दै अघि बढ्नुपर्दछ।

३.४ पार्टी एकताबाट ऐतिहासिक महत्वका उपलब्धिहरु प्राप्त भएका छन्। पछिल्ला दिनहरुमा पार्टीको आन्तरिक जीवनमा प्रकट भएका तिक्ततापूर्ण अन्तरविरोधहरुले पार्टी एकताको औचित्यलाई खण्डित गर्न सक्तैनन्। हाम्रा सामु उपलब्धिहरुको रक्षा गर्दै थप उपलब्धि तर्फ अघि बढ्न पार्टी एकताको सुदृढीकरण अपरिहार्य छ। यही तथ्यद्वारा निर्देशित हुँदै पार्टी भित्रका, विशेषत: नेतृत्व तहका अन्तराविरोधलाई व्यवस्थापन गर्नु र पार्टीको आन्तरिक एकतालाई सबल तुल्याउनु पर्दछ।

४. पद्धती र संस्थागत प्रणालीलाई सबल तुल्याउने

४.१ सही र समयोचित सिद्धान्त, विचार र नीतिको मार्गदर्शनमा अघि बढेको र अतुलनीय त्याग एवम् बलिदानको जगमा निर्माण भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को शक्ति र सामर्थ्यलाई ठीक ढंगले बुझ्न नसक्दा समस्या उत्पन्न भएको छ। विगतमा विभिन्न सन्दर्भमा नेतृत्व तहबाट गम्भीर प्रकृतिका गल्ति, कमजोरीहरु हुन पुगे। अब सम्बन्धित सबैले आ-आफ्ना गल्ति, कमजोरीहरु प्रति आत्मसमिक्षक र आत्मालोचित हुँदै भविष्यमा त्यसप्रकारका गल्ति, कमजोरीहरु दोहोरिन नदिने प्रतिज्ञा गर्नुपर्दछ। अतितमुखी होइन भविष्यमुखी भएर, वर्तमानका चुनौतीलाई वेवास्ता गरेर होइन तिनलाई सामना गर्ने सही निष्कर्ष र सार्थक योजनाका साथ अघि बढेर जनताले सुम्पिएको अभिभारा पूरागर्दै मुलुकको उज्वल भविष्य सुनिश्चित गर्न संकल्पबद्ध हुनपर्दछ। केन्द्र सरकार, ६ प्रदेश सरकार र अधिकांश स्थानीय तहमा नेतृत्व गरिरहेको नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) को सुदृढ एकता देश र जनताको हित र सवलिकरणका लागि अत्यावश्य रहेको छ भन्ने सत्यवोध गर्नुपर्छ। जनता र राष्ट्रको हितमा समर्पित, निस्वार्थ एवम् सिद्धान्तनिष्ठ एकताको पक्षमा दृढ निश्चयका साथ उभिनुपर्दछ।

४.२ कार्यकर्ता र जनतामा रहेको चासो, चिन्ता र खबरदारीले पार्टी एकता अक्षुण्ण राख्न र समस्या समाधान गर्दै अघि बढ्न प्रेरणा प्रदान गरेको छ। नेता, कार्यकर्ताबाट पार्टी एकताको पक्षमा भएका प्रयासहरु र नेतृत्व पब्तिमा अन्तरनिहित चाहनाले गर्दा विभाजन तर्फ होइन, एकता र सहमति तर्फ अग्रसरहुन सम्भव भएको छ। अब सबै खाले षडयन्त्र तथा दाउपेचहरुलाई चिर्दै पार्टी एकतालाई अक्षुण्ण राख्नपर्दछ, पार्टीको काँधमा नेपाली जनताले सुम्पिएको युगिन अभिभारा योग्यतापूर्वक बहन गर्न, राष्ट्रिय स्वाधीनताको रक्षा गर्दै सामाजिक न्याय सहितको विकास एवम् समृद्धि सुनिश्चित गर्न र समाजवादको आधार तयार गर्न अविचलित भएर अघि बढ्नुपर्दछ। नेपाल कम्युनिष्ट पार्टी ( नेकपा)को पक्षमा रहेको जनाधारलाई अझ धेरै फराकिलो पार्नुपर्दछ र अन्तर्राष्ट्रिय जगतमा यस पार्टीको लोकतान्त्रिक छवि र प्रतिष्ठालाई अझ माथी उठाउनुपर्दछ।

४.३ पार्टी भित्र उत्पन्न अन्तरविरोधहरु ठीक किसिमले समाधान गर्न नसक्दा संस्थागत प्रवन्ध उलब्घन भएको र आन्तरिक एकता कमजोर भएको गहिरो पीडा हामीसंग छ। तसर्थ विगतका अन्तरविरोध एवम् अनुभवहरुबाट शिक्षा लिदै पार्टी एकताको मर्म र भावना, दुई पार्टीका वीच एकता गर्दाका सहमतिहरु र संस्थागत रुपमा तय गरिएका विचार, नीति, विधि र पद्धती अनुशरण एवम् कार्यान्वयन गर्नुपर्दछ। कार्यान्वयन हुन बाँकी रहेका विगतका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ। सचिवालय, स्थायी कमिटी, केन्द्रीय कमिटी लगायत समस्त पार्टी पब्तिलाई विधि, पद्धती र संस्थागत निर्णयका आधारमा सञ्चालन गर्नुपर्दछ। कम्युनिष्ट पार्टीको जीवन, विचार र विधिमा आधारित हुन्छ र सिर्जित समस्याको समाधान पनि संस्थागत प्रणाली अन्तर्गत खोज्नु पर्दछ भन्ने मान्यतालाई पालना गर्नुपर्दछ।

४.४ आन्तरिक विवादका कारणले यतिबेला पार्टी अनुशासनलाई गुट अनुशासनले र पार्टीलाई गुटले विस्थापित गर्न खोज्दै छ। गुट-गुटका अलग-अलग बैठक बस्ने, निर्णय गर्ने र सार्वजनिक रुपमा आरोप-प्रत्यारोपमा उत्रिने जस्ता गलत अभ्यासहरु भईरहेका छन्। गुटवन्दीको असर पार्टी र तीनै तहको सरकारको काममा देखिनथालेको छ। हामीले एकातीर पार्टीमा विधि, पद्धतीलाई कडाईका साथ स्थापित गर्दै संस्थागत रुपमा निर्णय गर्ने प्रणालीलाई बलियो गरी आत्मसात् गर्नुपर्दछ भने अर्कोतर्फ पार्टीमा देखापरेका अनेकता, अराजकता, अनुशासनहीनता र गुटवन्दीपूर्ण कृयाकलापलाई कडाईका साथ नियन्त्रण गर्नुपर्दछ। पार्टीको नीति, नेता र कार्यकर्ताका विरुद्ध सामाजिक सञ्जालमा जथाभावी लेख्नेर पार्टी हित विपरीत गतिविधि गर्ने प्रवृत्तिलाई रोक्नु पर्दछ। गुटवन्दीपूर्ण त्यस्ता कृयाकलापलाई सम्पूर्ण रुपमा अन्त्य गर्न जिम्मेवार कमरेडहरु स्वयम्तयार हुनुपर्दछ र अरु सम्बद्ध सबैलाई तयार गर्नुपर्दछ। अनेकता, अराजकता, अनुशासनहीनता र गुटवन्दीपूर्ण कार्यलाई अनुशासनात्मक कार्वाईको बिषय बनाउनु पर्दछ।

४.५ संविधानसभाबाट संविधान निर्माण गर्ने असंभव जस्तो ठानिएको जिम्मेवारी हाम्रो एकता र अग्रसरतामा सफल भयो। त्यस्तै असंभव झैं ठानिएको चुनावी गठवन्धन र ऐतिहासिक पार्टी एकता पनि हाम्रै दूरदृष्टि, सुझबुझपूर्ण र साहसिक निर्णयको परिणाम थियो। तर पछि एकतालाई अक्षुण्ण राख्दैउद्देश्य केन्द्रीत भएर अघि बढ्न पर्नेमा पाइला पाइलामा चुक्दै गइयो। नेपाली जनता र नेपाल राष्ट्रकोस्थायित्व र उन्नति देख्न नचाहने नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का बैरीहरुले यस् पार्टीमा विग्रह र विभाजनको अपेक्षा गर्नु अनौठो कुरा होइन। तर पार्टी भित्र उत्पन्न असमझदारी र अन्तरविरोधहरु समाधान गर्नमा आफै असमर्थ हुँदैजाने स्थिति बन्यो। अब यस्तो स्थितिलाई सबैले मिलेर परिवर्तन गर्नुपर्छ। अन्तरविरोधहरु अविलम्ब समाधान गर्दै पार्टी एकताको रक्षा र विकास गर्नुपर्दछ। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लेनेपाली जनताको उज्वल भविष्य सुनिश्चत गर्त र नेपाल राष्ट्रको स्वाभिमान एवम् सम्मानको रक्षा गर्नसक्छ भन्ने तथ्यलाई पुनर्पुष्टि गर्नुपर्दछ।

४.६ अन्त:पार्टी संघर्षको कठीन र जटिल मोडबाट गुज्रीएको हाम्रो पार्टीले विगतमा जस्तै यसपटक पनि पार्टी भित्र उत्पन्न अन्तरविरोधहरुलाई समाधान गर्नुपर्दछ र चुनौतीहरुलाई एकतावद्ध भएर सामना गर्नुपर्दछ। पार्टीमा नयाँस्तरमा एकता कायम गर्नुपर्दछ र समस्त पार्टीपंक्ति तथा आम जनसमुदायमा एकताको सन्देश सम्प्रेषण गर्नुपर्दछ। केही समय यता पार्टी भित्रको अन्तरविरोधको कारणले पुग्न गएको क्षतिलाई पारस्परिक विश्वास, सम्मान, एकता र समझदारीका साथ पूर्ति गर्नुपर्दछ। अस्वस्थ बहस र गुटगत अभ्यास पार्टी जीवनको लागि खतरनाक शत्रु जस्तै भएको यथार्थलाई महशूस गर्दै पार्टीका स्थापित सैद्धान्तिक मान्यता, नीति र विधिको जगमा उभिएको एकताबद्ध पार्टी नै अग्रगति र प्रगतिको आधार हो भन्ने वास्तविकतालाई बलियो गरी स्थापित गर्नुपर्दछ।

४.७ पार्टीमा विधि तथा पद्धती स्थापित गर्न, गुटवन्दी र अनुशासनहीनता अन्त्य गर्न तथा नेता, कार्यकर्ता एवम् जनप्रतिनिधिहरुको कार्यशैली र जीवनशैलीलाई मार्गदर्शन गर्न विगतमा बनाइएको आचारसंहितालाई परिमार्जन गरी कडाईका साथ लागु गर्नुपर्दछ। सबैले, विशेषत: जिम्मेवार कमरेडहरुले, पारदर्शी र जवाफदेही जीवनशैली अपनाउनु पर्दछ र सबैलाई आफ्नो आचरण तथा कामप्रति जवाफदेही बनाउनु पर्दछ।

५. कार्यविभाजन तथा कार्याधिकार स्पष्ट पार्ने पार्टीमा दुई अध्यक्षीय व्यवस्थाको समझदारीपूर्ण एवम् प्रभावकारी कार्यान्वयन हुन नसक्दा शीर्ष नेतृत्व तहमा अविश्वास र अन्तरविरोध उत्पन्न हुनेगरेको छ। एउटा समस्या समाधान गरेको केही समय पछि फेरी नयाँ रुप र स्तरमा अर्को समस्या आईलाग्ने गरेको छ। यस अवस्थाको नकारात्मक प्रभाव समग्र पार्टी तथा सरकारको काममा समेत परिरहेको छ। अब पारस्परिक विश्वास, सहमति, विधान र पद्धती अनुरुप समस्या समाधान गर्नुपर्दछ। यसका लागि अध्यक्षद्वयका वीचमा निम्नानुसार कार्यविभाजन र कार्याधिकार निश्चित गर्नुपर्दछ :

५.१ पार्टी विधान बमोजिम अध्यक्षद्वय र महासचिवको आपसी परामर्श र सहमतिका आधारमा सचिवालय, स्थायी कमिटी, पोलिटव्यूरो तथा केन्द्रीय कमिटी बैठकका कार्यसूची तथा निर्णय प्रस्ताव तयार गरी सम्बन्धित कमिटीको बैठकमा पेश गर्ने र तदनुरुप बैठक सञ्चालन गर्ने। सामुहिक नेतृत्व तथा व्यक्तिगत जिम्मेवारीको संस्थागत प्रणालीलाई अवलम्बन गर्ने र सबल बनाउने।

५.२ अध्यक्ष कमरेड केपी शर्मा ओलीले प्रतिनिधिसभाको यो कार्यकाल भरी प्रधानमन्त्रीको जिम्मेवारीमा रहेर सरकारलाई नेतृत्व गर्ने र मूलत: सरकारको काममा केन्द्रीत हुने।

५.३ अध्यक्ष कमरेड पुष्पकमल दाहाल ‰प्रचण्ड' ले कार्यकारी अधिकार सहित मूलत: पार्टीका बैठकहरुको सञ्चालन, निर्णयहरुको कार्यान्वनय र समग्र पार्टी कामको जिम्मेवारीमा केन्द्रीत हुने।

५.४ अध्यक्षद्वयले पार्टी र सरकार वीचको काममा समन्वय गर्ने र संस्थागत रुपमा अघि बढाउने।

६. पार्टी एकताका बाँकी काम सम्पन्न गर्ने

६.१ पार्टी एकता सम्पन्न भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भएको दुई बर्ष बितिसकेको छ। आजसम्म आईपुग्दा पार्टी एकताका सम्पूर्ण काम सम्पन्न गर्ने, सदस्यता नवीकरण गर्ने र स्थानीय कमिटीका अधिवेशनहरु र राष्ट्रिय महाधिवेशन समेत सम्पन्न गर्नुपर्ने थियो। तर अहिले सम्म पनि एकता-एकीकरणका कतिपय महत्वपूर्ण कामहरु समेत सम्पन्न हुनसकेका छैनन्।

६.२ फरक-फरक राजनीतिक कार्यदिशा र पृष्ठभूमीले निर्माण गरेको मनोविज्ञान, प्रमुख नेताहरुका बीचमा बेलाबेलामा उत्पन्न असमझदारी र एकीकरणका संगठनात्मक बिषयहरुमा सहमति हुन नसक्ने जस्ता समस्याहरुले एकीकरण प्रकृयामा अनपेक्षित विलम्ब हुनपुगेको छ। कोविड-१९ महामारीको सामना गर्नुपर्ने जस्तो अनपेक्षित राष्ट्रिय समस्याले पनि पार्टीकाम प्रभावित हुन पुगेको छ।

६.३ केन्द्रीय कमिटीको दोश्रो बैठकले आगामी चैत २५ देखि ३० गते पार्टीको एकता महाधिवेशन सम्पन्न गर्ने निर्णय गरिसकेको छ। अब एकता-एकीकरणका बाँकी कामहरु सम्पन्न गर्दै महाधिवेशनको सफल आयोजनाको तयारी गर्नुपर्छ। केन्द्रीय सचिवालयले पार्टी विधान र नियमावलीको व्यवस्था र निर्धारित मापदण्डका आधारमा एकता-एकीकरणका बाँकी कामहरु एक महिना भित्र सम्पन्न गर्ने। केन्द्रीय तहका सल्लाहकार परिषद, जेष्ठ कम्युनिष्ट मञ्च, पोलिटव्यूरो, विभागहरु, प्रदेश र स्थानीय तहका कमिटीहरु, जनवर्गीय संगठहरु र प्रवास क्षेत्रकोसंगठनात्मक एकीकरणका साथै सम्पत्ति र अभिलेखको समेत एकीकरण सम्पन्न गर्ने।

कार्यान्वयन हुन बाँकी रहेका पूर्ववर्ती निर्णयहरु कार्यान्वयन गर्ने। विवादका कारणले अवरुद्ध हुनपुगेको एकीकरण प्रकृयालाई सहमतिका साथ अघि बढाउनेर आवश्यकता अनसार नयाँ निर्णय लिने। केन्द्रीय तहबाट गर्नैपर्ने काम केन्द्रीय सचिवालयलले गर्ने र अन्य कामका लागि सम्बद्ध निकाय वा मातहत कमिटीलाई अधिकार प्रत्यायोजन गर्ने।

६.४ पार्टी विधानमा उल्लेखित महानगर कमिटीको स्तर, मर्यादा र जिम्मेवारीलाई बुझ्ने तथा कार्यान्वयन गर्ने सन्दर्भमा विद्यमान अन्योलाई एकीकरण प्रकृयामा बाधा सिर्जना गरेको छ। विधानको व्याख्याद्वारा यस अन्योलको अन्त्य गर्ने। विधान अनुसार महानगर कमिटीको मर्यादा जिल्ला कमिटी सरह हो तथापी महानगर कमिटी सम्बन्धित जिल्ला कमिटीको मातहत हुन्छ। यही मान्यता अनुरुप महानगर कमिटीको एकीकरण कार्य सम्पन्न गर्ने। यसरी एकीकरण सम्पन्न गर्दा पूर्व निर्णयहरु प्रभावित हुने भएमा तदनुरुप व्यवस्थापन गर्ने।

६.५ अन्तरविरोध र असमझदारीको कारणले गर्दा कतिपय जिल्ला र सो मातहतमा पार्टी कमिटीहरु गठन हुनसकेका छैनन्। एकीकरणको क्रममा कतिपय स्थानमा मापदण्ड उल्लघ्घन भएको र अनुशासनात्मक बिषयसंग सम्बन्धित अन्य बिषयहरुमा उजुरी र गुनासाहरु प्राप्त भएका छन्। निश्चित समय भित्र सत्य-तथ्य यकीन गरी पार्टी विधान तथा नियमावलीको प्रवन्ध र निर्धारित मापदण्डको आधारमा यस्ता समस्याहरुको समाधान गर्ने जिम्मेवारी केन्द्रीय संगठन विभागलाई दिने।

७. राजनीतिक तथा संगठनात्मक क्षेत्रमा निम्नानुसार गर्ने

७.१ परिभाषित कामको मूल्याब्कनमा आधारित भएर केन्द्रीय कमिटीको कार्यविभाजनको पुनरावलोकन गर्ने।

७.२ पार्टीको अन्तराष्ट्रिय सम्बन्धलाई पार्टी नीति तथा विधि अनुरुप संस्थागत एवम् पारदर्शी रुपमा सञ्चालन गर्ने र कूटनीतिक मान्यतासंग अमिल्दा कार्यहरु नगर्ने।

७.३ राजनीतिक दल सम्बन्धी कानुनी व्यवस्था कार्यान्वयन गर्ने।

७.४ प्रदेश तथा स्थानीय तहका अधिवेशनबाट निर्वाचित हुने पार्टी कमिटीहरुका लागि कमिटीको संरचना र अधिकतम्संख्या निर्धारण गर्ने।

७.५ पार्टी भित्र विद्यमान विवाद वा मतभेदका सम्बन्धमा एउटा निश्चित समय वा विन्दु निर्धारण गरी पुन: त्यस प्रकारको अन्तरविरोधपूर्ण विवाद नहुने कुरा सुनिश्चित गर्ने। सार्वजनिक रुपमा गरिने तथ्यहीन र अमर्यादित आरोप प्रत्यारोप बन्द गर्ने। आफ्नो मत वा असहमति कमिटी प्रणाली अन्तर्गत मर्यादित रुपमा राख्ने। गुटवन्दीपूर्ण क्रियाकलाप नगर्ने, गुटगत गतिविधिलाई संरक्षण, प्रोत्साह र प्रश्रय नदिने। गुटबन्दीपूर्ण कार्यलाई अनुशासनात्मक कार्वाहीको बिषय बनाउने र पार्टी विधान बमोजिम कार्वाही गर्ने।

७.६ सबै तहका पार्टी कमिटी तथा निकाय र विभागहरुको बैठक विधान बमोजिम नियमित रुपमा आयोजना गर्ने।

७.७ पार्टीलाई जनता र राष्ट्रका सामु उपस्थित चुनौती सामना गर्न केन्द्रीत गर्ने। त्यसका लागि राष्ट्रिय सुरक्षा नीति, परराष्ट्र नीति, प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति, सामाजिक न्यायमा आधारित आर्थिक समृद्धि एवम् विकास र समाजवाद उन्मुख आर्थिक सामाजिक प्रणाली जस्ता बिषयहरुमा छलफलको प्रवन्ध गर्ने। यस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका बिषयहरुमा पार्टीमा नीतिगत निर्णय गर्ने र कार्यान्वयन गर्ने।

७.८ पार्टी कमिटी तथा जनसंगठनमा विद्यमान गम्भीर प्रकृतिका अन्तविरोधहरुलाई आन्तरिक छलफल र पारस्परिक सहमतिको आधारमा समाधान गर्न निर्देशन जारी गर्ने। गम्भीर प्रकृतिका अन्तरविरोधहरुको समाधानका लागि केन्द्रीय संगठन विभागको तर्फबाट विशेष टोली खटाउने।

७.९ विभिन्न कारणले जिम्मेवारी प्राप्तगर्न बाँकी कमरेडहरुको अभिलेख तयार गरी आवश्यक व्यस्था गर्ने।

७.९ पार्टीमा अनुशासनात्मक कार्वाही गर्नुपर्ने वा कार्वाही फुकुवा गर्नुपर्ने बिषयमा यथाशिघ्र टुब्गो लगाउने।

७.१० केन्द्रीय कमिटीको निर्णय अनुरुप पार्टीको केन्द्रीय कार्यालय भवन गर्ने।

८. एकताको राष्ट्रिय महाधिवेशन आयोजना गर्ने पार्टी केन्द्रीय कमिटीको दोश्रो बैठकले तय गरेको मिति २०७७ चैत २५ देखि ३० गतेएकताको राष्ट्रिय महाधिवेशन सम्पन्न गर्न तयारी कार्य निम्नानुसार अघि बढाउने:

८.१ पार्टी एकताको भावना एवम् मर्म अनुरुप सहमतिका साथ महाधिवेशन सम्पन्न गर्ने। महाधिवेशनसंग सम्बन्धित अन्य प्रक्रियागत कुराहरु पार्टीको विधान बमोजिम गर्ने। महाधिवेशनबाट पार्टीका नीति, विचार, विधि, पद्धती एवम् नेतृत्व सुनिश्चित गर्ने र पार्टी एकतालाई सुदृढ तुल्याउने।

८.२ विचार, नीति र विधि सम्बन्धी बिषयलाई महाधिवेशन तयारीको महत्वपूर्ण बिषयका रुपमा ग्रहण गर्ने र तदनुरुप मस्यौदा दस्तावेजहरु तयार गर्ने। मस्यौदा दस्तावेजहरु तयार भएसंगै वैचारिक, नीतिगत तथा विधिगत बिषयमा बहस, छलफल सञ्चालन गर्ने।

८.३ महाधिवेशनबाट मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा नेपाली विशेषता अनुरुप नेपाली कम्युनिष्ट आन्दोलनले विकसित गरेका अनुभव तथा मौलिक एवम् सृजनात्मक सिद्धान्तहरुलाई संस्थागत गर्ने। यस क्रममा साविक नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को नेतृत्वमा सञ्चालित शान्तिपूर्ण र सशस्त्र आन्दोलनका सकारात्मक वैचारिक पक्षहरुको संश्लेषण गर्ने।

८.४ महाधिवेशन सम्बन्धी कार्ययोजना पारित गर्न असोज १५ देखि १७ गते केन्द्रीय कमिटीको बैठक आयोजना गर्ने। उक्त बैठकमा केन्द्रीय सचिवालयबाट एकताको राष्ट्रिय महाधिवेशन आयोजनाको तयारीका लागि दस्तावेज मस्यौदा कमिटी, मूल व्यवस्थापन कमिटी लगायत अन्य आवश्यक संरचना, प्रतिनिधि छनोट विधि र कार्यतालिका लगायत समग्र कार्ययोजना प्रस्तुत गर्ने।

८.५ केन्द्रीय कमिटीको बैठकलेउक्त कार्ययोजना सम्बन्धमा छलफल गरी पारित गर्ने।

८.६ संगठन विभागको कार्ययोजनामा आगामी असोज महिना भित्र सम्बन्धित जिल्ला कमिटीहरुले पार्टीको संगठित सदस्ता विवरण अद्यावधिक गरी प्रदेश कमिटी हुँदै केन्द्रीय संगठन विभागमा पठाउने। मब्सीर महिना भित्र संगठित सदस्यता नवीकरण सम्पन्न गर्ने। प्रवास क्षेत्रमा पनि सोही अनुरुप गर्ने।

९. सरकारको कामका सम्बन्धमा सरकारको कार्यकाल आधा भन्दा बढी व्यतित भैसकेको छ। यस बीचमा पार्टी भित्र उत्पन्न अन्तरविरोधले गर्दा सरकारका काम समेत प्रभावित भए। देशलाई विकास, समृद्धि, सामाजिक न्याय र समाजवाद तर्फ अघि बढाउन आगामी निर्वाचनमा अहिलेको भन्दा अनुकूल परिणाम प्राप्त गर्ने तयारीका साथ अघि बढ्नु पर्छ। त्यसका लागि निम्नानुसारका कार्यहरु गर्ने :

९.१ सरकारको कामलाई कोविड- १९ महामारीले सिर्जना गरको चुनौतीको सामना, सीमा समस्याको समाधान, चुनावी घोषणा पत्रको कार्यान्वयन र पार्टी तथा सरकारका तर्फबाट गरिएका सार्वजनिक प्रतिवद्धताहरुको कार्यान्वयन जस्ता महत्वपूर्ण बिषयहरुमा केन्द्रीत गर्ने।

९.२ सरकार पार्टीको नीतिगत मार्गदर्शनमा सञ्चालन हुनेस्थापित मान्यतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। सचिवालयका सदस्य कमरेडहरुको सुझाव, अध्यक्षद्वयको आपसी परामर्श र सहमति तथा सम्वैधानिक व्यवस्था, कानुनी प्रवन्ध र निश्चित मापदण्डका आधारमा संघीय मन्त्री परिषद र प्रदेश

*क्रमश: पृष्ठ ५ मा*

## मधेश अपडेट

### निजी अस्पताललाई कोरोना उपचारमा प्रयोग गरिने

जनकपुरधाम। प्रदेश २ सरकारले प्रदेशमा रहेका निजी अस्पताल र मेडिकल कलेजलाई कोरोना संक्रमितको उपचारका लागि प्रयोग गर्ने भएको छ। प्रदेश संकट व्यवस्थापन केन्द्रले संघीय सरकारले तोकेको दररेट अनुसार रकम दिएर ती अस्पताललाई कोरोना संक्रमितको उपचारमा प्रयोग गर्ने निर्णय गरेको हो। मेडिकल कलेज तथा निजी अस्पतालले असहयोग गरेमा संघीय सरकारलाई लेखेर पठाउने वा कानुनी कारबाही गर्ने निर्णय पनि प्रदेश सरकारले गरेको छ। हाल प्रदेश २ को पर्सा, बारा, रौतहट, महोत्तरी, सर्लाही सप्तरीसहितका जिल्लामा कोरोना संक्रमितको संख्या बढिरहेका छन्। संख्या बढेसँगै संक्रमितले उपचार नपाउने अवस्था सिर्जना भएको छ। बैठकले बिरामी उपचार नगरी फर्काउने सरकारी, सामुदायिक र निजी स्वास्थ्य संस्थालाई त्यसो नगर्न निर्देशन दिएको छ। यदि बिरामी उपचार नपाई फर्काइए कानूनी कारबाही गर्ने पनि बैठकले निर्णय गरेको छ। प्रदेश २ सरकारले प्रत्येक जिल्लामा कम्तीमा ४ वटा एम्बुलेन्स तयारी अवस्थामा राख्ने निर्णय पनि गरेको छ। प्रमुख जिल्ला अधिकारीको समन्वयमा परिचालन हुने गरी एम्बुलेन्स तयारी अवस्थामा राखिने प्रदेश सरकारले जनाएको छ। जनकपुर, राजविराज र वीरगञ्जमा पीसीआर मेसिन थप गर्ने र सिरहा, महोत्तरी, सर्लाही, बारा र गौर अस्पतालका लागि पीसीआर मेसिन खरिद गर्ने निर्णय पनि गरेको छ। ती जिल्लामा प्रयोगशाला सञ्चालनका लागि करार सेवामा जनशक्ति पदपूर्ति गर्ने निर्णय पनि गरिएको छ।

### रौतहटमा ३ सय बेडको आइसोलेशन सञ्चालन

रौतहट। रौतहटमा तीन सय बेड क्षमताको सुविधा सम्पन्न आइसोलेशन सञ्चालनमा आएको छ। देवाही गोनाही नगरपालिका धरहरीस्थित जयकिसान पोलिटेक्निकल क्याम्पसको भवनमा शनिबारदेखि तीन सय शैय्याको आइसोलेशन सञ्चालनमा आएको हो। जिल्लामा कोरोनाभाइरस संक्रमितको संख्या बढदै गएपछि जिल्ला संकट व्यवस्थापन समितिको निर्णयले १८ वटै स्थानीय तहसँग तत्काल ५ लाख रुपैयाँ माग गरेको थियो। माग अनुसार १८ मध्ये कटहरिया, बौधिमाई, गढिमाई, गौरलगायत ७ स्थानीयतहले सनिवार शुक्रबार सम्म जिल्ला अस्पताल विकास समितिको खातामा जम्मा गरेपछि आईसोलेसन सञ्चालन भएको हो। आइसोलेसनमा बस्ने बिरामीको एकजना मेडिकल अधिकृतको मातहतमा ४ जनाको टोलीले उपचार गर्नेछ। त्यसैगरी प्रदेश २ को सामाजिक विकास मन्त्रालयले उपलब्ध गराउन लागेको पिसिआर जाँच मेसिन अगामी दुई साताभित्र सञ्चालन हुनेछ।

### वीरगन्जका मेयर सरावगी कोरोना मुक्त

वीरगन्ज। वीरगञ्ज महानगरपालिकाका मेयर विजय सरावगी कोरोना संक्रमण मुक्त भएका छन्। मेयर सरावगीले संक्रमण पुष्टि भएको २५ दिनपछि कोरोनालाई जितेका हुन्। मेयर सरावगीको आइतबार नारायणी अस्पतालमा स्वाब परीक्षण गर्दा नेगेटिभ आएको हो। उनी २५ दिन केही दिन काठमाडौं र केही दिन वीरगन्जमा होम आइसोलेसनमा थिए। वीरगन्जकै विभिन्न गाउँमा राहत वितरणका लागि पुग्दा मेयर सरावगी संक्रमित भएको खुलेको थियो। उनी संक्रमित भएपछि उनको सम्पर्कमा आएका उनका बुवा, आमा पत्नी, महानगरका प्रमुख प्रशासकीय अधिकृत प्रदीपकुमार निरौला, सामाजिक विकास महाशाखा प्रमुख तथा गुनासो अधिकारी र चार वटा वडाका अध्यक्षहरू संक्रमित भएका थिए। यसैबीच मेयर सरावगीले आफू र आफ्ना परिवारका सदस्य कोरोनाबाट मुक्त भए पनि बाबुको स्वास्थ्यमा सुधार नभएको बताएका छन्।

### पुजारी हत्याकाण्डमा साहको पाँचबुँदे माग

रौतहट। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता तथा सांसद प्रभु साहले रौतहटको माधवनारायण नगरपालिकाको खेसरहियामा हनुमान मन्दिरको पुजारी श्रीराम साहको हत्याकाण्डको सम्बन्धमा पाँच बुँदे माग गरेका छन्। भदौ ३ गते बेलुका खाना खाइरहेको बेला कन्चटमा गोली हानेर पुजारी साहको हत्या भएको थियो। यस अघि नै घटनाप्रति गृह प्रशासनको ध्यानाकर्षण गराएका सांसद साहले सोमबार थप पाँच बुँदे स्पष्ट माग राखेका हुन्। सांसद साहले पुजारी श्रीराम साहको हत्यारालाई तुरुन्त पक्राउ गर्नुपर्ने, मृतक साधु श्रीरामलाई शहिद घोषणा गर्नुपर्ने, पीडित परिवारलाई क्षतिपूर्ति व्यवस्था गर्नुपर्ने, श्रीराम साहको सालिकसहित भव्य हनुमान मन्दिरको निर्माण शुरु गर्नुपर्ने र शान्ति सुरक्षाको लागि उक्त बजार (खेसरहिया) मा प्रहरी चौकी स्थापना गर्नुपर्ने माग राखेका हुन्। प्रहरीद्वारा थालिएको घटनाको प्रारम्भिक अनुसन्धानमा तालिमप्राप्त कुकुरको मद्दतले सुरु गरिएको अनुसन्धानबाट हिन्दु-मुस्लिम बीच साम्प्रदायिक द्वन्द्व सृजना गर्ने उद्देश्यले राजनीतिक समुहबाट यस्तो भएको हुनसक्ने आशंका गरिएको छ। प्रहरी निकट स्रोतका अनुसार अनुसन्धानमा खटाइएको कुकुरले घटनास्थलबाट सिधै एक स्थानीय नेताको घरमा पुगेकोले राजनीतिक समुहको संलग्नताबारे प्रहरीले छानबिन तीव्र पारेको छ। घटनाको चौतर्फी आलोचना भएको भएपनि प्रशासनले ठोस तथ्य पत्ता नलाग्नुमा ठूलो शक्तिको चलखेल रहेको स्थानीयको आरोप छ।

### विराटनगर महानगरले किन्यो पीसीआर मेसिन

विराटनगर। कोरोना भाइरस (कोभिड-१९) संक्रमण जाँचका लागि विराटनगर महानगरपालिकाले आफ्नै पीसीआर मेसिन किनेको छ। सम्भावित कोरोना संक्रमितको नमुना संकलन गरेको रिपोर्ट आउन ढिलो भएपछि महानगरले छुट्टै पीसीआर मेसिन खरिद गरेको हो। यो मेसिन कोशी अस्पताल विराटनगरले सञ्चालन गर्नेछ। मेसिन सञ्चालनका लागि महानगरपालिकाले कोशी अस्पताललाई २५ लाख रुपैयाँ बजेट उपलब्ध गराएको मेयर भीम पराजुलीले जानकारी दिए। महानगरसँग प्रविधिक जनशक्ति नभएका कारण सञ्चालनको जिम्मा कोशीलाई दिएको उनले बताए। महानगरपालिकाले निजी क्षेत्रको सहयोगमा मेसिन खरिद गरेको छ। मेसिन खरिद र सञ्चालनका लागि निजी क्षेत्रबाट ६० लाख रुपैयाँको प्रतिवद्धता आएको मेयर पराजुलीले बताए। उनले आफ्नो एक वर्षको सुविधा पनि यही काममा खर्चने बताएका छन्।

### माल्याअर्पणसहित औतारदेईको स्मरण

नेपालगञ्ज। दानवीर एवं समाजसेवी स्व. औतारदेई कशौधन (चौधराइन)को १० स्मृति दिवसमा माल्यार्पण गरिएको छ। नेपालगञ्जमा शिक्षा र स्वास्थ्यको क्षेत्रमा आफ्नो करोडौंको सम्पति दान गरेर उदाहरणीय बनेकी स्वर्गीय चौधराइनको स्मृती दिवस मनाइदै आइएको छ। कोरोनाको विषम परिस्थितिलाई मध्यनजर गर्दै भेला लगायतका भव्य कार्यक्रम नगरिएपनि भेरी अञ्चल अस्पताल परिसरमा रहेको चौधराईनको प्रतिमामा माल्यार्पण गर्दै योगदानको बारेमा चर्चा गरिएको हो। उनको योगदानको स्मरण गर्दै भेरी अस्पताल विकास समितिले स्मृति दिवस गरेको हो। विस १९५४ मा जन्मिएकी चौधराइनको २०२८ भदौ ६ गतेका दिन निधन भएको थियो। स्व. चौधराईनले स्थानीय महेन्द्र बहुमुखी क्याम्पस, भेरी अञ्चल अस्पताल, नारायण मावि, जिल्ला जनस्वास्थय कार्यालयलाई जग्गा दान गरेर शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा पुर्‍याएकी थिइन्। कार्यक्रमका प्रमुख अतिथि एवं पुर्वमन्त्री मो इस्तियाक राईले औतारदेइको योगदानको अभिलेखीकरणसँगै सम्पतीको संरक्षण र सम्वर्द्धन गर्नु पर्ने दायीत्व हामी सबैको हुनु पर्ने आवश्यक्ता औल्याए।

### मृतक राजु सदाका परिवारलाई सहयोग

जनकपुरधाम। प्रदेश २ को प्रोदेशिक अस्पताल जनकपुरको आइसोलेसनमा छटपटिएर मृत्युवरण गरेका धनुषाको हंसपुर नगरपालिकाकाका राजु सदाका परिवारलाई बहराइनका लागि नेपाली राजदूत पदम सुन्दासले ५० हजार रुपैंया नगद सहयोग गरेका छन्। राजदूत सुन्दासको तर्फबाट प्रदेश प्रमुख तिलक परियारका प्रमुख स्वकीय सचिव पदम विश्वकर्माले हंसपुर नगरपालिकाको कार्यालयमा मृतक राजु सदाका बुवा अशेश्वर सदा र आमा निलम सदालाई नगद ५० हजार रुपैंया नगद रकम हस्तान्तरण गरेका हुन्। अभाव, उत्पीडनमाथि गरिने छुवाछूत विभेदका कारण दलित समुदायका व्यक्ति तथा परिवारहरुलाई परेको गहिरो पीडामा अलिकति मात्रै भए पनि मलम लगाउने उद्देश्यले आफ्नो पारिश्रमिकको केही अंश सदा परिवारलाई पठाएको राजदूत सुन्दासले बताए।

### चोरी र हातहतियार खरखजाना मुद्दाका फरार प्रतिवादी पक्राउ

कैलाली। चोरी र हातहतियार खरखजना मुद्दाका फरार प्रतिवादी धनगढी उपमहानगरपालिका-३ बस्ने ३८ वर्षीय विशाल चौधरीलाई सोही ठाउँस्थित चटकपुरबाट आइतबार प्रहरीले पक्राउ गरेको छ। २०७६ असार २३ गते सोही उपमहानगरपालिका-५ तारानगरस्थित विकास सिंहको किराना पसल लगायत विभिन्न स्थानमा चोरी गरेको घटनामा संलग्न व्यक्तिहरुको खोजी गर्ने क्रममा खटिएको प्रहरीले चौधरीलाई पक्राउ गरेको हो। साथै सोही ठाउँस्थित उनको डेराबाट गत साउन ३१ गते चोरीको सामान, चोरी गर्न प्रयोग हुने विभिन्न औजार, कटुवा पेस्तोल र ३ राउण्ड गोली समेत प्रहरीले गरेको थियो। जिल्ला अदालत कैलालीबाट चोरीका २ मुद्दामा ६० हजार रुपैयाँ जरिवाना र हातहतियार खरखजना मुद्दामा पुर्पक्षका लागि कारागार राख्ने आदेश भएका चौधरी फरार रहेका थिए। चौधरीलाई पुर्पक्षका लागि कारागार राख्ने आदेश भए पश्चात् कारागार पठाइएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ।

# नेकपा...

मन्त्रिपरिषद्को पुनर्गठन र राजनीतिक नियुक्ति सम्बन्धी निर्णय गर्ने। मन्त्री परिषद पुनर्गठन र राजनीतिक नियुक्तिका सम्बन्धमा योग्यता, क्षमता, निष्ठा, निरन्तरता, योगदान र राष्ट्रिय दृष्टिले सन्तुलन कायम हुनेगरी मापदण्ड निर्धारण गर्ने।

९.३ संसद समक्ष प्रस्तुत गरिने विधेयकका सैद्धान्तिक पक्ष र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका नीतिगत बिषयमा केन्द्रीय कमिटी वा स्थायी कमिटी वा सचिवालयमा संस्थागत रुपमा छलफल गरी पार्टीको धारणा तय गर्ने।

९.४ सरकार संविधानको रक्षा एवम् कार्यान्वयन, राष्ट्रिय हित र स्वाधीनताको संरक्षण एवम् सवलीकरण, स्वतन्त्र एवम्असंलग्न परराष्ट्रनीतिको अनुशरण, लोकतन्त्रलाई जीवन पद्धतीका रुपमा अवलम्बन गर्दै सामाजिक जीवनमा समेत विस्तारित र स्थापित गर्ने पहल, भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूती, सबै प्रकारका विभेद, असमानताको अन्त्य, विकास, समृद्धि एवम्समाजिक न्यायको सुनिश्चितता जस्ता बिषयहरुमा केन्द्रीत हुने।

९.५ भ्रष्टाचार तथा अनियमितताका सम्बन्धमा सरकार आफैले थालेका छानवीन प्रकृयालाई यथाशक्य चाँडो निष्कर्षमा पुऱ्याउने। सार्वजनिक रुपमा उठेका जनसरोकारका बिषयमा सत्यतथ्य सार्वजनिक गर्ने। भ्रष्टाचार र अनियमितकार्यप्रति शुन्य सहनशीलताको मान्यता अनुरुप दोषिमाथी कडा कानूनी कार्वाह गर्ने र भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्ने। अनुपयुक्त प्रशासनिक खर्च कटौती गर्ने र मितव्ययीताको नीति अवलम्बन गर्ने।

९.६ विकास बजेटको विनियोजन र कार्यान्वयन प्रकृयालाई भौगोलिक क्षेत्र तथा समुदायका दृष्टिले सन्तुलीत बनाउने। सन्तुलित राष्ट्रिय विकासको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

९.७ संविधान एवम् संघियताको प्रभावकारी कार्यान्वयनका लागि अत्यावश्यक कानुनहरु निर्माण गर्ने र बाभिmएका कानूनहरु संशोधन गर्ने।

९.८ जनता र राष्ट्रको पक्षमा सरकारले गरेका उपलब्धिपूर्ण कामहरुलाई समस्त पार्टी पब्तीको प्रभावकारी परिचालनद्वारा आम जनताको माभmमा लैजानेर स्थापित गर्ने।

९.९ सरकारको कामको आवधिक समीक्षा हुँदै आएको छ। पछिल्लो पटक हामीले केन्द्रीय कमिटीको दोस्रो बैठकमा सरकारको समीक्षा गरिएको थियो। महाधिवेशनपूर्व तथ्यपरक किसिमले सरकारको कामको समीक्षा गर्ने।

१०. संसदीय दलको भूमिकालाई प्रभावकारी बनाउने संसद पार्टी कामको महत्वपूर्ण कार्यथलो हो र हाम्रो पार्टी संघीय संसदमा करीव दुई तिहाई नजिकको हैसियतमा निर्वाचित भएको छ। संसदमा हाम्रो उपस्थिति अनुरुप प्रस्तुती र भूमिकालाई प्रभावकारी बनाउनु पर्छ। त्यसका लागि निम्नानुसार गर्ने :

१०.१ संसदीय दललाई दलको विधान अनुरुप सञ्चालन गर्ने। दलको विधानमा प्रवन्ध गरिएका संरचनाहरु निर्माण गर्ने र तीनलाई कृयाशील तुल्याउने।

१०.२ संसदीय दलको कार्यालय एउटै बनाउने।

१०.३ संसदीय दलका सदस्यहरुलाई सम्बन्धित बिषयहरुमा प्रशिक्षणको व्यवस्था गर्ने।

१०.४ सरकारले प्रस्तुत गर्ने नीति तथा कार्यक्रम, बजेट, विधेयकहरु र अन्य महत्वपूर्ण बिषयहरुमा संसदीय दलका सदस्यहरुमाभm छलफल गर्ने र सुभmाव लिने।

१०.५ संसदीय दलको निर्णयका आधारमा संसद तथा समितिहरुमा साँसदहरुको भूमिकालाई एकरुप र प्रभावकारी बनाउने। साँसदहरुले सरकारद्वारा प्रस्तुत नीति कार्यक्रम, बजेट, विधेयक, सन्धी लगायत प्रस्तावहरु पारित गर्न सक्रिय भूमिका निर्वाह गर्ने।

११. प्रदेश सरकार र स्थानीय निकायको भूमिका प्रभावकारी बनाउने प्रदेश सरकार, प्रदेशसभा र स्थानीय तहलाई पार्टी नीति अनुरुप परिचालनका लागि निम्नानुसारको प्रवन्ध गर्ने :

११.१ प्रदेश सरकारले नीति तथा कार्यक्रम, बजेट, अन्य नीतिगत बिषय र राजनीतिक नियुक्ति जस्ता महत्वपूर्ण निर्णयहरु प्रदेश पार्टी कमिटीका पदाधिकारीहरुसंगको समन्वयमा गर्ने। पार्टीसंगको समन्वयमा मन्त्री परिषद विस्तार तथा पुनर्गठन गर्नसक्ने। प्रदेशसभा दललाई मार्गदर्शन एवम् परिचालन गर्न सम्बन्धित प्रदेशको विशिष्ट विशेषता सहित आम रुपमा समान विशेषता भएको प्रदेशसभा दलको विधान पारित गर्न निर्देशित गर्ने।

११.२ स्थानीय तहले बार्षिक बजेट तथा कार्यक्रम र अन्य महत्वपूर्ण निर्णय गर्दा स्थानीय तहको सम्बन्धित कमिटीसंगको परमर्श र समन्वयमा गर्ने। पार्टीको नीति अनुरुप स्थानीय निकायको प्रभावकारी परिचालनका लागि पार्टी केन्द्रबाट निर्देशिका जारी गर्ने। निर्देशिका मस्यौदा गर्ने जिम्मेवारी स्थानीय तह विभागलाई दिने।

१२. नेपालको सीमा समस्या र समाधान सम्बन्धमा प्रस्ताव पारित गर्ने

११.१ नेपालको सीमा समस्या समाधानका सन्दर्भमा गरिएको अद्यावधिक नक्सा प्रकाशन र संविधान संशोधनका साथै नेपाली भूमिबाट भारतीय फौंज हटाउने र अतिक्रमित नेपाली भूमिमा नेपालको राजनीतिक तथा प्रशासनिक हकभोगस्थापित गर्ने सन्दर्भमा स्थायी कमिटीको बैठकबाट निम्नानुसारको प्रस्ताव पारित गर्ने :

१२.२ नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता र राष्ट्रिय हितको मामिलामा अहिले मुलुकमा अभूतपूर्व एकता कायम भएको छ। अतिक्रमित भूभागमा हकभोग कायम गर्ने उद्देश्य सहित प्रकाशित नेपालको नयाँ राजनीतिक/प्रशासनिक नक्शाको समर्थनमा सबै राजनीतिक दल तथा नेपाली जनताएकताबद्ध रुपमा एक ठाउँमा उभिएका छन्। संबिधानको दोश्रो संशोधनबाट निशान छापमा नेपालको नयाँ नक्सासहित परिवर्तन भएसंगै यसलाई संबैधानिक रुपमा संस्थागत गरिएको छ। संवादका माध्यमबाट सीमा समस्याको समाधान गर्न र अतिक्रमित नेपाली भूभागमा नेपालको हकभोग कायम गर्न नेपाल सरकारको दृढता र सक्रियताको समर्थन गर्ने।

१२.३ नेपाल र भारतबीचको अन्तर्राष्ट्रिय सीमा सन्१८१६ मार्चको सुगौली सन्धी तथा त्यसपछि सन्१८१६ दिसम्बर, १८६० र १८७५का सन्धीहरुबाट निर्धारण भएको हो। सुगौली सन्धीको धारा ५ मा उल्लेख गरिएको नेपालको पश्चिमी सीमा काली (महाकाली) नदी हुने भनिएकोलाई परिवर्तन गर्ने गरी दुई देशबीच त्यस यता कुनै पनि सन्धी या सम्भmौता नभएको कुरा स्पष्ट छ। राष्ट्रहरु बीचको अन्तर्राष्ट्रिय सीमा सम्बन्धित देशहरुबीच स्वीकृत औपचारिक सन्धीहरुबाट मात्र निर्धारित हुने, अन्य कुनै कुराले यसलाई प्रभावित गर्न नसक्ने र कुनै राष्ट्रको एकपक्षीय निर्णयले अन्तर्राष्ट्रिय सीमा परिवर्तन हुननसक्ने।

१२.४ शुरुमा नक्सामा एकपक्षीय हेरफेर गर्दै र सन्१९६० को दशकदेखि सुरक्षा उपस्थिति कायम गर्दै काली (महाकाली) नदी पूर्वका नेपाली भू-भागहरु लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा अनाधिकृत नियन्त्रण गर्दै आएको भारतले उक्त भूभागहरु समेत समेटेर सन् २०१९ को नोभेम्बर २ मा आफ्नो राजनीतिक नक्सा प्रकाशित गर्नु सुगौली सन्धीको अक्षर र भावना विपरीत त थियो नै, सुस्ता र कालापानी क्षेत्र दुई देश बीच सुल्भिmन बाँकी रहेको समस्या भनी भारत स्वयंले स्वीकारेको मान्यताको विरुद्ध पनि थियो। दुई देशका बीचका समस्या समाधानका लागि गठित सचिवस्तरीय संयन्त्रको बैठकका लागि नेपालको तर्फबाट पटक-पटक गरिएको आग्रहलाई स्वीकार नगर्ने र एकपटक पनि बैठक नबस्ने, तर एकपक्षीय रुपमा नक्शा प्रकाशित गर्ने भारतीय कार्यले नेपालमा स्वाभाविक रुपमा गंम्भीर चासो, चिन्ता र आक्रोश उत्पन्न भयो। नेपाल सरकारले तत्कालै वक्तव्यमार्फत भारतीय कदमप्रति विरोध जनायो, कुटनीतिक नोट पठाएर औपचारिक रुपमा प्रतिवाद गर्नुका साथै समस्या समाधानका लागिआग्रह गऱ्यो। देशभित्र यस विषयमा राष्ट्रिय सहमति निर्माण गरियो। गतःवर्ष मंसिर-पुष महिनामा सम्पन्न पार्टी स्थायी कमिटीको तेस्रो बैठकले सरकारद्वारा चालिएका कदमहरुको दृढ समर्थन गर्दै यस विषयमा निर्माण भएको राष्ट्रिय एकताको बलमा सीमा समस्याको कूटनीतिक वार्ताको माध्यमबाट समाधान गर्न र नेपालको भूभाग समेटेर नक्शा प्रकाशन गर्न सरकारको ध्यानाकर्षण गर्ने निर्णय गरेको कुरा यहाँ स्मरणीय छ।

१२.५ नेपालको पटक-पटकको आग्रहलाई वेवास्ता गर्दै, सिब्गो विश्व कोरोना महामारीका विरुद्ध कठोर लडाइँ लडिरहेको विषम परिस्थितिमा भारतले गत मई ८ मा नेपाली भूभाग हुँदै लिपुलेक जोड्ने कथित सडकको उद्घाटन गऱ्यो। नेपाल सरकारले उक्त कदमको तत्काल प्रतिवाद गऱ्यो। हाम्रो पार्टीले उक्त भारतीय कदमले नेपालको सार्वभौमसत्ताको अवमूल्यन गरेको भन्दै भर्त्सना गऱ्यो। यस विषयमा सरकारले सबै राजनीतिक दलहरुबीच राष्ट्रिय सहमति कायम गर्दै गतः जेठ ५ गते लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समेटिएको नेपालको वास्तविक सीमासहितको राजनीतिक र प्रशासनिक नक्शा प्रकाशित गऱ्यो। उक्त नक्शालाई नेपालको निशाना छापमा समेट्न सरकारले संसद समक्ष संविधान संशोधन प्रस्ताव दर्ता गऱ्यो। संघीय संसदको दुबै सदनबाट नेपालको संविधान (दोस्रो संशोधन) विधेयक सर्वसम्मत रुपमा पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण समेत भइसकेको छ।

१२.६ स्थायी कमिटीको यो बैठक नेपालको नयाँ नक्शा प्रकाशन र यस प्रयोजनका लागि संविधान संशोधनसहितको ऐतिहासिक निर्णयका लागि सम्माननीय प्रधानमन्त्री र नेपाल सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ। यस काममा अभूतपूर्व राष्ट्रिय एकता प्रदर्शन गर्ने सबै राजनीतिक दलहरुप्रति आभार व्यक्त गर्दछ। संविधान संशोधनको पक्षमा मतदान गरेर सर्वसम्मत रुपमा निशान छापमा नेपालको नयाँ नक्शा राख्ने प्रस्ताव पारित गर्ने सब्घीय संसदका सबै माननीय सदस्यहरुमा धन्यवाद र वधाइ ज्ञापन गर्दछ। यस विषयमा अध्ययन, अनुसन्धान, सचेतना, जागरण तथा जनमत सिर्जना गर्दै अनुकूल परिस्थिति निर्माणमा योगदान गर्नु हुने सीमाविद्हरु, यस विषयका जानकार र अभियन्ताहरु, सञ्चार माध्यम एवं सबै देशभक्त नेपाली जनतामा धन्यवाद ज्ञापन गर्दछ।

१२.७ यस सन्दर्भमा हिमाल, पहाड र तराई-मधेसमा बस्ने नेपाली जनताको देशभक्तिपूर्ण भावना प्रतिविम्बत भएको छ र राष्ट्रियताको जग थप सुदृढ भएको छ। यस क्रममा अभिव्यक्त राष्ट्रिय एकताको अमूल्य पुँजीलाई आगामी दिनमा थप सुदृढ बनाउँदै लैजानु पर्दछ। यसै एकताको जगमा सरकारले प्रभावकारी कूटनीतिक कौशलका साथ भारतसँग वार्ता गर्नुपर्दछ र नक्सामा समेटिएका नेपाली भूभागहरुमा नेपालको प्रशासनिक-राजनीतिक लगायत सबै प्रकारको हकभोग स्थापित गर्न दृढतापूर्वक अगाडि बढ्नु पर्दछ। सिब्गो पार्टी यस सम्बन्धमा सरकारले चाल्ने आगामी कदमहरुमा दृढताकासाथ खडा हुनेछ।

१२.८ नेपाली जनता पञ्चशीलका सिद्धान्त, सार्वभौम समानता, आपसी सम्मान र लाभका मान्यतामा आधारित सुमधुर, समस्यारहित र विश्वासयुक्त नेपाल-भारत सम्बन्धको पक्षमा छन्। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) पुनः छिमेकी मित्रराष्ट्र भारतलाई ऐतिहासिक तथ्यहरुको सम्मान गर्न, सुगौली सन्धी अनुसार काली (महाकाली) पूर्वका सबै भूभाग नेपालका हुन् भन्ने यथार्थलाई स्वीकार गर्न र नेपालको भौगोलिक अखण्डताको कदर गर्न आग्रह गर्दै वार्ताद्वारा समस्याको समाधानका लागि वार्तामा आउन आह्वान गर्दछ। विगतमा सुल्भिmन बाँकी सबै समस्याहरुको समाधान गरेर मात्र एक्काइसौं शताव्दी सुहाउँदो नयाँ सम्बन्धको विकास गर्न सकिन्छ भन्ने यथार्थलाई आत्मसात गर्न आग्रह गर्दछ।

१३. कोभिड- १९ महामारीको रोकथाम, नियन्त्रण, उपचार र आर्थिक पुनरुत्थान गर्ने कोभिड- १९ महामारीको रोकथाम, नियन्त्रण, उपचार र आर्थिक पुनरुत्थानका सम्बन्धमा स्थायी कमिटीको बैठकबाट निम्नानुसारको प्रस्ताव पारित गर्ने :

१३.१ विश्वव्यापी कोरोना महामारीका कारण सिब्गो संसार आक्रान्त भएको छ। हाल (२०७७ भदौ ६) सम्म २,३१,२१,३६६ मानिस सब्क्रमित भएका छन्। ८,०३,२२३ को ज्यान गएको छ। विश्व अर्थतन्त्र, सामाजिक-सांस्कृतिक सम्बन्ध र मानिसको जीवनशैलीमाथि गंभीर प्रतिकूल असर परेको छ।

१३.२ नेपाल पनि यस महामारीबाट गंभीर रुपले प्रभावित भएको छ। शुरुमै रोकथाम र नियन्त्रणका कदमहरू चालिएको र समयमै बन्दाबन्दी (लकडाउन) जारी गरिएका कारण नेपालमा लामो समयसम्म सब्क्रमण नियन्त्रणमै रह्यो। यस अवधिमा सरकारले आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्थापन, प्रयोगशाला विस्तार, परीक्षण, विदेशबाट आउने तथा सब्क्रमणको जोखिममा रहेकालाई अनिवार्य एकान्तवास (क्वारेन्टिन)मा राख्ने प्रबन्ध, संक्रमितहरुलाई अलग्गै राख्ने स्थान (आइसोलेशन सेन्टर) र कोभिड विशेष अस्पताल स्थापना, समस्यामा परेका र रोजगारी गुमाएकाहरूका लागि राहत वितरण र विदेशमा समस्यामा परेका नेपालीहरुलाई स्वदेश ल्याउने जस्ता सकारात्मक काम गरेको छ। कोभिड- १९ माहामारीको रोकथाम, नियन्त्रण र उपचारमा नेपालको व्यवस्थापन तुलनात्मक रुपमा राम्रो रहेको छ।

१३.३ तर गतः जेठ महिनायता भारत लगायत विभिन्न मुलुकबाट ठूलो सब्ख्यामा असुरक्षित तथा संक्रिमित नेपालीहरू तथा केही भारतीयहरुको आगमन शुरु भएसँगै र असार अन्तिम साताबाट बन्दाबन्दी (लकडाउन) खुकुलो गरिएसँगै सब्क्रमण तीव्र रफ्तारमा फैलिदै गएको छ। हाल सम्म (२०७७ भदौ६ सम्म) सब्क्रमितको सब्ख्या ३०,४८३ पुगेको छ भने मृतकहरुको सब्ख्या १३७ पुगेको छ। यद्यपि, निको हुने प्रतिशत ७१ भन्दा बढी हुनु आशाजनक पक्षका रुपमा रहेको छ।

१३.४ अर्थतन्त्र र सामाजिक जीवनका अन्य पक्षलाई चलायमान गराउँदै जनजीवनलाई क्रमशः सामान्य अवस्थातर्फ फर्काउनु जरुरी छ। हालसम्म कोभिड-१९ को खोप या औषधि आविष्कार नभएको र सब्क्रमणको चुनौती लामै समयसम्म रहने देखिएकाले हामीले कोरोनासँग लड्दै गतिशील हुनु आवश्यक भएको छ। कोभिड- १९ को महामारी रोकथाम, नियन्त्रण र संक्रमितहरुको उपचारको सन्दर्भमा नेपाल सरकारले हालसम्म गरेका प्रयत्नहरुलाई समर्थन र सह्राना गर्दै र निम्नलिखित कार्यहरु अघि बढाउन सरकारसंग आग्रह गर्ने :

१३.५.१ सब्क्रमणको जोखिम बढ्दै गएकाले सबैभन्दा खराब स्थिति (ध्यचकत ऋबकभ क्थभलबचष्य) को आँकलन गर्दै सोही अनुरुप आवश्यक बजेट, स्वास्थ्य सामग्री, जनशक्ति र भौतिक पूर्वाधारको तयारी गर्ने।

१३.५.२ परीक्षणको दायरा बढाउनेर समुदायस्तरमा सब्क्रमण फैलिएको आशब्का गरिएका ठाउँमा नमूना सब्कलन तीव्र पार्ने र विरामीहरुको उपचारका लागि पूर्व तयारी गर्ने। आवश्यकता अनुसार जिल्ला वा स्थानीय स्तरमा इलाकावन्दी गर्ने।

१३.५.३ अस्पतालहरुमा शैया, सघन उपचार कक्ष र भेन्टिलेटरहरुको थप प्रबन्ध गर्ने र आवश्यकता अनुसार निजी अस्पताल र निजी मेडिकल कलेजहरुलाई महामारी अवधिभरका लागि कारोना उपचारमा प्रयोग गर्ने। काठमाण्डौ उपत्यका र जिल्लाहरुमा आवश्यकता अनुसार क्वारेण्टिन तथा संक्रमितहरुलाई अलग्गै राख्ने स्थान (आईसोलेशन) सेण्टर निर्माण गर्ने।

१३.५.४ कोविड- १९ का अलावा अन्य विमारीहरुले सहज उपचार पाउन नसकेको जनगुनासोलाई तत्काल संवोधन गर्ने।

१३.५.५ खाद्य सब्कटलाई समेत ध्यानमा राख्दै खाद्यान्न लगायत अत्यावश्यक वस्तुहरूको भण्डारणको व्यवस्था मिलाउने।

१३.५.६ कोविड- १९ बाट प्रभावित आर्थिक क्षेत्र, विशेष गरी संकटग्रस्त बन्न पुगेका होटल रेष्टुरेण्ट, हवाई सेवा, कृषि, शिक्षा, स्वास्थ, उद्योगहरुको पुनरुत्थानका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्ने।

१३.५.७ पर्यटन र यातायात लगायत अन्य प्रभावित क्षेत्रका मजदूर तथा कर्मचारीहरुलाई राहतको व्यवस्था गर्ने। विदेशमा रोजगारी गुमाएर समस्यामा परेका श्रमिक र अन्य नेपाली नागरिकलाई स्वदेश फर्काउन सुरु गरिएको वर्तमान प्रक्रियालाई निरन्तरता दिने। बाँकी नागरिकहरूको हकमा सम्बन्धित मुलुकमै रोजगारीको निरन्तरता, रोजगार पुनर्स्थापना र सुरक्षाको प्रबन्ध गर्न थप कुटनीतिक पहल गर्ने। विद्यार्थीहरूका समस्या समाधानका लागि समेत थप अग्रसरता लिने।

१३.५.८ विदेशमा रोजगारी गुमाएर फर्केका र स्वदेशमै वेरोजगार अवस्थामा रहेका युवाहरुको रोजगारीको प्रबन्धका लागि आवश्यक अनुसन्धान, योजना र स्रोत व्यवस्थाप गर्ने।

१३.५.९ कोरोनाको बढ्दो संक्रमणका कारण दैनिक श्रम गरी जीवन यापन गर्ने वर्ग तथा समुदायलाई स्थानीय तह मार्फत खाद्यान्न र अत्यावश्यक वस्तुहरु समेत राहतको व्यवस्था गर्ने।

१३.५.१० कोविड- १९ महामारीले गर्दा नेपालको सामाजिक तथा आर्थिक क्षेत्रका परेको र पर्नसक्ने असरका बारेमा विशेषज्ञहरुद्वरा अध्ययन गर्ने र आर्थिक-समाजिक पुनरुत्थानका लागि कोविड पछिको योजना निर्माण गर्ने।

कोविड- १९ को कारणले सृर्जित महामारी विरुद्धको यस लडाइँमा पार्टी पब्क्तिलाई देहाय बमोजिम थप परिचालन गर्ने र सक्रिय तुल्याउनेः

१३.६.१ स्थानीय पार्टी कमिटीको कम्तीमा पनि सचिवालयस्तरको बैठक (भौतिक दूरी काम गरेर बस्न सक्ने भए भौतिक रुपमै, अन्यथा विद्युतीय प्रणालीको प्रयोग गरी महामारी रोकथाम र नियन्त्रणका लागि हालसम्म सम्बन्धित तह (प्रदेश, जिल्ला र स्थानीय तह) मा चालिएका कदमहरूको वस्तुनिष्ठ समीक्षा गर्ने।

१३.६.२ सब्क्रमणको अवस्था, संभावित जोखिम र गरिनुपर्ने कामको प्रक्षेपण गर्ने।

१३.६.३ आफ्नो तहमा विदेशबाट आएकाहरूको लगत व्यवस्थित गर्दै उनीहरू अनिवार्य रुपमा एकान्तवास (क्वारेन्टिन)मा रहेको सुनिश्चित गर्ने।

१३.६.४ घरमै एकान्तवास (क्वारिन्टिन)मा रहेकाहरूको अनुगमन गर्ने।

१३.६.५ आम नागरिकहरुमा स्वास्थ्य चेतना फैलाउने।

१३.६.६ स्थानीय तहमा रोजगारीका अवसर, नयाँ आर्थिक क्षेत्रहरू र कृषिको आधुनिकीकरणका संभावनाहरूको खोजी गर्ने, योजना बनाउने र सम्बन्धित तहका सरकारहरूसँगको समन्वयमा यस सम्बन्धी तयारी अगाडि बढाउने।

१३.६.७ विपत्तिको बेला विभिन्न भ्रमहरू सृजना गरेर समाजमा अराजकता र अस्थिरता फैलाउने प्रवृत्तिहरूलाई निरुत्साहित गर्ने।

१३.६.८ यस माहामारीका विरुद्ध अग्रपब्क्तिमा खटिएर उत्कृष्ट सेवा दिइरहनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारीहरुसँगै स्थानीय तहका जनप्रतिनिधिहरु लगायत सबै जनप्रतिनिधिहरुलाई स्थायी कमिटीको बैठक विशेष धन्यवाद ज्ञापन गर्ने।

१४. बाढी-पहिरोद्वारा सिर्जित प्राकृतिक विपत्तिको सामना गर्ने लगातारको भीषण बर्षाले गर्दा ठूलो मात्रामा जन-धनको क्षति भएको छ। यस्तो स्थितिमा हाम्रो पार्टीका नेता, कार्यकर्ता र सदस्यहरुले अग्रभागमा रहेर जनतालाई दुख, सुखमा साथ दिने। स्थानीय पार्टी कमिटी तथा कार्यकर्ताहरुले प्राकृतिक प्रकोप पीडित जनतालाई जनप्रतिनिधिहरु तथा सरकारी निकायहरुसंग समन्वय गर्दै उद्धार, राहत र पुनःस्थापनामा सघाउने। उद्धार, राहत र पुनस्थापनाको बिषयलाई स्थानीय पार्टी कमिटीहरुले आफ्नो कामको महत्वपूर्ण कार्यसूची बनाउने।

१५. शान्ति प्रकृयाका बाँकी काम सम्पन्न गर्ने

१५.१ शान्ति प्रक्रिया अगाडि बढाउने क्रममा संविधानसभा निर्वाचन, राजतन्त्रको अन्त्य र सब्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, राज्यको अग्रगामी पुनःसंचना तथा सब्घीय र समावेशी शासन प्रणालीको स्थापना गर्ने जस्ता दूरगामी तथा युगान्तकारी महत्वका राजनीतिक काम सम्पन्न गरिएका छन्। यी सबै उपलव्धीहरुलाई संस्थागत गर्न संविधानसभाबाट नेपालको संविधान निर्माण तथा जारी गर्ने ऐतिहासिक काम सम्पन्न भएको छ। संविधानमा जनताका मौलिक अधिकारहरु संस्थागत हुनु, सामाजिक न्याय सुनिश्चित गरिनु र संविधानले राष्ट्रको भावी मार्गचित्रको रुपमा समाजवाद-उन्मुख राज्य र समाजवाद-उन्मुख अर्थतन्त्रको प्रत्याभूति गर्नु नेपालको शान्ति प्रक्रियाको मौलिक र महत्वपूर्ण उपलब्धी हो।

१५.२ तर अझै पनि शान्ति पक्रियाका सबै काम पूरा हुनसकेको छैन। तसर्थ शान्ति प्रक्रियाका बाँकी कामहरुलाई यथाशीघ्र सम्पन्न गर्दै सामाजिक सद्भाव, मेलमिलाप र एकतालाई नयाँ उचाइमा उठाउन र यसबाट सिर्जना हुने उर्जा र उत्साहलाई राष्ट्र निर्माणको काममा लगाउनु पर्दछ।

१५.३ शान्ति प्रक्रियाको महत्वपूर्ण पक्षको रुपमा रहेको माओवादी लडाकुहरुको समायोजन र व्यवस्थापनको काम सफलतापूर्वक सम्पन्न भएको छ। पूर्व लडाकुहरुमध्ये केहीले नेपाली सेनामा समायोजन भएर मुलुकको सार्वभौमसत्ता, राष्ट्रियता र भौगोलिक अखण्डताको रक्षा जस्ता महत्वपूर्ण काममा योगदान गरिरहनु भएको छ भने अधिकांशले स्वेच्छिक अवकाशको विकल्प चयन गरेर राजनीतिक र सामाजिक क्षेत्रमा सक्रिय तथा आर्थिक उत्पादन र स्वरोजगारमा सब्लग्न हुनुभएको छ। हजारौं लडाकुहरुको सहज र स्वेच्छिक व्यवस्थापन गर्दै समायोजनको काम सम्पन्न हुनु नेपालको शान्ति प्रक्रियाको विशिष्ट र उदाहरणीय पक्ष हो।

१५.४ शान्ति प्रक्रियाको महत्वपूर्ण पक्ष रहेको सत्य निरुपण र मेलमिलाप आयोग तथा वेपत्ता व्यक्तिहरुको छानविन सम्बन्धी आयोगको काम टुब्ग्याउन अझै बाँकी छ। लामो छलफल र संवादको प्रक्रिया पार गरेर वेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरुपण तथा मेलमिलाप सम्बन्धी ऐन निर्माण र संशोधन गरियो। दुई बेग्लाबेग्लै आयोगहरु गठन भए। शान्ति प्रक्रियाका बाँकी काम नटुब्गिदा दिगो शान्ति स्थापनाका प्राप्त उपलब्धीहरु ओझेलमा पर्ने र चुनौती थपिन सक्ने संभावना रहन्छ। शान्ति प्रक्रियाका बाँकी कामहरु समयमा सम्पन्न गर्ने, पीडितहरुमा असन्तुष्टि र पीडा थपिन नदिने, विषयको संवेदनशीलता माथि खेल्न नदिने र विश्वमै उदाहरणीय रहेको नेपालको शान्ति प्रक्रियामाथि अनावश्यक प्रश्न उठ्न नदिने गरी समस्याको समाधान गर्न जरुरी छ।

१५.५ विभिन्न समयमा नेपालको शान्ति प्रक्रियालाई लिएर कतिपय पक्षहरुबाट अनावश्यक चासो राख्ने र गैरकूटनीतिक अभिव्यक्ति दिने कुरा अनुचित हुन्छ। हाम्रो पार्टी शान्ति प्रक्रियाका बाँकी कामहरुलाई पनि मौलिक ढङ्गले सम्पन्न गर्न र समाजमा एकता र मेलमिलापलाई सुदृढ गर्न दृढ सब्कल्पित छ। शान्ति प्रक्रियाको मूल मर्म भनेको सत्य निरुपण र मेलमिलाप हो भन्ने कुरालाई केन्द्रबिन्दुमा राखेर बाँकी कामहरु अगाडि बढाउनु पर्दछ।

यस सम्बन्धी कामलाई अघि बढाउन निम्नलिखित कामहरु गर्ने :

१५.६.१ सत्य निरुपण तथा मेलमिलाप आयोग र आवश्यक साधन र स्रोत उपलब्ध गराउने।

१५.६.२ आयोगहरुबाट परिपूरण, क्षतिपूर्ति र अन्य आवश्यक सिफारिसका सन्दर्भमा पीडित परिवारसंग परामर्श गर्ने र यस अघि प्रदान गरिएको राहत पाउन बाँकीलाई राहत प्रदान गर्ने।

१५.६.३ सशस्त्र द्वन्द्व र आन्दोलनका क्रममा घाइते तथा अब्गभब्ग भई कष्टपूर्ण जीवन बिताउन वाध्य योद्धाहरुको उपचारको प्रबन्ध गर्ने। असक्त र घाईतेहरुका लागि जीवन निर्वाहको व्यवस्था गर्ने।

१५.६.४ शान्ति प्रकृयाका बाँकी कामहरु शीघ्र सम्पन्न गर्न अनुकूल हुनेगरी बेपत्ता पारिएका व्यक्तिको छानवीन र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनमा संशोधन गर्ने र यसका लागि विज्ञ सहितको आवश्यक संरचना निर्माण गर्ने। यस कार्यमा सहजीकरण गर्न प्रमुख राजनीतिक दलका प्रतिनिधिहरु सम्मिलित राजनीतिक संयन्त्रण निर्माण गर्ने।

१५.६.५ सशस्त्र द्वन्द्वमा ज्यान गुमाएका व्यक्तिहरुलाई सम्मान गर्ने। स्थानीय तहमा सबै पीडितहरुको बीचमा मेलमिलापलाई सुदृढ गर्ने काम गर्न प्रदेश र स्थानीय तहहरुलाई उत्प्रेरित गर्ने। पार्टीका स्थानीय कमिटीहरुले यस सम्बन्धी काममा सघाउने।

१५.६.६ नेपालको मौलिक शान्ति प्रक्रियाका उपलब्धी र अनुभवहरुलाई अभिलिखित गरी जनता र अन्तर्राष्ट्रिय समुदायमा पुऱ्याउने।

१५.६.७ शान्ति प्रकृयाका बाँकी रहेका सम्पूर्ण काम एकबर्ष भित्र सपन्न गर्ने।

१६. प्रतिष्ठानहरुको व्यवस्थापन तथा सञ्चालन विधि निश्चित गर्ने पार्टीका विभिन्न नेताका नाममा विभिन्न प्रष्ठिान वा संघ संस्था परिचालित छन्। यी मध्ये अधिकाँश गुटवन्दीको माध्यम बन्दै गएकाछन्। गुटबन्दी रोक्न प्रतिष्ठानहरुलाई नियमन गर्नुपर्छ। त्यसका लागि पार्टीले यस्ता संस्थाहरुमा नेता वा कार्यकर्ताको संलग्नता र तिनको आर्थिक श्रोत तथा कृयाकलापका बारेमा तथ्यपरक जानकारी प्राप्त गर्ने। त्यस्ता संस्थाहरुमा पार्टीका नेता, कार्यकर्ता वा सदस्यहरुको संलग्नताको स्वरुप निश्चित गर्ने। प्रतिष्ठानहरुको सञ्चालन, व्यवस्थापन तथा नियमन विधि निश्चित गर्न एक महिना भित्र प्रतिवेदन दिने गरी स्पष्ट कार्यादेश सहित कार्यदल गठन गर्ने। कार्यदलको प्रतिवेदन प्राप्त भएपश्चात् त्यस उपर छलफल गरी आवश्यक निर्णय लिने। तब सम्मका लागि पार्टीद्वारा गठित वा पार्टीका नेता कार्यकर्ता सम्मिलित कुनैपनि प्रष्ठिानहरुलाई प्रदेश, जिल्ला र स्थानीय तहमा शाखा गठन नगर्न र गतिविधि नगर्न निर्देशन दिने।

१७. मिलेनियम च्यालेञ्ज कम्प्याक्ट सम्झौताका सम्बन्धमा आवश्यक निर्णय गर्ने नेपाल सरकार र अमेरिकी सरकारको संस्था मिलेनियम च्यालेञ्ज कर्पोरेशन बीच सन् २०१७ मा सम्पन्न भएको मिलेनियम च्यालेञ्ज कम्प्याक्ट संझौता यतिबेला संसदमा अनुमोदनको लागि विचाराधीन अवस्थामा छ। उक्त सम्झौताका सम्बन्धमा निर्णयमा पुग्नु अघि आवश्यक अध्ययन गरी सुझाव सहितको प्रतिवेदन प्रस्तुत गर्न केन्द्रीय कमिटीको दोश्रो बैठकबाट कार्यदल गठन गरिएको थियो। कार्यदलले आफ्नो प्रतिवेदन प्रस्तुत गरिसकेको छ। मिलेनियम च्यालेञ्ज कम्प्याक्ट संझौता र सो सम्वन्धी कार्यदलको प्रतिवेदन उपर स्थायी कमिटी र सचिवालयमा छलफल गर्ने।

उक्त सम्झौतालाई राष्ट्रिय हितमा स्पष्टपार्दै आवश्यकता अनुसार परिमार्जन र संशोधन गरी अनुमोदन गर्ने। कार्यदलद्वारा प्रस्तुत उपर्युक्त निष्कर्षहरुको कार्यान्वयनले पार्टीको आन्तरिक जीवनमा उत्पन्न समस्या समाधान हुनेछ, पार्टी र सरकारको काममा गतिशीलता तथा प्रभावकारितमा अभिवृद्धि हुनेछ। जनताले यस पार्टीलाई गरेको विश्वास र सुम्पिएको जिम्मेवारी पुराहुँदै जाने छ भन्ने विश्वास गरिएको छ।

१. विष्णुप्रसाद पौडेल - संयोजक
२. जनार्दन शर्मा - सदस्य
३. पम्फा भुसाल - सदस्य
४. भीमबहादुर रावल - सदस्य
५. शंकर पोखेल - सदस्य
६. सुरेन्द्र पाण्डे- सदस्य

## संक्षिप्त समाचार

### आइसोलेसन अभावमा एकको मृत्यु

विराटनगर। आइसोलेसन शैय्याको अभावमा एक कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट एक जनाको मृत्यु भएको छ। विराटनगर ६ का ४५ वर्षीय पुरुषको आइसोलेसनको अभावमा घरमै मृत्यु भएको हो। सोमबार स्वाबको नमुना दिएका उनको बुधबार रिपोर्ट पोजिटिभ आएको थियो। संक्रमण पुष्टि भए पनि आइसोलेसनमा शय्या अभावका कारण उनी घरमै बस्न बाध्य भएका थिए। संक्रमण पुष्टि भएपछि आइसोलेसनमा लैजाने प्रयास गरेको तर आइसोलेसन केन्द्रहरु संक्रमित बिरामीले भरिभराउ रहेकाले घरमै बस्दै आएका उनको बिहीबार राति अचानक मृत्यु भएको बताइएको छ। आइसोलेसन केन्द्रमा शय्या अभावमा वडाभरिमा ४० जना संक्रमित घरमै बस्न बाध्य रहेका छन्।

### कोरोनाका कारण बुटवलमा थप एकको मृत्यु

रूपन्देही। बुटवलस्थित कोरोना विशेष अस्पतालमा थप एक संक्रमितको मृत्यु भएको छ। प्युठानको स्वर्गद्वारी नगरपालिका-७ का ६४ वर्षीय पुरुषको शुक्रबार बिहान ६ बजे मृत्यु भएको हो। यससँगै उक्त अस्पतालमा उपचारका क्रममा मृत्यु हुनेको संख्या ३ पुगेको छ। साउन अन्तिम साता भारतबाट आएका ती व्यक्ति स्थानीय क्वारेन्टाइनमा बसेका थिए। त्यही क्रममा पीसीआर रिपोर्ट पोजिटिभ आएसँगै स्वास्थ्यमा समस्या देखिएपछि बुटवल ल्याएर आईसीयूमा उपचार भइरहेको थियो। अस्पतालमा हाल आईसीयूमा ११ जना उपचाररत छन् भने आइसोलेसनमा २० जना रहेका छन्।

### गढीमाई मन्दिरका मूल पूजारीको निधन

बारा। बाराको महागढीमाई नगरपालिकास्थित गढीमाई मन्दिरका मूल पूजारीको मृत्यु भएको छ। बलीका लागि प्रसिद्धी कमाएको गढीमाई मन्दिरका मूल पूजारी रौतहट गजरा नगरपालिका-३ सिमरीगाउँका ७६ वर्षीय दुखन धामीको मृत्यु भएको हो। दुई दिनदेखि झाडापखाला लागेका धामीको निजगढमा उपचार हुन नसकेपछि भरतपुर लिएर जाने क्रममा बाटो मै मृत्यु भएको हो। मृतक धामीको सिमरी गाउँ छेउको नदी किनारमा अन्त्यष्टी गरिएको छ। गढीमाई मन्दिर बारामा भए पनि रौतहट गुजरा-३ सिम्रीगाउँका दुखन धामीका पूर्वजहरुनै मूलपूजारी रहँदै आएका थिए।

### रूपन्देहीमा १४ गतेसम्मन निषेधाज्ञा

रुपन्देही। कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणका लागि रुपन्देही जिल्लामा ७ दिन निषेधाज्ञा लम्ब्याउने निर्णय गरेको छ। जिल्लास्तरीय कोभिड १९ संकट व्यवस्थापन समितिको आइतबार बसेको बैठकले निषेधाज्ञा भाद्र १४ गतेसम्म लम्ब्याउने निर्णय गरेको हो। यसअघि रुपन्देही जिल्लामा भाद्र ७ गतेसम्म निषेधाज्ञा जारी गरिएको थियो।

### कपिलवस्तुमा ८ दिन निषेधाज्ञा थप

कपिलवस्तु। कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि कपिलवस्तु जिल्लामा थप ८ दिन निषेधाज्ञा लम्ब्याइएको छ। जिल्ला कोरोना संकट व्यवस्थापन समिति (डीसीसीएमसी) को आइतबार बसेको बैठकबाट भाद्र १५ गते राति १२ बजेसम्म निषेधाज्ञा थप गर्ने निर्णय गरिएको हो। अति आवश्यकीय वस्तु ढुवानी, एम्बुलेन्स, शवबवहन र राजमार्ग भएर गुड्ने सवारी साधन (जिल्लाभित्र चढ्न ओर्लन नपाउने गरी) बाहेक सबै प्रकारका निजी र भाडाका सवारी साधन सञ्चालन नगर्ने निर्णय गरिएको जनाइएको छ। बैङ्क तथा वित्तीय संस्थाहरुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य मापदण्ड अपनाएर दैनिक (कार्यालय दिन) विहान ८ बजेदेखि विहान १० वजेसम्म न्यूनतम कर्मचारीबाट सेवा प्रवाह गर्न सकिने छन्। यसअघि जारी गरिएको निषेधाज्ञा आज राति १२ बजेट सम्पन्न हुँदै थियो।

### कोरोनाबाट एक महिलाको मृत्यु

वीरगन्ज। कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट एक महिलाको मृत्यु भएको छ। नारायणी अस्थायी कोभिड अस्पताल वीरगन्ज हेल्थ केयरमा उपचारको क्रममा शनिबार वीरगञ्ज महानगरपालिका-११ बस्ने ५६ वर्षीया महिलाको मृत्यु भएको हो। योसँगै वीरगञ्जमा कोरोना संक्रममणबाट मृत्यु हुनेको संख्या ३७ पुगेको छ। थाइराइडको विरामी उनमा ज्वरो, खोकी र श्वासप्रश्वासको समस्या देखिएको थियो।

### नारायणी अस्पतालमा दुई जनाको मृत्यु

वीरगन्ज। कोरोना भाइरसको संक्रमणबाट वीरगन्जस्थित नारायणी अस्पतालमा दुई जनाको मृत्यु भएको छ। पर्साको धोविनी गाउँपालिका-३ का ७२ वर्षीय पुरुष र बाराको सुवर्ण गाउँपालिका-४ हर्दिया बस्ने २३ वर्षीया महिलाको मृत्यु भएको हो। योसँगै वीरगञ्जमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ४४ पुगेको छ। ७२ वर्षीय पुरुषको उपचारका क्रममा बुधबार साँझ निधन भएको छ छ। हर्दियाकी २३ वर्षीया संक्रमित महिलाको पेटमा ३३ हप्ताको बच्चा पेटमा थियो। उपचारकै क्रममा बिहीबार बिहान ६ बजे उनको मृत्यु भएको अस्पतालले जनाएको छ।

### बुटवलको कोरोना अस्पतालमा एकको मृत्यु

रुपन्देही। कोरोना भाइरस संक्रमणबाट बुटवलको धागो कारखानामा सञ्चालित कोरोना विशेष अस्थायी अस्पतालमा एक ५० वर्षीय पुरुषको मृत्यु भएको छ। कपिलवस्तु नगरपालिका-१ का ५० वर्षीय पुरुषको उपचारका क्रममा बुधबार राति मृत्यु भएको अस्पतालले जनाएको छ। भेन्टिलेटरको सहायतामा उपचार गराइरहेका उनमा उच्च रक्तचाप, मधुमेह र रक्तअल्पता जस्ता समस्याबाट समेत रहेको चिकित्सकले जनाएको छ।

### कोरोना संक्रमणबाट कैलालीमा एकको मृत्यु

कैलाली। कोरोना भाइरस (कोभिड-१९) बाट कैलालीमा थप एक जना संक्रमितको मृत्यु भएको छ। जिल्लाको गोदावरी नगरपालिकाका वडा नम्बर ११ का ४५ वर्षीय पुरुषको बुधबार बिहान मृत्यु भएको हो। धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा उपचारकै क्रममा उनको मृत्यु भएको जनाइएको छ। मंगलबार साँझसम्म धनगढीको निसर्ग अस्पतालको आइसियूमा उपचार गराइरहेका व्यक्तिमा कोरोना संक्रमण पुष्टि भएपछि सेती प्रादेशिक अस्पतालमा सारिएको थियो।

### विराट मेडिकल कलेजमा एकको मृत्यु

विराटनगर। कोरोना भाइरस (कोभिड-१९) बाट विराटनगर एक महिलाको मृत्यु भएको छ। विराटनगर महानगरपालिका-११ मा बस्दै आएकी ४४ वर्षीया महिलाको विराट मेडिकल कलेजमा मृत्यु भएको हो। संक्रमित महिलालाई श्वासप्रश्वासमा समस्या देखिएको उपचाररत महिलाको मंगलबार राति ८ बजे मृत्यु भएको अस्पतालले जनाएको छ। संक्रमित महिलामा निमोनिया पनि देखिएको अस्पतालले जनाएको छ।

### लागूऔषधसहित किशोर पक्राउ

कैलाली। टिकापुर नगरपालिका-७ दैजी बस्ने १८ वर्षीय किशोरलाई १ सय ४८ ट्याब्लेट नियन्त्रित लागूऔषध नाइट्राभेटसहित बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी कालाकुण्डाबाट खटिएको प्रहरीले सोही स्थानस्थित सडकमा पैदल हिँडिरहेको अवस्थामा शंका लागि जाँच गर्दा बुढालाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

### बोलेरोको ठक्करबाट वृद्धाको मृत्यु

कपिलवस्तु। बाणगंगा नगरपालिका-७ बनगाईस्थित सडकमा लु.१ च ५७९६ नम्बरको बोलेरो जिपको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ७१ वर्षीया लक्ष्मी देवी कोईरालाको आइतबार दिउँसो मृत्यु भएको छ। जिपको ठक्करबाट गम्भीर घाइते भएकी उनको सामुदायिक अस्पताल जितपुरमा उपचारको क्रममा मृत्यु भएको हो। जिप र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# दलित युवकको हत्या भएको भन्दै स्थानीय आन्दोलित

गौर । रौतहटमा प्रहरी हिरासतमा रहेका एक दलित युवकको मृत्यु भएपछि स्थानीयले आन्दोलन सुरु गरेका छन् ।
प्रहरीको ज्यादती बढेको भन्दै बिहीबार हजारौंको संख्यामा पुगेका स्थानीयले ईलाका प्रहरी कार्यालय गरुडा घेराउ गरेका छन । प्रहरी हिरासतमा कुटपिट गर्ने दोषि प्रहरीलाई कारबाहीको माग राख्दै ठुलो संख्याका स्थानीयबासिन्दा र दलित समुदाय आन्दोलित भएका छन ।



गत साउन ३१ गते गरुडा नगरपालिका-८ जिगडियाका १७ वर्षीय निरन्जन रामको घाँटी रेटी हत्या भएपछि प्रहरीले घटनामा संलग्न सात जनालाई पक्राउ गरेको थियो । तीनैमध्येका एक विजय महरा (चमार) लाई यातना दिदाँ अस्वस्थ भई अस्पतालमा उपचारको क्रममा मृत्यु भयो ।
आर्थिक चलखेल गरेर प्रहरीले निर्दोष रहेका विजय रामलाई पक्राउ गरेको भन्दै यस अघिदेखि नै दलित अगुवा तथा स्थानीयले नारा जुलुस सहित विरोध गर्दै आएका थिए । उनै निर्दोष भनिएका १९ वर्षीय विजय राम महराको प्रहरीको कुटपिट बाट मृत्यु भएकोपछि दलित समुदाय, स्थानीयबासिन्दा र अधिकारकर्मीहरुले ईलाका प्रहरी कार्यालय गरुडा घेराउ गर्दै नाराबाजी गरेका छन ।
घटनामा संलग्न रहेको स्वीकार गराउन विजय राम महरा लाई प्रहरीले निर्घात कुटपिट गरेको र त्यसैको असर उनको उपचारको क्रममा मृत्यु भएको नीरञ्जन राम हत्याकाण्ड जिल्ला संघर्ष समिति रौतहटले दाबी गरेको छ । आन्दोलनकारीले इलाका प्रहरी कार्यालय गरुडाका डिएसपीले घुस लिएर निर्दोषलाई कुटपिट गरी ज्यान लिएको भन्दै निलम्बन गरी कारवाहीको माग गरेका छन् ।
निरन्जन रामको हत्या भएको भोलिपल्ट ईलाका प्रहरी कार्यालय गरुडाले हत्याको आरोपमा भोलिपल्ट गाउँकै १९ वर्षीय विजय राम महरा सहित ७ जना लाई पक्राउ गरेको थियो । पक्रेको दिनदेखि छोरालाई भेट्न नदिएको प्रहरी हिरासतमा मृत्यु भएका महराका बुवा पनिलाल महराले बताए । अस्पताल भर्ना गरेको खबर पाएर जाँदा पनि भेटन नदिएको उनको गुनासो रहेको छ ।

# हत्यारालाई कारवाही गर्न प्रभु साहको माग

रौतहट । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता तथा सांसद प्रभु साहले रौतहटमा प्रहरी हिरासतमा मृत्यु भएका दलित युवा विजय रामको हत्यारालाई कारवाही गर्न माग गरेका छन् । नेकपा प्रदेश २ का अध्यक्ष समेत रहेका सांसद साहले सोधपुछको नाममा प्रहरीले यातना दिएर अभियुक्तको ज्यान लिइएको भन्दै घटनामा संलग्न प्रहरीलाई तत्काल निलम्बन गर्न र कारवाही गर्न माग गरेका छन् ।



सामाजिक संजाल फेसबूकमार्फत सांसद साहले आर्थिक प्रलोभनमा परी प्रहरीले अपराधको सही अनुसन्धान नगर्ने र निर्दोषलाई यातना दिएर मार्ने प्रवृत्तिले झन अपराधलाई बढावा दिएको आरोप लगाएका छन् । उनले नेपाल प्रहरीले प्रहरीभित्र रहेका अपराधिक प्रवृतीलाई समयमैं नियंत्रण गरि आम जनतालाई सुशासनको प्रत्याभूति दिलाउनुपर्ने माग राखेका हुन् ।
'गत श्रावन ३२ गते गरुडा नगरपालिका-८, जिंगडियाका दलित युवा निरन्जन राम (चमार) को धारिलो हतियारले घाँटी रेटी हत्या भएको घटनाको अनुसन्धानका क्रममा प्रहरीले सात जनालाई थुनामा राखेको थियो । पक्राउ अभियुक्तहरुमध्येका एक विजय महरा ( चमार) को हिजो राती मृत्यु भएको घटनाप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ' सांसद साहले लेखेका छन्, 'हिरासतमा रहेको बेला निरन्तर चरम यातना दिएर एक दलित युवालाई मृत्युवरण गराउनु गम्भीर अपराध मात्र होइन, एउटा अमानवीय कार्य पनि हो । यो दण्डनीय अपराधमा संलग्न प्रहरीलाई तत्काल निलम्बन गरी आवश्यक कारवाही अगाडि बढाउन गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।'
गत श्रावण ३२ गते गरुडा नगरपालिका-८, जिंगडियाको निरन्जन रामको हत्या गरेको आरोपमा सात जनालाई प्रहरीले पक्राउ गरेको थियो । जसमध्ये एक विजय रामलाई पक्राउ गरेकै दिनदेखि निरन्तर यातना दिदाँ अस्वस्थ भएपछि बीरगंजस्थित नेशनल मेडिकल कलेज उपचारको लागि पठाइएको थियो । उपचाररत विजय रामको शरीरमा अत्यधिक चोटपटक लागेकोले किड्नीमा समस्या आएर मृत्यु भएको थियो ।
'रौतहटको समग्र शान्ति सुरक्षाको सम्बन्धमा मैलें माथिल्लो निकायलाई गम्भिर ध्यानाकर्षण गराउदा गराउदै पनि यस्तो दु:खद घटना हुनु दुर्भाग्य हो । आर्थिक प्रलोभनमा परी अपराधको सही अनुसन्धान नगर्ने र निर्दोषलाई यातना दिएर मार्ने प्रवृत्तिले झन अपराधलाई बढावा दिने पक्का छ' उनी थप्छन्, 'यसर्थ नेपाल प्रहरीले प्रहरीभित्र रहेका अपराधिक प्रवृतीलाई समयमैं नियंत्रण गरि आम जनतालाई सुशासनको प्रत्याभूति दिलाउन विशेष आग्रह समेत गर्दछु ।'

# विप्लव माओवादीका नेता कार्यकर्ता जनता समाजवादीमा प्रवेश

काठमाडौं । विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका ८८ जना नेता कार्यकर्ताहरु जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् ।
आइतबार जसपाको कार्यालयमा आयोजित एक कार्यक्रममा विप्लव माओवादीका मध्य केन्द्रीय कमाण्डका तत्कालीन सैन्य कमाण्डर जीवन लामा (जिमी)को नेतृत्वमा विभिन्न जिल्लाका ८८ जना नेता कार्यकर्ता प्रवेश गरेका हुन् । नवप्रवेशीहरुलाई जसपाका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादव, वरिष्ठ नेताहरु अशोक राई, डा.बाबुराम भट्टराई र राजेन्द्र महतो लगायतले स्वागत गरेका छन् ।



विप्लव माओवादीका ब्यूरो सदस्यहरु प्रह्लाद फुयाल (जीवन), रौतहट जिल्लाका पूर्व सेक्रेटरी गोपाल जिम्बा लगायत ललितपुर, मकवानपुर, काभ्रे, चितवन, रौतहट, बारा, पर्सा, काठमाडौं, दोलखा, धादिङ्ग, नुवाकोट र सिन्धुलीसहितका नेता कार्यकर्ताहरु प्रवेश गरेको जसपा कार्यालय सचिव रञ्जित निष्पक्षले जनाएका छन् ।
अध्यक्षद्वय ठाकुर र यादवद्वारा जारी संयुक्त विज्ञप्तिमा नवप्रवेशीहरुलाई शान्तिपूर्ण सशक्त एवं गतिशील राजनीतिक सक्रियताको शुभकामनासहित स्वागत गरेका छन् ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## स्थानीय सम्वाद

# प्रदेश सरकारबाट कुनै किसिमको सहयोग पाएका छैनौं



**राजेश राय यादव**
**मेयर, कलैया उपमहानगरपालिका, बारा**

**० कोरोना भाइरस रोकथामका लागि उपमहानगरले के गर्दैछ ?**
– कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणका अहिलेसम्म कुनै खोप वा औषधि नआइसकेको अवस्था छ । यो महामारीको प्रकोपबाट बच्नका लागि हामीले सामाजिक दूरी बनाउने, मास्क लगाउने, अत्यावश्यकबाहेक घर बाहिर नकिस्किने, भिडभाड नगर्ने, सेनिटाइज गर्ने लगायतका कुराहरुमा जनचेतना फैलाइरहेका छौं । हामीले कोरोनाको पीसीआर टेष्ट पनि गरिरहेका छौं । यसभन्दा अगाडि हामीले १२५ जनाको पीसीआर टेष्ट गरेका थियौं, जसमध्ये ३० जनाको रिपोर्ट पोजिटिभ आएको थियो । त्यसको कन्ट्याक्ट ट्रेसिङ्गमा हामीले ३४४ जनाको पीसीआर टेष्ट गरेका थियौं । त्यसमध्ये पनि ८० जनामा कोरोना संक्रमण देखिएको छ । अहिले ती ८० जनाको पनि कन्ट्याक्ट ट्रेसिङ्ग भइरहेको छ । उनीहरुको पनि कन्ट्याक्ट ट्रेसिङ्ग गरेर फेरि जाँच गरिनेछ ।

**० संक्रमितहरुलाई क्वारेन्टाइन वा आइसोलेसनमा राख्ने ब्यवस्था कस्तो छ ?**
– कलैया उपमहानगरपालिकामा एक वटा आइसोलेसन वार्ड छ । पहिला हामीसँग ११० बेडको क्वारेन्टाइन थियो । त्यसलाई हामीले असार २० गतेतिर बन्द गऱ्यौं । त्यतिखेर कलैयामा करिब साढे तीन सयको पीसीआर टेष्ट गर्दा एउटा पनि कोरोना संक्रमित फेला परेको थिएन । फेरि अहिले आएर टेष्ट हुँदा कोरोना संक्रमितहरु फेला परिरहेका छन् । आइसोलेसन वार्ड राम्रोसँच चलाउनका लागि चिकित्सक हुनुपऱ्यो । कलैया उपमहानगरपालिकाभित्र चिकित्सक छैन । कलैया उपमहानगरको अस्पताल प्रदेश सरकार मातहतमा छ । त्यसमा अहिले कोरोनाको विरामी थप्दै जाँदाखेरि फेरि हामी आइसोलेसन सुरु गर्दैछौं । त्यसका लागि हामीले व्यवस्थापन गरिसकेका छौं ।

**० अहिले कोरोना संक्रमितहरु फेला पर्दैछन्, तर तपाईंहरुले आइसोलेसन वा स्वास्थ्य सामग्री लगायतका कुराहरुको पूर्वतयारी किन गर्नुभएन ?**
– जसरी नेपालमा कोरोना संक्रमण फैलिन सुरु भयो, त्यसको सुरुवाती अवस्थामै पूर्वतयारी अवस्था थियौं । खासगरी हाम्रो नगरपालिका बारा जिल्लाको सदरमुकाम पनि हो । यसमा प्रदेश सरकारको मातहत कलैयाको अस्पताल रहेकोले प्रदेश सरकारले गर्नुपर्ने थियो । हामीले आइसोलेसन बनाएका छौं तर हामीसँग चिकित्सक छैन । बारा जिल्लाको सदरमुकामको अस्पतालमा कुनै किसिमको व्यवस्थापन छैन । स्वास्थ्यकर्मीको अभावका कारण हाम्रो इमर्जेन्सी वार्ड जहिले पनि बन्द नै हुन्छ ।

**० भनेपछि कलैया उपमहानगरसँग स्वास्थ्यकर्मी र स्वास्थ्य सामग्री पनि छैन ?**
– सबभन्दा अप्ठ्यारो हामीसँग स्वास्थ्यकर्मी नै छैन । क्वारेन्टाइन चलाउनका लागि सामान्य अवस्था हो । तर आइसोलेसनमा संक्रमितलाई राखिन्छ, त्यसका दक्ष जनशक्ति र स्वास्थ्य सामग्री नै चाहिन्छ । प्रदेश सरकारको मातहत रहेको कलैया अस्पतालमा अहिलेसम्म केही पनि उपलब्ध गराएको छैन । हामीलाई प्रदेश सरकारको कुनै अनुभूति नै भएको छैन । यस्तो महामारीका बेला पनि प्रदेश सरकारले प्रदेशभरिका अस्पतालहरुको अवस्था बुझ्नुपर्ने थियो, कहाँ के चाहिन्छ भन्ने कुराको जानकारी लिनुपर्ने थियो । तर त्यस्तो केही पनि चाँसो प्रदेश सरकारको देखिएको छैन ।

**० तर, प्रदेश सरकारले त कोरोना रोकथाम तथा नियन्त्रणका लागि दुई अर्ब रुपैयाँ खर्च गरिसक्यो र यसपटकको बजेट पनि करिब दुई अर्ब बजेट छुट्याएको छ नि ?**
– प्रदेश सरकारले कति खर्च गऱ्यो, कहाँ खर्च गऱ्यो हामीलाई केही पनि थाहा छैन । प्रदेश सरकारबाट कोरोना रोकथामको नाममा वा स्वास्थ्य सामग्री तथा स्वास्थ्यकर्मी केही पनि पठाएको छैन । कलैया अस्पतालमा प्रदेश सरकारको तर्फबाट न त स्वास्थ्यकर्मीको व्यवस्थापन हुन सकेको छ न त स्वास्थ्य सामग्रीको । बारा जिल्लामा १६ वटा स्थानीय तह छन् । हामीले सबै स्थानीय तहसँग समन्वय गरेर पीसीआर मेसिन किन्ने प्रक्रिया अगाडि बढाएका छौं । दुई चार दिनमा हामीसँग आफ्नै पीसीआर मेसिन आउँछ । त्यसका लागि जनशक्ति पनि हामी स्थानीय तहले नै ६ महिनाका लागि व्यवस्थापन गर्न गइरहेका छौं । बारा जिल्लाका १६ वटै स्थानीय तहबीच समन्वय भएर हामीले कलैया अस्पतालमा पीसीआर मेसिन राख्छौं र त्यसका जनशक्ति पनि राख्न गइरहेका छौं । त्यसको सम्पूर्ण खर्च हाम्रा स्थानीय तहहरु मिलेर नै जुटाउने छौं । प्रदेश र संघीय सरकारको कुनै चाँसो नदेखिएपछि हामी स्थानीय तहका जनप्रतिनिधिहरुले यस्तो निर्णय गरेका छौं । जनतालाई बचाउनका लागि प्रदेश र संघीय सरकारको मुख ताकेर बस्यौं भने अझ भयावह अवस्था आउँछ ।

**० प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले त कोरोना रोकथामका लागि प्रदेश सरकारले इमान्दारी प्रयास गरेको भनिरहेका छन् नि ?**
– प्रदेशका मुख्यमन्त्रीले कोरोना रोकथामका लागि के कति इमान्दार प्रयास गर्नुभयो त्यसमा हामीले टिकाटिप्पणी गर्नु आवश्यक छैन । यसका बारे यहाँका जनता र नागरिक समाजले राम्ररी हेरिरहेका छन् । प्रदेश सरकारले कमसेकम स्थानीय तहहरुलाई स्वास्थ्य सामग्रीहरु पठाउनुपर्ने थियो । प्रदेश सरकारले स्वास्थ्य सामग्री तथा चिकित्सकका लागि अहिलेसम्म कुनै कार्यक्रम वा पैसा पनि पठाएको छैन । हामीलाई प्रदेश सरकारबाट पैसा नै चाहिँदैन, हामीलाई स्वास्थ्य सामग्री पठाइदिएको पनि हुन्थ्यो ।

# प्रादेशिक अस्पताललाई कोरोना अस्पताल बनाउन लागेकोप्रति आपत्ति

काठमाडौं । प्रदेश २ को प्रादेशिक अस्पताललाई कोरोना अस्पताल बनाउन लागेको भन्दै जनतान्त्रिक तराई मुक्ति मोर्चाका राष्ट्रिय अध्यक्ष डा.मनोज मुक्ति 'विवेक'ले आपत्ति जनाएका छन् ।
डा.मुक्तिले सोमबार एक प्रेस नोट जारी गर्दै भनेका छन्, 'प्रदेश नं २ सरकारको विश्वस्त उच्च तहबाट प्राप्त जानकारी अनुसार प्रदेश सरकारसँग प्रशस्तै बिकल्पहरु हुँदाहुँदै बिकल्पहरुमा कुनै ध्यान नै नदिई जनकपुर प्रादेशिक अस्पताललाई प्रादेशिक कोरोना अस्पताल" को रुपमा रुपान्तरण गर्न लागेको सूचनाले स्तब्ध भएका छौं ।'
जनकपुर प्रादेशिक अस्पताल जुन प्रदेश नं २ को अस्थायी राजधानी जनकपुरधामको एकदमै घना वस्तीमा अवस्थित छ र प्रदेश नं. २ का गरिव, निमुखा, असहाय, विपन्न एवं एकदमै निम्न आय भएका बर्गको एकमात्र स्वास्थ उपचारको प्रमुख थलोको रुपमा परिचित रहेको सर्वविदित नै छ र प्रदेश सरकारको यस्तो गैरजिम्मेवार एवं अमानवीय निर्णयले ती वर्गका जनताको स्वास्थमा प्रत्यक्ष नकारात्मक असर पर्ने निश्चित देखिने उनले दाबी गरेका छन् ।
राष्ट्रिय जनतान्त्रिक गठबन्धनका संयोजकसमेत रहेका डा.मुक्तिले यस्ता जनतामारा निर्णय नगर्न नगराउन प्रदेश सरकार र जनता समाजवादी पार्टीसँग माग गरेका थिए ।
साथै उनले एक परिवार एक पीसीआर टेस्टको पनि माग गर्नुको साथसाथै उक्त घृणित जनतामारा कुकृत्यको विरुद्ध प्रदेश नं २ का सम्पूर्ण बुद्धिजीवी, समाजसेवी, संचारकर्मी, अधिकारकर्मी, नागरिक समाज, सामाजिक संघ(संस्था लगायत सम्पूर्ण आम जनतालाई ससक्त प्रतिवाद र प्रतिकारमा उत्रन आह्वान गरेका छन् । जहाँ कोरोनाबाट आक्रान्त सम्पूर्ण विश्व आ(आफ्नो देशका जनतालाई क्षमताले भ्याएसम्म सुरक्षा एवं राहत दिन अभ्यस्त देखिन्छ त्यही हाम्रो देशमा राज्य(सत्ताको तिनवटै तह ( संघीय सरकार, प्रदेश सरकारहरु र स्थानीय सरकारहरु) कोरोनालाई लूटखसोट अवसरमा परिणत गरि "कोरोना व्यापार" मा अभ्यस्त रहेको एवं जनघाती कुकार्यहरुमा लिप्त रहेको आरोपसमेत लगाएका छन् ।

## विश्व परिवेश

# साउदीलाई चिढ्याउनु पाकिस्तानलाई महंगो पर्दै

काठमाडौं । युनाइटेड अरब इमिरेट्स र इजरायलबीच शान्ति सम्झौता भएपछि अहिले मध्यपूर्वमा एक किसिमको तनाब र ध्रुविकरण देखिएको छ । उसो त युएई अरब र इजरायलबीचको युद्धमा कहिलै लडेको थिएन । तर पनि युएई र इजरायलबीच शान्ति सम्झौता भएको थिएन । मध्यपूर्वमा एक्लिएर रफ्तारमा अघि बढेको इजरायलले जोर्डन र इजिप्टसँग भने शान्ति सम्झौता गरेको थियो ।

यद्यपि त्यसले इजरायललाई व्यापारिक दुष्टिले कुनै फाइदा पुऱ्याएको थिएन । अब, युएईसँग केहिदिन अघि १३ अगस्तमा भएको शान्ति सम्झौताले युएई र इजरायल दुवैलाई आर्थिक, व्यापारिक, शिक्षा, स्वास्थ्य, प्रविधि र सुरक्षालगायतका सबै क्षेत्रमा फाइदा पुऱ्याउनेछ । इजरायलले मध्यपूर्वमा आफ्नो प्रभाव पार्न सक्नेछ । युएईले पनि इजरायलको सहयोगमा प्रविधि र सैन्य एवं हतियार निमार्णका कार्यक्रमहरु अघि बढाउन सक्नेछ । अब इजरायल र साउदीको बीचमा पनि यस्तै अर्को सम्झौता हुनसक्ने बताइन्छ । अमेरिकाले गराइदिएको यो सम्झौताले अब युएई, इजरायल र साउदी लगायतलाई अमेरिकासँगै एक साथ अघि बढ्न मार्ग प्रशस्त गर्ने संकेत मिलेको छ ।

तर, इरान र टर्कीले भने इजरायल र युएईबीचको यो सम्झौतालाई अस्विकार गरेका छन् । यता, टर्की मुस्लिम देशहरुको नेतृत्वमा साउदीलाई पन्छ्याएर आफु स्थापित हुने रणनीति अपनाइरहेको छ । यता चीनको पछि लागेको पाकिस्तानलाई टर्कीले सहयोग गरिरहेको छ । यसको अर्थ के हुन्छ भने, अब मुस्लिम विश्व अमेरिकी ध्रुव र चिनियाँ ध्रुवमा विभाजित हुनसक्छन् । आफ्नो वंशानुगत शासन अनुसार दमन गर्न खोजिरहेका इरान, टर्की र चीनको योजनामा हरेक कदम चालिरहेको पाकिस्तानलाई साउदी, युएईलगायत ठूला शक्तिले अस्विकार गरिदिने देखिन्छ ।

मुस्लिम विश्व विभाजित हुनेक्रममा रहँदा पाकिस्तानलाई भने तनाब बढेको छ । पाकिस्तानका विदेशमन्त्री एसएम कुरेशीले प्रधानमन्त्री इमरान खानका सचिव अजम खानलाई थप्पड हानेका छन् । पाकिस्तानी मिडियाका अनुसार विदेशमन्त्री कुरेशीले इमरान खानलाई भेट्न खोजेका बेला सचिवले अवरोध गर्न खोजेका कारण थप्पड हानेको जनाइएको हो । उनै कुरेशीले साउदी अरबका बारेमा बोलेको विवादास्पद कुराले ति दुई देशको सम्वन्ध थप विग्रिएको छ । सम्वन्ध सुधार्न पाकिस्तानले सेनाप्रमुख वाजवालाई साउदी पठाउनुपरेको थियो ।

# भारतीय कााग्रेसको अन्तरिम अध्यक्ष सोनिया गान्धी नै

नयाँदिल्ली । भारतको प्रमुख प्रतिपक्षी दल भारतीय राष्ट्रिय काँग्रेस अझै केही समय अन्तरिम अध्यक्षकै नेतृत्वमा रहने भएको छ ।

पार्टीमा पूर्णकालिन र देखिने नेतृत्वको आवश्यकता रहेको आवाज उठेपछि बोलाइएको केन्द्रीय समितिको बैठकले त्यस्तो नेतृत्वको बारेमा निर्णय गर्न नसकेकाले अझै करिब एक वर्षका लागि अन्तरिम अध्यक्षकै नेतृत्वमा रहने भएको हो ।

तत्कालीन अध्यक्ष राहुल गान्धीले पदबाट राजीनामा दिएपछि काँग्रेस अहिले अन्तरिम अध्यक्ष सोनिया गान्धीको नेतृत्वमा चल्दै आएको छ । तर अन्तरिम अध्यक्ष गान्धीसहितका धेरै नेताहरुले नयाँ अध्यक्ष चयन गर्नुपर्नेमा जोड दिएपनि पार्टीले निर्णय गर्न असक्षम देखिएको छ ।

सोमबार बसेको केन्द्रीय समितिको बैठकमा नयाँ नेतृत्वका बारेमा छलफल भएपनि चयन गर्न नसकेकाले अर्को अध्यक्ष चयन नहुन्जेलसम्मका लागि गान्धीले नै अन्तरिम अध्यक्षको रुपमा पार्टीको नेतृत्व गर्ने भएकी छन् ।

बैठकले जतिसक्दो चाडो नयाँ अध्यक्ष चयन गर्ने निर्णय गरेको पार्टीका नेता के एच मुनियाप्पाले जानकारी दिए ।

अन्तरिम अध्यक्ष गान्धीले नै अझै केही समय पार्टीको नेतृत्व गर्नुहुने भएको छ, ठोस निर्णय गर्न बैठक असमर्थ भएको छ, उनले भने । नयाँ अध्यक्ष चयन हुनका लागि छ महिनादेखि एक बर्षसम्म लाग्न सक्ने नेताहरुले बैठकमा बताएका थिए ।

काँग्रेसमा अझै पनि धेरै नेता तथा कार्यकर्ताहरुले राहुल गान्धीलाई नै अध्यक्ष बनाउनु पर्नेमा जोड दिएका छन् भने उनले अस्वीकार गर्दै आएका छन् ।

गएको आम निर्वाचनमा पार्टीलाई सवैभन्दा धेरै निर्वाचन क्षेत्रबाट जिताउन नसकेपछि नैतिक जिम्मेवारी लिदै उनले अध्यक्ष पदबाट राजीनामा दिएका थिए । उनले दिएको राजीनामा केही समय अस्वीकृत हुदै उनलाई नै अध्यक्षमा कायम गर्नुपर्ने माग उठिरहेपनि उनले अस्वीकार गरेपछि पार्टीकी अर्की पूर्व अध्यक्ष सोनिया गान्धीलाई अन्तरिम अध्यक्ष बनाइएको हो । उनलाई सन् २०१९ को अगस्ट १० तारिखका दिन केही समयका लागि भनेर अन्तरिम अध्यक्ष बनाइएको हो । तर नयाँ अध्यक्ष चयन हुन नसक्दा अझै केही समय उनले नै पार्टीको नेतृत्व गर्नेछिन् ।

# दाउद इब्राहिम पाकिस्तानमा रहेको पुष्टि

मुम्बई । अन्डरवर्ल्डका नाइके एवम् कुख्यात डन दाउद इब्राहिम पाकिस्तानमा रहेको पुष्टि भएको छ । पाकिस्तानले अगष्ट १८ मा एक अधिसूचना जारी गर्दै कराँचीमा दाउद बसिरहेको जनाएको थियो तर पाकिस्तानी विदेश मन्त्रालयले यो कुनै नयाँ जानकारी नभएको पनि दाबी गरेको थियो ।

पाकिस्तानी विदेश मन्त्रालयका प्रवक्ता जाहिद चौधरीले भनेका छन्, 'पाकिस्तानले वैधानिक अधिसूचना जारी गरेको छ, यो एक प्रक्रियाअनुसार नै जारी गरिएको हो, प्रतिबन्धित सूची या प्रक्रियामा कुनै परिवर्तन गरिएको छैन ।' त्यहाँको विदेश मन्त्रालयले यस्ता अधिसूचना पटक-पटक निकाल्ने गरिएको, संयुक्त राष्ट्र संघको प्रतिबन्ध सूचीमा राखिएका मानिसहरुको वर्तमान स्थिति जानकारी दिन तथा अन्तराष्ट्रिय जिम्मेवारी वहन गर्न पाकिस्तान सरकारले यो अधिसूचना जारी गरेको जनाएको छ ।

पेरिसस्थित फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) ले पाकिस्तानलाई सन् २०१८ जुनमा आतंकवादमा लगानी भइरहेको मुलुकको सूचीमा राखेको थियो । आतंकवादका क्षेत्रमा भइरहेको लगानी रोकिएमात्रै सो सूचीबाट हटाउन सक्ने प्रावधान छ । पाकिस्तानी विदेश मन्त्रालयका अनुसार सन् १९९३ मा भएको मुम्बई हमलाका मुख्य आरोपी दाउद इब्राहिम साउदी मस्जिदनजिकको ह्वाउट हाउसमा बस्ने गर्छन् । साथै कराँचीका दुई फरक स्थानलाई पनि उनको ठेगाना रहेको सो अधिसूचनामा उल्लेख छ । अधिसूचनामा दाउदका कैयौं नामबारे पनि बताइएको छ । भारतले लामो समयदेखि दाउद इब्राहिम पाकिस्तानस्थित कराँची शहरमा बसिरहेको बताउने गरेको थियो । तर पाकिस्तानले भारतीय दावीलाई आरोपमात्र भएको प्रतिक्रिया दिने गरेको थियो ।

सन् १९९३ मा भएको मुम्बई बम विस्फोटमा दाउदको प्रत्यक्ष संलग्नता देखिएको थियो । सो हमलामा २५७ जना मानिसको ज्यान गएको थियो भने ७०० जना घाइते भएका थिए । दाउदलाई सन् २००३ मा अन्तराष्ट्रिय आतंकवादी घोषित गरिएको थियो ।

## चीन र पाकिस्तानको संयुक्त विज्ञप्तिमा जम्मु-कस्मिरको सन्दर्भ समेटिएपछि भारत रूष्ट

नयाँदिल्ली । चीन र पाकिस्तानले निकालेको संयुक्त विज्ञप्तीमा जम्मु-कस्मिरको सन्दर्भ समेटिएपछि भारतले यस्ता कार्य अस्वीकार्य रहेको बताएको छ । शनिबार पाकिस्तान र चीनको विदेश मन्त्रालयले दुवै देशका विदेशमन्त्रीबीच भएको भेटवार्ताको बारेमा संयुक्त विज्ञप्ती निकालेको थियो । उक्त विज्ञप्तीमा दुवै पक्षले दक्षिण एसियामा समानता र पारस्परिक सम्मानका आधारमा वार्ताका माध्यमबाट विवाद र मुद्दा समाधान गरिनु आवश्यक रहेको जोड दिएका छन् । त्यहाँ जम्मु कस्मिरको बारेमा भनिएको थियो,'पाकिस्तानी पक्षले जम्मु-कस्मिरको पछिल्लो स्थितीको बारेमा चिनियाँ पक्षलाई जानकारी दियो ।' चिनियाँ पक्षले जम्मु कस्मिरको विषयमा भनेको छ,'कस्मिर मुद्दा भारत र पाकिस्तानबीच पहिल्यैबाट चल्दै आएको विवाद हो । यो विवाद शान्तिपूर्ण तवरबाट राष्ट्रसंघको नियमअनुसार दुईतर्फी छलफलबाट टुंग्याउनुपर्छ ।' चीनले कस्मिरको विषयमा एकतर्फी कार्यलाई विरोध गर्ने जनाएको थियो । चीन र पाकिस्तानको संयुक्त विज्ञप्तीमा जम्मु-कस्मिरको विषय समेटिएपछि भारतले चीन र पाकिस्तानको आलोचना गरेको छ । जम्मु-कस्मिर भारतको भूमि भएको साथै यो आन्तरिम मामिला भएकाले यसबारे हस्तक्षेप नगर्न भारतले चेतावनी दिएको छ । भारतको विदेश मन्त्रालयले भनेको छ,'जम्मु-कस्मिर भारतको अभिन्न अंग हो र हामी आशा गर्दछौं कि सम्बन्धित पक्षहरुले भारतको आन्तरिक मामिलामा हस्तक्षेप गर्नेछैन ।'

## पाकिस्तानमा हिन्दुहरूमाथि उत्पिडन

काठमाडौं । पूरै विश्व कोरोना भाइरसको महामारीको सामना गरिरहेका बेला इमरान खान नेतृत्वको पाकिस्तानमा अल्पसंख्यक हिन्दुसमुदायमाथि एकपछि अर्को आक्रमण र हिन्दु सम्पदाहरुमाथि अतिक्रमण भइरहेका छन् ।

यसैबिच पाकिस्तानको कराँचीसँगै रहेको ल्यारी जिल्लामा मुस्लिम अतिवादीहरुले हिन्दु हनुमान मन्दिर भत्काएका हुन् । ल्यारी जिल्लामा रहेको फिदा हुसेन रोडमा अवस्थित उक्त हिन्दु मन्दिर अतिवादीहरुले भत्काएका हुन् ।

मन्दिर क्षेत्रमा एक आवासीय भवन निमार्णका क्रममा त्यहाँको हिन्दु मन्दिर भत्काएपछि हिन्दु समुदायले दुःख व्यक्त गरेका छन् । भवन निमार्णको सुरुवातका क्रममा त्यस क्षेत्रमा बस्ने हिन्दु समुदायहरुलाई मन्दिर नभत्काउने आश्वस्त पारिए पनि मन्दिर भत्काउँदै त्यहाँ भवन निमार्णको काम अघि बढाइएको हो ।

१८ हिन्दु परिवारको बसोबास रहेको सो क्षेत्रका हिन्दु बासिन्दा हिरा लालले मिडिया सामु दुःख व्यक्त गर्दै आफूहरुमाथि उत्पीडन भएको बताए । पाकिस्तानी मिडिया दी एक्सप्रेस ट्रिबुनसँग बोल्दै उनले मन्दिर भत्काएको जानकारी दिएकी हुन् ।

महामारीका कारण कसैले पनि मन्दिरमा जान नपाउने भनिएका बेला निमार्ण कार्य गर्नेहरुले मन्दिर भत्काइदिएको एक अर्का स्थानीय हिन्दुले बताए । हिन्दु समुदायमाथि यस किसिमका अनेकन उत्पीडनहरु पाकिस्तानी अधिकारीहरुले नै गर्ने गरेका घटनाहरु सार्वजनिक हुँदै आएका छन् । सय बर्ष पूरानो मन्दिर भत्काइ दिएर हिन्दुहरुमाथिको दमन गरिएको छ ।

कोभिड-१९ को संक्रमण फैल्न नदिन सम्पूर्ण उद्योग, व्यापारिक एवं व्यावसायिक फर्म, डिपार्टमेन्टल स्टोर, बिक्री केन्द्र एवं पसलहरुले वस्तु तथा सेवाको उत्पादन, प्रशोधन, ढुवानी तथा बिक्री वितरण लगायतका कार्यहरु गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृत गरेको कोभिड-१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocal) अनिवार्य पालना गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## भारत विरूद्ध चीनको दोहोरो रणनीति

काठमाडौं । चीनले भारतका बिरुद्ध दोहोरो रणनीति अपनाएको छ । चीनले तिब्बतको उचाइको इलाकामा तोप र सैनिक तैनाथ गरेको छ भने अर्कातिर पाकिस्तानलाई हतियार बेचेर पाकिस्तानको ताकत बढाएको छ ।

चीनले जुलाई अन्त्यतिर तिब्बतस्थित ४ हजार ६ सय उचाइमा तोपसहित सैनिकहरुको तैनाथी गरेको हो ।

भारत र चीनबीच विवाद जारी रहँदा कुटनीतिक पहल गर्नुको सट्टा चीनले सैन्य शक्ति बढाएको हो । त्यसैगरी भारतलाई भड्काउन पाकिस्तानलाई समेत हतियार बेचेर चीनले दवावमा राखेको हो ।

चीनले भारतसंग लद्दाखमा विवाद उब्जाएको छ । त्यतिमात्र हैन उक्त समयमा झुक्याएर चीनले भारतीय ठूलो संख्यामा सैनिकको हत्या गरेको थियो ।

अर्कातिर चीनले पाकिस्तानलाई अत्याधुनिक हतियार बेचेको छ । पाकिस्तानको सैन्य क्षमता बढाएको छ । कथंकदाचित भारत र चीनबीच कुनै आक्रमण भयो भने पाकिस्तानले पनि भारत विरुद्ध जोडतोडले आक्रमण गर्नेमा चीन विश्वस्त छ । खुफिया सूत्रलाई हवाला दिँदै अन्तर्राष्ट्रिय एक संचारमाध्यमले लेखे अनुसार पाकिस्तानले चीनबाट मिडियम रेन्ज, लामो समयसम्म चल्ने मानवरहित एरियल ह्विकल सीएच-४ किन्दैछ ।

## जिल्ला समाचार

### बजेट फ्रिज गराएको पूर्वमन्त्री राईको आरोप

नेपालगन्ज । पूर्वमन्त्री तथा जनता समाजवादी पार्टी नेपालका केन्द्रीय कार्यकारिणी समिति सदस्य मो. इस्तियाक राईले नेपालगन्ज उपमहानगरपालिकाप्रति आक्रोश व्यक्त गरेका छन् । उनले आफू मन्त्री भएको बेला अन्य क्षेत्रका बजेटहरु कटौती गरेर भएपनि नेपालगन्जलाई समृद्ध शहरको रुपमा विकास गर्न खोजेको भन्दै भेरी अस्पताललाई भेन्टिलेटर खरिदका लागि उपलब्ध गराएको बजेट उपमहानगरले फ्रिज गराएको आरोप लगाएका छन् । बाँके क्षेत्र नं. २ बाट निर्वाचित संघीय सांसद राईले बुधबार नेपालगन्जमा पत्रकार सम्मेलन आयोजना गरी नेपालगन्ज उपमहानगरपालिकाले निकालेको विज्ञप्तिप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताए । उनले उपमहानगरपालिकाको विज्ञप्तिले नगरबासीलाई थप भ्रमित बनाएको उल्लेख गर्दै त्यसमा कुनै सत्यता नभएको स्पष्ट पारे । संघीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गतको डेढ करोड रकमबाट आफुले भेरी अस्पताललाई भेन्टिलेटर खरिदका लागि उपलब्ध गराएको रकम कार्यान्वयन नगरी उल्टै फ्रिज गराउने अवस्थामा पुर्याउनु दुर्भाग्यपूर्ण भएको बताए । नेपालगन्ज उपमहानगरपालिकाले रकम सदुपयोग गर्न नसकेर दोष उल्टै आफूलाई दिएकोमा राईले आक्रोश पोखे । संघीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गतको बजेट नियमपूर्वक उपमहानगरपालिकामार्फत भेरी अस्पतालमा भेन्टिलेटर खरिद गर्न उपलब्ध गराएको स्पष्ट पार्दै उहाँले बजेट ढिला गरी प्राप्त भएकाले कार्यान्वयन गर्न सकिएन भन्ने उपमहानगरपालिकाको भनाइमा कुनै सत्यता नभएको उनले दाबी गरे ।

### मृतक बालिकाको परिवारलाई राहत

जनकपुरधाम । रौतहटको गढीमाई नगरपालिका ६ स्थित बागमती नदीमा डुबेर मृत्यु भएका तीन जना बालिकाको परिवारलाई प्रदेश २ सरकारले जनही एक लाख रुपैयाँ क्षतिपूर्ति दिने भएको छ । मुख्यमन्त्री लालबाबु राउतले मृतक परिवारप्रति समवेदना प्रकट राहत रकम घोषणा गरेका हुन् । 'मृतक परिवारलाई राहत स्वरुप प्रदेश सरकारको तर्फबाट तत्कालै क्षतिपूर्ति उपलब्ध गराउने घोषणा गर्दछु' उनले भनेका छन् । चार दिनअघि रौतहटको गढीमाई नगरपालिका ६ स्थित बागमती नदीमा डुबेर सोही नगरपालिकाको वडा नम्बर ७ का लक्ष्मण दास तत्माकी १५ बर्षीया छोरा स्वचिता दास, भदै मुखियाकी ११ बर्षीया छोरी पिंकु र छठु मुखियाकी १० बर्षीया छोरी चञ्चल मुखियाको डुबेर मृत्यु भएको थियो ।

### घरमै मोहर्रम मनाउन आग्रह

नेपालगञ्ज । कोभिड-१९ महामारीका कारण मुस्लिम समुदायले एकसातासम्म धुमधामका साथ मनाउने मोहर्रम पर्वका सबै धामिर्क कार्य यस वर्ष घरमै मनाउन आग्रह गरिएको छ । केन्द्रीय मोहर्रम पर्व तथा कर्बला व्यवस्थापन समिति बाँकेले कोभिड-१९ का कारण मोहर्रम पर्वका सबै धार्मिक कार्यक्रमलाई घरमै गर्ने निर्णय गरिएको जनाएको छ । समितिका अध्यक्ष फिरोज हलवाइले यस वर्ष महामारीलाई मध्यनजर गर्दै नेपालगञ्जका ५५ वटा मोहर्रम कमिटीका पदाधिकारीको उपस्तिथिमा मोहर्रमका सबै धार्मिक कार्यक्रमहरु घरमै गरेर परिवार र आफन्तका साथ मनाउने निर्णय गरिएको जानकारी दिए । मोहर्रम पर्वलाई सात दिनसम्म सयौंको जुलुसका साथ हरेक दिन मनाइने गरिएकोमा यस वर्ष सबै कार्यक्रमलाई स्थगित गरेर आ आफ्नो घरमा धार्मिक कार्य गर्ने तथा दस तारिखका दिन ताजिया सेलाउन दुई चार जनाको समूहमा पालैपालो स्थानीय कर्बलामा जाने निर्णय गरिएको छ । यस वर्षको मोहर्रम पर्वमा कुनै पनि जुलुस ननिकाल्ने र आआफ्नो घरको अगाडि आलम खडा गर्ने, ढोल बजाउने, लगायतको रितिरिवाज नेपाल सरकारको स्वास्थ्य सम्बन्धित मापदण्डलाई पालना गर्दै घरमै मनाउन जानकारी गराउन माइकिंग गर्ने तथा पर्चा पम्पलेट वितरण गर्ने कार्य पनि शुरु गरिएको छ । यसअघि जिल्ला प्रशासन कार्यालय बाँकेमा धार्मिक सदभाव समिति, विभिन्न मोहर्रम समितिहरु र सुरक्षा निकायका प्रमुखहरुको उपस्थितिमा पनि मोहर्रमका सबै धार्मिक कार्य यस वर्ष घरमै गर्ने सहमति भएको थियो । आइतवारबाट शुरु भएको मोहर्रम पर्व भदौ १४ गतेसम्म चल्ने छ ।

### कपिलवस्तुका एक पुरूषको मृत्यु

कपिलवस्तु । कपिलवस्तुमा कोरोनाका कारण थप एक जनाको बिहीबार मृत्यु भएको छ । बुटवलको कोरोना विशेष अस्पतालमा उपचारार्थ कपिवस्तु नगरपालिका वडा नम्बर १ का ५० वर्षीय पुरुषको बिहीबार विहान मृत्यु भएको कपिलवस्तुका कोरोना फोकल पर्सन कुमार थापाले जानकारी दिए । उनको उपचारको क्रममा गत भदौ ५ गते कोरोना संक्रमणको पुष्टी भएको थियो । श्वास प्रश्वासमा समस्या आएपछि ६ गतेदेखि उनलाई बुटवल कोरोना अस्तालमा भेन्टिलेटरमा राखेर उपचार भइरहेको थियो । उनी लामो समयदेखि उच्च रक्तचाप, मधुमेहको विरामी रहेका थिए । यो संख्या संगै कपिलवस्तुमा कोरोनाका कारण मृत्यु हुनेको संख्य तीन पुगेको छ ।

### वीरगञ्जमा चिकित्सकको सामूहिक राजीनामा

बीरगञ्ज । वीरगञ्जका निजी अस्पतालमा कार्यरत १५० जना डाक्टरले सामूहिक राजीनामा दिएका छन् । पाँच बुँदे माग राखेर ७ दिने अल्टिमेटम दिएका डाक्टरहरूले माग पूरा नभएको भन्दै सामूहिक राजीनामा दिएका हुन् । एक सातासम्म पनि आफूहरूले अघि सारेका मागबारे सुनुवाई गर्ने पलह नभएपछि राजीनामा दिन बाध्य भएको मेडिकल अफिसर एसोसिएसन अफ वीरगञ्ज संर्घष समितिका महासचिव डा. रामएकवाल राय यादवले जानकारी दिए । उनीहरु सोमबार सामूहिक राजीनामा दिएपछि मंगलबारबाट काममा भने गएका छैनन । उनीहरू कार्यरत अस्पताल प्रशासन, नेपाल चिकित्स संघ, जिल्ला प्रशासन कार्यालयमा उनीहरूले माग पेश गरेका थिए । एमबीबीएस डाक्टरहरूले न्यूनतम ६५ हजार तलब पाउनुपर्ने, २५ लाख बराबरको स्वास्थ्य तथा जीवन बीमा गर्नुपर्ने, अस्पतालमा काम गर्दा क्वारेन्टिनमा अस्पतालले नै सुविधा दिनुपर्ने, विश्व स्वास्थ्य संगठनको निर्देशनअनुसार व्यक्तिगत सुरक्षा सामग्री (पीपीई) उपलब्ध गराउनुपर्ने, कार्यअवधिमा कोरोना संक्रमण भएमा अस्पतालबाट निःशुल्क उपचार पाउनुपर्ने लगायतका माग राखेका थिए । विश्वभरी फैलिएको कोरोना भाइरसको महामारीको समयमा अग्रपंक्तिमा रहेर कार्यरत डाक्टरहरुको मागप्रति सरोकारवाला उदासिन बन्दा सामुहिक राजीनामा दिन बाध्य भएको महासचिव यादवले बताए ।

### बारा र पर्साका सरोकारवालाहरूसँग मुख्यमन्त्री राउतको छलफल

बारा । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले कोरोना महामारी नियन्त्रणको विषयमा बारा र पर्सा जिल्लाको सरोकारबालाहरुसँग छलफल गरेका छन् । बाराको पथलैयास्थित मध्यक्षेत्रीय सशस्त्र प्रहरी बलको सभाकक्षमा आयोजित छलफलमा मुख्यमन्त्री राउतले महामारीको प्रकोप बढ्दै गएको अवस्थामा महामारी नियन्त्रणको लागि प्रदेश सरकारले विगतमा गरेको प्रयास र अगामी दिनमा चाल्नु पर्ने कदमहरु सरोकारबलाहरु सुझाव मागेका थिए । छलफलका सहभागीहरुले महामारी नियन्त्रणका लागि प्रदेश सरकारले इमान्दारिताका साथ प्रयास गरे पनि झन्झटिलो खरिद प्रक्रियाले समस्या देखाएको गुनासो गरेका थिए । कार्यक्रममा बारा र पर्साका स्थानीय तहका प्रमुखहरुले जाँचमा गति र आइसोलेशन कक्ष थप गर्न मांग गरेका थिए । छलफलमा उठेका प्रश्नहरुको जवाव दिँदै मुख्यमन्त्री राउतले जाँचको गतिलाई तीब्रता दिन हाल संचालनमा रहेका ल्याबहरु मेसिन थप गर्नुका साथै रौतटहको गौर सहित सबै जिल्ला अस्पतालमा ल्याव संचालनको प्रक्रिया शुरु भैसकेको जानकारी दिए । कार्यक्रममा मुख्यन्यायाधिवक्ता दिपेन्द्र झा, प्रमुख सचिव अर्जुन पोखरेल, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धानका प्रदेश प्रमुखहरु, बारा र पर्साका स्थानीय तहका प्रमुखहरु, प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, सुरक्षा निकायका पदाधिकारी, अस्पतालका मेसु, जनस्वास्थ्य कार्यालयका प्रतिनिधि सहितको उपस्थिति रहेको थियो ।

### महोत्तरीमा निषेधाज्ञा थप

महोत्तरी । महोत्तरीमा निषेधाज्ञ थप गरिएको छ । निषेधाज्ञाको समय सकिन लाग्दा पुनः पाँच दिनको लागि निषेधाज्ञाको समय बढाइएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर कटुवालले जानकारी दिए । कोरोना संक्रमण बढदै गएपछि महोत्तरीमा भदौ १ गते राति देखि १० दिनको लागि जिल्ला भर निषेधाज्ञा जारी गरिएको थियो । अब त्यसलाई बढाएर भदौ १५ गते राति १२ बजे सम्मको थप गरिएको छ । यस अवधिमा अति आवश्यक व्यापार व्यवसाय सञ्चालनको लागि बिहान ६ बजे देखि ९ बजे सम्म सुरक्षा सतर्कता अपनाई सञ्चालन गर्न दिने निर्णय गरिएको छ ।

# काश्मिरी पकवानको प्रचार गर्दै भारत

काठमाडौं । काश्मिर हिउँले ढाकेको पहाड र आश्चर्यजनक सौन्दर्यले मात्र परिभाषित गरेको छैन, विश्वका खानाप्रेमीहरूलाई आकर्षित गर्ने उत्कृष्ट गन्तव्य पनि रहेको छ ।

काश्मिरमा खाना स्वादका लागि प्रख्यात छ, जुन निकै स्वस्थकर र स्वादिष्ट भएको भन्दै विश्वभर चर्चा हुने गरेको भारतीय मूलधारका मिडियाहरुले चर्चा गर्न थालेका छन् । धारा ३७०को खारेजीपछि काश्मीरको विविधताको बारेमा मूलधारका मिडियामा धेरै प्रसङ्ग समेटीन थालेका छन् । त्यहाँका खानाका भाँडाहरु पनि धेरै पुस्तासम्म विकसित भएका छन् । मुस्लिम र कश्मीरी पण्डितहरुको शैलीमा खानाको स्वादहरु मिश्रीत भएका छन् ।

काश्मिरी खानामा 'सिग्नेचर डिश' भनेको "रोगन जोश" हो, जसलाई "रोगन घोस्ट" पनि भनिन्छ । यो फारसी वा काश्मिरी मूलको स्वर्गीय सुगन्धित 'करी मासं'को थाली हो । यो रातो मासुबाट बनाइन्छ । मुख्य रूपले अल्कानेट फूल वा जरा र काश्मिरी खुर्सानी हालेर रंग र स्वाद दिइन्छ ।

डिशमा प्याज, लसुन र अलैचीले थप स्वादिष्ट बनाइन्छ । नियमित भारतीय चियाको विकल्प, "काहवा" दिइन्छ, जुन एक पेय हो । काश्मिरी "कहवा" वा "केहवा चाई" परम्परागत काश्मिरी चिया हो जसमा अलैंचीको स्वाद दिइन्छ र ल्वाङ, दालचिनी र केसर मिसाइएको हुन्छ ।

यो सुगन्धित पेय केही मिनेटको लागी पानीमा हरियो काश्मिरी चिया उमालेर तयार गरिन्छ । उपत्यकामा उपभोग गर्न सकिने अर्को डिश भनेको काश्मिरी "चमन" (पनीर) हो । यो पहेंलो पनीर करी केही हल्का काश्मिरी व्यंजन हुन्, जसमा बेसार प्रयोग गरिन्छ । गोल्डन फ्राइड 'कुटेज चीज क्यूब्स' उमालेर बनाइन्छ । विभिन्न लालीगुराँस, अलैंची, सौंफ पाउडर र 'सोनथ' वा सुक्खा अदुवा पाउडर जस्ता विभिन्न मसलाहरू समावेश गर्दछ ।

काश्मिरी पुलाउ अर्को कश्मीरी डिश हो । यसको एउटा अविस्मरणीय मीठो स्वाद छ र यो यही हो जुन यसलाई अन्य पुलाउ र बिरयानीसँग फरक पार्छ । यस स्वादिष्ट पदार्थमा बासमती चामलहरू, पातलो काटिएको प्याज, हरियो खोर्सानी, अदुवा, पुदिनाको पात, जीरा पाउडर, केसर, बदाम, काजू, अखरोट र तेज पात प्रयोग हुन्छ ।

# अमेरिका र भारतको साझा चुनौती चीन

काठमाडौं । अमेरिकी राष्ट्रपतिका डेमोक्रेट उम्मेदवार जो बाइडेनका सल्लाकार एन्टोनी ब्लान्केनले भारत र अमेरिकाको साझा चुनौती चीन भएको बताएका छन् । चीनविरुद्ध दृढ अडान लिएको नयाँ दिल्लीविरुद्ध चीनले आर्थिक शक्तिको दुरुपयोग गरी अन्यायपूर्ण तरिकाले फाइदा उठाइरहेको उनले बताएका छन् ।

भारतका लागि अमेरिकी पूर्व दूत रिचर्ड वर्माको संयोजकत्वमा बसेको प्यानल छलफलको क्रममा ब्लान्केनले बाइडेन प्रशासन भारतको अन्तर्राष्ट्रिय संस्थाहरूमा अग्रणी भूमिका निर्वाह गर्ने पक्ष हुने र यसमा सुधारिएको संयुक्त राष्ट्र सुरक्षा परिषद्मा स्थायी सदस्यका लागि भारतलाई सहयोग पुऱ्याउने जनाइएको छ ।

'हाम्रो साझा चुनौती छ, जुन बोर्डले बढ्ता जोडदार चीनको साथ व्यवहार गर्नुपर्दछ, साथै वास्तविक नियन्त्रण रेखामा भारतप्रति उसको आक्रामकता र अरुको बाध्यता र अनुचित फाइदा उठाउनको लागि आफ्नो आर्थिक शक्ति प्रयोग गर्ने र अन्तर्राष्ट्रिय नियमलाई बेवास्ता गर्दै विश्वका केही महत्त्वपूर्ण समुद्री क्षेत्रमा नेभिगेसनको स्वतन्त्रतालाई खतरामा पार्ने निराधार समुद्री र क्षेत्रीय दावीलाई जोड दिँदै आफ्नै रुचिहरुलाई जोड दिँने चिनियाँ व्यवहारविरुद्ध एक हुनुपर्छ' उनले भने ।

'बाइडेन प्रशासनमा हामी अन्तर्राष्ट्रिय संस्थाहरूमा नेतृत्वदायी भूमिका खेल्ने भारतका लागि सहयोगी हुनेछौं र यसमा भारतलाई संयुक्त राष्ट्र सुरक्षा परिषद्मा स्थायी सदस्यका लागि सहयोग गर्नेछौं,' उनले थपे ।

# चीनसँगको सीमामा भारतद्वारा सोल्जर-फायर्ड एयर डिफेन्स मिसाइल तैनाथ

नयाँदिल्ली । आफ्नो सीमा नजिक चिनियाँ सेनाका हेलिकप्टरको गतिविधि बढ्न थालेपछि भारतले चीनसँगको सीमा क्षेत्रमा सोल्जर-फायर्ड एयर डिफेन्स मिसाइल तैनाथ गरेको छ ।

पूर्वी लद्दाखको सिमानामा भारतीय सेनाले काँधमा राखेर क्षेप्यास्त्र प्रहार गर्नसक्ने हतियार तैनाथ गरेको भारतीय संचारमाध्यमले जनाएका छन् ।

एएनआईका अनुसार भारतीय सेनाहरुसँग रुसमा बनेका सोल्जर-फायर्ड एयर डिफेन्स मिसाइल छन् जसले भारतीय हवाई क्षेत्रमा घुस्न खोज्ने जुनसुकै विमानलाई आक्रमण गरेर खसाउन सक्छ ।

भारतले पछिल्लो समय आफ्नो राडर प्रणालीलाई पनि मजबुत बनाएको बताइएको छ। दुश्मनको विमानहरु भारतीय क्षेत्रमा पस्न खोजे त्यस्ता विमानलाई तत्काल ट्र्याक गरिने र आक्रमण गरिने बताइएको छ । हालै चिनियाँ सेनाका हेलिकप्टरले हवाई क्षेत्रको निमय तोडेको बताउँदै भारते सो क्षेत्रमा एसयू-३० एमकेआई युद्धक विमान तैनाथ गरेको बताइएको छ ।

गत जुन १५ मा गलवान उपत्यकामा भारतीय र चिनियाँ सेनाबीच झडप भएयता दुई देशबीचको सीमा विवाद उत्कृर्षमा पुगेको छ ।

दुवै देशबीच पछिल्लो समय विवाद साम्य बनाउने विषयमा छलफल पनि जारी छ। यद्यपी छलफलले विवादलाई समाधान गर्न सकेको छैन ।

# ग्यास र पेट्रोलियमको पूर्वाधार विस्तार गर्न नेपाल र भारतबीच छलफल

काठमाडौं । नेपाल-भारत पेट्रोलियम तथा ग्यास संयुक्त कार्यदलको दोस्रो बैठक सम्पन्न भएको छ । नेपालले अघि बढाउन लागेको पेट्रोलियम भण्डारण तथा पाइपलाइन परियोजनामा भारतीय सहयोग र परियोजना निर्माणमा देखिएका समस्याहरुबारे मूल्यांकन गर्ना बैठक केन्द्रित रहेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ । पहिलो चरणको पाइपलाइनपछि अमलेखगन्जमा थप भण्डारण गृह निर्माण, अमलेखगन्ज लोथर पेट्रोलियम पाइपलाइन विस्तारको विषयमा दुई पक्षबीच छलफल भएको मन्त्रालयका सहसचिव प्रेम कुमार श्रेष्ठले जानकारी दिए ।

यस्तै, सिलगुढी-झापा दोस्रो अन्तरदेशीय पेट्रोलियम पाइपलाइन तथा रुपन्देहीसम्म प्राकृतिक ग्याँस पाइपलाइन विस्तारको विस्तृत सम्भाव्यता अध्ययन र चुनौतीबारे बैठक केन्द्रित थियो । 'निगमले अघि बढाउन लागेको पेट्रोलियम परियोजना र त्यसमा भारतीय आर्थिक, प्रविधिक सहयोग तथा आगामी दिनमा दुवै देश मिलेर अघि बढ्ने विषयमा छलफल भयो,' सहसचिव श्रेष्ठले भने । यसअघिनै लागत अध्ययन भएका आयोजना समयमै अघि नबढाउँदा लागत थपिएको, अध्ययनको चरणमा रहेका आयोजनाहरुमा देखिएका आयोजनाका चुनौती र त्यसलाई हल गर्ने विषयमा बैठक केन्द्रीत भएको मन्त्रालयले जनाएको छ ।

नेपाल भारत आपसी समझदारीमा नेपाल आयाल निगम र नेपालको पेट्रोलियम पूर्वाधार विकास गर्न तत्कालिन वाणिज्यमन्त्री सुनिलबहादुर थापाको भारत भ्रमणमा २०१७ मा नेपाल(भारत पेट्रोलियम तथा ग्यास जोइन्ट वर्किङग्रुप (जेडब्लूजी) गठन भएको थियो । वाणिज्य सहसचिव स्तरको उक्त समूहको पहिलो बैठक गत पुस २७ र २८ गते भारतको नयाँ दिल्लीमा भएको थियो । दोस्रो बैठक नेपालमा हुने तय भएपनि कोभिड-१९ का कारण दुई समूहबीच भिडियो कन्फ्रेन्समा बैठक भएको मन्त्रालयले जनाएको छ । यस्तै नेपालमा भारतीय विकास आयोजनाबारे परराष्ट्र सचिव र नेपालका लागि भारतीय राजदूतबीच भएको छलफलमा पनि यस विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

# रेल चलाउन भारतबाट प्राविधिक ल्याइने

काठमाडौं । जयनगर-जनकपुर-कुर्था खण्डमा रेल सञ्चालनका लागि नेपाली कर्मचारी नपाएपछि भारतबाट ल्याइने भएको छ । रेलवे कम्पनीले गत फागुन ९ मा २६ जना प्राविधिक कर्मचारी माग गर्दै विज्ञापन खुलाएको थियो । तर एक जना पनि नेपाली कर्मचारीबाट आवेदन नपरेपछि भारतबाटै कर्मचारी ल्याउने तयारी भएको हो । तर सबै कर्मचारी करारमा राखिनेछ । नेपाल र भारतीय रेलवे बोर्डबीच कर्मचारी ल्याउन सहमति भएको रेल विभागका महानिर्देशक बलराम मिश्रले बताए । दुई देशका अधिकारीबीच भएको अनलाइन बैठकमा रेल चालक र प्राविधिक माग गरिएको हो । 'भारतीय पक्ष पनि छिटो रेल चलाउनुपर्छ भन्नेमा छ, उनीहरूले सहयोग गर्न तयार छौं भनेका छन्,' उनले भने, भारतबाट सिनियर सेक्सनल इन्जिनियर १, स्टेसन मास्टर ८, चिफ पावर कन्ट्रोलर र चिफ लोको इन्स्पेक्टर १/१ जना ल्याइनेछ । त्यस्तै लोको पाइलट, सहलोको पाइलट, पिवे सुपरभाइजर, मेकानिक र प्वाइन्ट म्यान पनि ३/३ जना ल्याइनेछ । भदौ ३० गते दुवै रेल सेट ल्याउने तयारी भएको छ । अहिले रेल सेट पटना नजिकै हाजिपुरमा राखिएको छ । रेल सेट खरिदका लागि सरकारले ८४ करोड ६५ लाख बजेट छुट्याएको थियो । यसमध्ये २० प्रतिशत रकम भुक्तानी गरिसकिएको छ । ८० प्रतिशत भुक्तानी भने रेल ल्याएर परीक्षण गरेपछि मात्र गरिनेछ ।

# मोदीद्वारा श्रद्धाञ्जलि व्यक्त

नयाँ दिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भारतका पूर्व प्रधानमन्त्री राजिव गान्धीलाई श्रद्धाञ्जलि व्यक्त गरेका छन् । पूर्व प्रधानमन्त्री स्वर्गीय गान्धीको ७६ औं जन्म दिनको अवसरमा प्रधानमन्त्री मोदीले उनको स्मरण गर्दै उनप्रति श्रद्धाञ्जलि दिएका हुन् । प्रधानमन्त्री मोदीले आफ्नो ट्वीटर अकाउन्टमार्फत उनलाई श्रद्धाञ्जलि दिएको भारतीय मिडियाले जनाएका छन् । सन् १९४४ अगष्ट २० मा जन्मिएका भारतीय काँग्रेस पार्टीका नेता राजिव गान्धी सन् १९८४ मा भारतको प्रधानमन्त्री बनेका थिए । उनी भारतको सबैभन्दा कम उमेरका प्रधानमन्त्री पनि थिए । सन् १९९१ को मेमा उनको हत्या भएको थियो । उनलाई र भारतीय काँग्रेसले पनि स्मरण गरेको छ ।

## आर्थिक समाचार

# सस्तोडिल डटकमको भारतीय ई-कमर्स कम्पनी फ्लिपकार्टसँग साझेदारी

काठमाडौं । नेपालको ई-कमर्स कम्पनी सस्तोडिल र भारतको लोकप्रिय ई-कमर्स कम्पनी फ्लिपकार्टले आफ्नो लाखौं विक्रेताहरूको लागि सीमापार व्यापार सुरु गर्न रणनीतिक समझदारी गरी सम्झौता गरेका छन् । यससँगै फ्लिपकार्ट सस्तोडिलको माध्यमबाट आधिकारिक रूपमा नेपाली बजारमा प्रवेश गरेको छ । सस्तोडिलले साझेदारी अन्तर्गत फ्लिपकार्ट बजारका भारतीय उत्पादनहरु (बच्चाका कपडाहरु, बच्चाका हेरचाहका सामाग्री, अडियो उपकरणहरु, पुरुष तथा महिलाका कपडाहरु, खेलका सामाग्री) नेपाली ग्राहकका लागि ल्याइनेछ । सस्तोडिलका संस्थापक सिइओ अमुन थापाले भने, 'फ्लिपकार्टको निजी ब्रान्डको उत्पादनहरू पनि सस्तोडिलले देखाउनेछ । अब भारतिय उत्पादन पनि सस्तोडिलको माध्यमबाट अर्डर गरेको भोलिपल्ट नै उपलब्ध गराउनेछ ।' पहिलो चरणमा सस्तोडिलले अगस्ट मध्यबाट फ्लिपकार्टको निजी ब्रान्ड जस्तै मार्क्यु जस्ता राम्रा र गुणस्तरीय सामाग्रीहरु प्रदर्शन गर्ने संस्थापक सिइओ थापाले बताए । समझदारी पश्चात फ्लिपकार्टका निजि ब्राण्डका उपाध्यक्ष देव अय्यरले भने, 'फ्लिपकार्ट निजी ब्रान्डको पोर्टफोलियो सधैं उपभोक्ताको आवश्यकतालाई सम्बोधन गर्ने र उचित मुल्याकंन गर्नु हो । उपभोक्ताको चाहानालाई मध्यनजर गर्दै गुणस्तरिय उत्पादनलाई जोड दिँदै आफ्नो ब्रान्डलाई भारत बाहिरका बजारमा लैजानु नै हाम्रो लागि एक प्राकृतिक प्रकृया रहेको उनले बताए । नेपाल र भारतको उपभोक्ताहरूको प्राथमिकता मिल्दोजुल्दो छ । हामी विश्वस्त छौं नेपालमा पनि हाम्रो निजी ब्रान्डको मार्क्यू र स्मार्टबाईलाई सहजै अपनाउने छन् ।'

# खल्तीबाट पिइएको शुल्क तिर्न सकिने

काठमाडौं । इन्जिनियरिंगको इन्ट्रान्स तयारी गर्ने विद्याथीले पिइए एसोसिएसनको शुल्क खल्ती डिजिटल वालेटबाट तिर्न सक्ने भएका छन् । खल्तीले शुल्क भुक्तानी गर्ने सम्बन्धी पिइएसँग सम्झौता गरेको छ । खल्तीका ग्राहकले खल्ती बजारमा रहेको पिइए एसोसिएसनको मेनुमा ट्याप गरेर शुल्क भुक्तानी गर्न सक्नेछन । यस्तै पिइएको वेवसाइटबाट पनि विद्यार्थीले यो सुविधाको उपयोग गर्न सक्नेछन् । पिइए एसोसिएसनले इन्जिनियरिंग पढ्न चाहने विद्यार्थीहरूलाई प्रवेश परीक्षा तयारमा सघाउँदै आएको छ । इन्जिनियरिंग अध्ययन संस्थामा आवद्ध व्यवसायिक व्यक्तित्वहरूबाट सन १९९४ मा स्थापित पिइए ८५ शिक्षक र ३८ जना कर्मचारीसहित आफ्नै भवनमा संचालित रहेको पिइएका सूचना प्रविधि अधिकृत आर्जन बास्कोटाले जानकारी दिए । 'खल्ती डिजिटल वालेटबाटै विभिन्न शुल्क तिर्न सक्ने भएपछि विद्याथीलाइ पिइएको सुविधा लिन निकै सहज हुने छ,' उनले भने । पिइएबाट हजारौंले प्रवेश परीक्षाको तयारी गरेका छन् । तीमध्ये अधिकांश विद्याथीले उत्कृष्ट कलेजहरूमा भर्ना हुने अबसर पाएका छन् । यस संस्थासँग उच्च तालिमप्राप्त बर्षौंको अनुभव हासिल गरेका प्रशिक्षकहरू छन् ।

# ग्लोबल आइएमईको नयाँ एक्सटेन्सन काउण्टर कुश्मामा

काठमाडौं, ११ भाद्र । ग्लोबल आइएमई बैंक लिमिटेडले पर्वतको कुश्मामा नयाँ एक्सटेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ । बैंकको ४२औं एक्सटेन्सन काउण्टरको उद्घाटन, को. ले. नि. का. पर्वतका प्रमुख नवराज सापकोटाले गरेका छन् । बैंकले सेवाग्राहीको बढ्दो चाप र विस्तारित बैंकिङ्ग सेवाको आवश्कतालाई मध्यनजर गर्दै पर्वत जिल्लाको कुश्मा नगरपालिका वडा नं. ५ स्थित मालपोत कार्यालय परिसरमा एक्सटेन्सन काउण्टर सञ्चालनमा ल्याएको हो । बैंकले मालपोत कार्यालय अन्तर्गतका सेवाग्राही लगायत अन्य ग्राहकहरुलाई बैंकिङ्ग सेवा प्रदान गर्ने प्रयोजनार्थ यस एक्सटेन्सन काउण्टर सुरु गरेको हो ।

## महामारीमा...

फेर्ने । तेस्रो, मुख्यमन्त्रीसमेत पुरै मन्त्रीमण्डल नै हेरफेर गर्ने ।

प्रदेशसभाका सभामुख सरोज यादवले जसपा नेपालले दल एकीकरण भएको जानकारी पत्र पठाएको र त्यो प्राप्त भएको जानकारी दिए । प्रदेशसभा सञ्चालन हुने बित्तिकै एकीकरणको प्रक्रिया शुरु गर्ने उनले बताए । जनकपुरमा हाल निषेधाज्ञा जारी छ । त्यो हट्ने बित्तिकै बैठक बसेर दुवै पार्टीको संसदीय दलको एकीकरण प्रकृया शुरु हुने उनले बताए ।

**राउतको लविङ्ग**

मुख्यमन्त्री लालबाबु राउतले पनि प्रदेशसभाको बैठक बोलाएर एकीकरण प्रकृया टुङ्गो लगाउन भनेको सभामुख यादवले बताए । निषेधज्ञाको अवधि भदौ १४ सम्म जारी रहेछ । निषेधाज्ञा रहेसम्म प्रदेशसभाको बैठक बस्ने छैन । संसदीय दल एकीकरण नभएसम्म त्यहाँको सरकारमा पनि हेरफेर हुने छैन । मुख्यमन्त्री, मन्त्रीहरुले सकभर यो सरकारलाई नै निरन्तरता दिन चाहेका छन् । उनीहरुले आआफ्नो तर्फबाट केन्द्रमा त्यसकै लागि पहल पनि गरिरहेका छन् ।

प्रदेश २ सरकारको अवधि लगभग दुई वर्षमात्र बाँकी छ । यसैलाई निरन्तरता दिनका लागि मुख्यमन्त्री राउतले केन्द्रमा लबिङ गरेका छन् । उनी काठमाडौंमा भएको बेला जसपाका शीर्ष नेताहरुलाई भेटेर वर्तमान सरकारलाई नै निरन्तरता दिन आग्रह गरेको बताइएको छ । त्यसका लागि आफूलाई नै सर्वसम्मत रुपमा संसदीय दलको नेता बनाउन उनले नेताहरुलाई आग्रह गरेका छन् ।

मुख्यमन्त्री राउतले वर्तमान सरकारलाई नै निरन्तरता दिन आग्रह गरिरहेको बेला जसपा नेपालका प्रदेश सांसदहरुले सरकार परिवर्तनका लागि आग्रह गरेका थिए । जसपा नेपालका १५ जना प्रदेश सांसदले शीर्ष नेताहरुलाई भेटेर मुख्यमन्त्री राउत नेतृत्वको सरकार असफल भइसकेको र यसलाई परिवर्तन गरि अर्को सरकार बनाउन आग्रह गरेका थिए ।

वर्तमान सरकारका अधिकांश मन्त्रीहरु भ्रष्टाचारमा लिप्त भएको, जनतासँग गरेको प्रतिवद्धताअनुसार काम नगरेको कारण प्रदेश मन्त्रिपरिषद् पुरै परिवर्तन गरी नयाँ बनाउन आवाज पनि उठेको छ । संसदीय दलका आकांक्षी हालका मुख्यमन्त्री राउतसहित जितेन्द्र सोनल, मनिष सुमन, योगेन्द्र राय यादव, विजय यादवलगायतका छन् । उनीहरुले आआफ्नो तर्फबाट लबिङ गरिरहेका छन् । अहिलेको सरकारमा सबभन्दा बढी आलोचना मुख्यमन्त्री राउत र अर्थ मन्त्री विजय यादवको भएको छ । दुईजनाको अन्तरद्वन्द्वका कारण प्रदेश २ का सरकार कमजोर भएको आरोप नेताहरुको छ ।

यसअघि पनि मुख्यमन्त्री पदका लागि यी दुईजनाबीच प्रतिस्पर्धा भएको थियो । प्रतिस्पर्धामा लालबाबु राउतले जितेपछि विजय यादवले त्यसलाई प्रतिष्ठाको विषय बनाएर सरकारमा मुख्यमन्त्रीलाई असहयोग गरिरहेका छन् । र, त्यो असहयोगका कारण पुरै सरकार कमजोर भएको त्यहाँका नेताहरु बताउँछन् ।

## जसपाको...

भ्रातृ संस्था र जिल्ला समितिहरुको समायोजन गर्न भने बाँकी नै छ । जसपाको केन्द्रीय समिति गठन गर्न गृहकार्य भइरहेको छ । जिल्लामा समायोजनका लागि निर्देशिका पठाइसकेपछि केन्द्रमा पनि नेताहरु छलफलमा जुटेका छन् । पूर्वसंघीय समाजवादी र पूर्वराजपा दुवैले आ-आफ्नो तयारी गरिरहेका छन् ।

मंसिर मसान्तसम्म समायोजन सकिसक्ने पार्टीको तयारी छ । केन्द्रीय समितिमा कसरी कार्यविभाजन गर्ने भन्नेबारे आन्तरिक छलफल भइरहेको छ ।

छट्टै केन्द्रीय समिति गठन हुने र त्यसले महाधिवेशन गर्ने जसपाका नेताको भनाइ छ । कोरोना भाइरसका कारण लकडाउन हुँदा पनि केन्द्रीय समिति गठन र संगठन समायोजनमा ढिलाइ हुन गएको उनको भनाइ छ ।

राजपाको ५३ र समाजवादी पार्टीको ७७ जिल्लामै जिल्ला समिति छ । राजपाको जिल्ला समिति नरहेका जिल्लामा पनि कार्यकर्ताहरु छन् । राजपाको जिल्ला समिति नभएको ठाउँका नेता तथा कार्यकर्ता समाजवादी पार्टीको जिल्ला समायोजनमा समाहित हुनेछन् । समायोजन निर्देशिकामा समायोजनको नीति तथा मापदण्ड प्रष्ट पारिएको छ ।

जसमा, 'समितिको अध्यक्षलगायत नेतृत्व चयन गर्दा सम्बन्धित स्थानका पार्टी सदस्य संख्या, मातहतका समितिहरु, भ्रातृ, जनवर्गीय संगठनहरुलगायत संगठनात्मक स्थिति, पछिल्लो निर्वाचन परिणाम र नेतृत्वमा प्रस्तावित व्यक्तिको वरिष्ठता, क्रियाशीलता, क्षमता, योगयता र प्रभाविकारिता' लाई मापदण्डका रुपमा लिनुपर्ने उल्लेख छ । सकेसम्म सहमतिमै समायोजन टुंगाउन पनि निर्देशिकामा भनिएको छ ।

समितिहरु समायोजन गर्दा एक व्यक्ति, एक प्रमुख जिम्मेवारी मात्र दिइने भएको छ । पदेनबाहेक दुई अलग तहका समितिमा रहेका व्यक्तिहरुलाई आफू रहने समिति छनोटको अवसर भने दिइने व्यवस्था गरिएको छ ।

त्यस्तै समितिमा पदाधिकारी चयन गर्दा सामुदायिक विशेषताअनुसार समावेशीतालाई ध्यान दिनुपर्ने, महिलाको संख्या अपुग भए महिलाबाटै स्थान पूर्ति गर्नेगरी स्थान खाली राख्नुपर्ने निर्देशिकामा उल्लेख छ ।

पार्टीले प्रदेश समिति तथा पहिचानमा आधारित राष्ट्रिय समिति पनि गठन गर्ने भएको छ । ती समिति गठनमा सहजीकरण गर्नका लागि केन्द्रीय कार्यदल खटाइने जनाइएको छ ।

प्रदेश र राष्ट्रिय समितिमा इन्चार्ज र सहइन्चार्ज केन्द्रीय कार्यकारिणी समिति नै तोक्ने समायोजन निर्देशिकामा उल्लेख छ । सहइन्चार्ज प्रदेशमा चारजना हुनेछन् भने राष्ट्रिय समितिमा भने आवश्यक्ताअनुसार तोक्न सकिने व्यवस्था गरिएको छ ।

त्यस्तै, जिल्ला समन्वय समिति र निर्वाचन क्षेत्र समन्वय समिति समायोजनका लागि एक तहमाथिको समितिले सहजीकरण गर्ने भएको छ । संघ र प्रदेशको निर्वाचनमा दुवै पार्टीले भाग लिएका ठाउँमा बढी मत प्राप्त गर्ने पार्टीले अध्यक्ष पाउने र अन्य पद आपसी सहमतिमा बाँड्ने निर्देशिकामा व्यवस्था छ ।

## आठै...

लागि प्रदेश सरकारले पटक पटक जिल्लामा रकमका साथै अन्य स्वास्थ्य उपकरण तथा सामग्री हरु पठाएपनि जिल्ला स्थित जिम्मेवारव्यक्तिहरुले सदुपयोग गर्न नसकेको गुनासो समेत गरे ।

प्रदेश सरकारले जिल्ला प्रशासन, अस्पताल लगायतलाई रकम उपलब्ध गराएपनि खर्च गर्न नसक्नु दुर्भाग्यपूर्ण रहेको उल्लेख गरे । उनले हामीले गर्न सक्ने र हाम्रो क्षमताले भ्याएसम्म कोरोना महामारी नियन्त्रणका लागि कुनै कसर बाँकी नराख्ने समेत बताए । उनले जनअपेक्षा अनुरुप आठ वटै जिल्लामा पिसिआर संचालनका लागि प्रक्रिया शुरु भई सकेको उल्लेख गर्दै भने, 'रौतहटमा जडान प्रक्रिया शुरु भैसकेको छ । बाँकी रहेको जिल्लामा समेत १५ दिनभित्र पिसिआर मेसिन संचालनमा आउँछ ।'

हालै जिल्लाहरुमा पठाइएको रकम कोरोना महामारी नियन्त्रणमा खर्च गर्न निर्देशन समेत दिए ।

कार्यक्रममा सामाजिक विकासमन्त्री नवल किशोर साहले स्वास्थ्य सामग्रीको कुनै आभाव हुन नदिने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा पूर्वस्वास्थ्य राज्यमन्त्री एवं विज्ञ समूहका सदस्य डा. सुरेन्द्र यादव, मुख्यन्यायाधिवक्ता दिपेन्द्र झा, सुरक्षा निकायका प्रदेश प्रमुखहरु, गौर, मलंगवा र हरिवनका मेयरहरु, रौतहट र सर्लाहीका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखहरु गौर र मलंगवा अस्पतालका प्रमुखहरु सहितको उपस्थिति रहेको थियो ।

कार्यक्रमका सहभागीहरुले कोरोना महामारीको वर्तमान अवस्था र अगामी दिनमा प्रदेश सरकारले चाल्नु पर्ने कदमहरुबारे आ-आफनो धारणा राखेका थिए ।

## प्रदेश...

पीसीआर जाँचको दायरा बढाइ प्रदेश २ का जनतालाई अविलम्ब उपचारका व्यवस्थापन गर्न विनम्र अनुरोध गर्द्छु ।' उनले भने ।

होइन भने जनताको रक्षाका लागि आफ्नै सरकारविरुद्ध आन्दोलन गर्न बाध्य हुनु नपरोस् भनी चेतावनीसमेत दिएका छन् ।






**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **डा.राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं